# महिला संस्था तथा सञ्जालहरुको लागि महिलावादी नेतृत्व विकास तालिम निर्देशिका

२०८३

**सहकार्य**

SUOMI
FINLAND

टेवाTewa

UN WOMEN

*टेवा, युएन वुमन र फिन्ल्यान्ड*

## परिचय

हाम्रो सामाजिक संरचना, परम्परागत विभेदकारी मुल्य मान्यता, सोच र व्यवहारका साथै परम्परागत हानीकारक अभ्यासहरुले गर्दा महिला तथा विविध लैंगिक पहिचान,क्षेत्र र समुदायका महिलाहरुको जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा गहिरो असर परेको छ । विशेषतः यस्ता मुल्य मान्यता, सोच, व्यवहार र अभ्यासका कारण नेपालको कर्णाली, मधेश र सुदूरपश्चिम प्रदेशका मधेशी, आदिवासी, जनजाति, दलित तथा सिमान्तकृत, एकल तथा अपाङ्गता भएका महिलाहरुको अवस्था अति नै चुनौतीपुर्ण रहेको हरेको छ । यी क्षेत्रहरूमा शिक्षा, स्वास्थ्य,आर्थिक सशक्तिकरण, राजनैतिक सहभागिता र निर्णय प्रक्रियामा महिलाको पहुँच तथा नियन्त्रण निक्कै नै सीमित मात्र रहेको छ । बालविवाह, बहुविवाह, लैंगिक हिंसा, छाउपडी, दाइजो प्रथा, परम्परागत हानीकारक अभ्यासका कारण यहाँका महिला, यौंनिक तथा लैंगिक अल्पसंख्यक समुदाय साथै वहिष्करणमा परेका समुदायले विभिन्न प्रकारका विभेद, दुर्व्यवहार तथा हिंसा भोगि रहेका छन् । यि विभेदपुर्ण अभ्यास र परम्परागत सोचले गर्दा महिला तथा यौंनिक तथा लैंगिक अल्पसंख्य समुदायको सामाजिक, आर्थिक, राजनैतिक सशक्तिकरण, क्षमता विकास तथा नेतृत्व विकासमा अवरोध पुर्याउनुका साथै विविध पहिचान, क्षेत्र र अवस्थाका महिलाहरूलाई भाषागत बुझाइमा कठिनाई, पर्याप्त पौष्टिणयुक्त खानपानमा लगायतमा न्यून पहुँच हुनु वा पहुँचै नहुनु जस्ता कुराले उनिहरु शारीरिक तथा मानसिक रूपमा झनै पछाडी पारिएका छन् । संरचनागत असमानता तथा सामाजिक नियन्त्रणले गर्दा विविध क्षेत्र,अवस्था र पहिचान भएका महिलाहरूको आत्मविश्वास तथा निर्णय क्षमता कुण्ठित भएको छ भने उनिहरुको अवस्थामा अझै पनि सोचे जस्तो परिवर्तन हुन सकेको छन् ।

## यस निर्देशिकाको उद्देश्य

यिनै पृष्ठभूमिहरूलाई मध्यनजर गर्दै तयार पारिएको यस **महिलावादी नेतृत्व विकास तालिम निर्देशिका**को मुल उद्देश्य भनेकै विविध क्षेत्र, पहिचान र अवस्थामा रहेका महिला तथा यौंनिक अल्पसंख्यक समुदायहरुलाई आत्मचिनारी, अधिकार प्रतिको सचेतना, सामाजिक तथा राजनैतिक नेतृत्व क्षमता र सामाजिक न्यायको दृष्टिकोणले सशक्त बनाउनु रहेको छ । महिलावादी दृष्टिकोणबाट तयार पारिएको यस तालिम निर्देशिकामा समावेश गरिएका विषयवस्तु र स्रोत सामग्रीले विविध पहिचान तथा पृष्ठभूमिका महिलाहरूको नेतृत्व विकास गर्न र उनिहरुको आत्मबल तथा आत्मविश्वास बढ्उँन सहयोग मिल्ने विश्वास लिइएको । यतीमात्र नभएर यस निर्देशिकामा समावेश गरिएका विषयवस्तुहरूको माध्यमद्धारा समुदायिक रुपान्तरण तथा स्थानीय स्तरमा नेतृत्व लिन सक्ने मानव स्रोत निर्माणमा सहयोग मिल्ने समेत उद्देश्य लिएको छ ।

यस तालिम निर्देशिका विशेषगरी समाजमा दबिइएका, उपेक्षित तथा वहिष्करणमा रहेका समुदायका विविधताका सवालहरू जस्तैः अपाङ्गता भएका महिला, एकल तथा दलित महिला, यौंनिक तथा लैंगिक अल्पसंख्यक, हिमाल, पहाड र तराई क्षेत्रमा रहेका महिला, दलित तथा वहिष्करणमा पारिएका महिलाहरुको भोगाइ र अनुभवहरुलाई समेट्दै यसमा थप स्पष्टतताका लागि सहयोगी हुने छ । सामुदायिक सशक्तिकरण तथा महिला तथा सिमान्तकृत समुदायको आवाज बुलन्द गर्न यस तालिम निर्देशिकको मध्यद्धारा सहयोग मिल्ने छ भन्ने विश्वास लिइ तयार पारिएको हो ।

**निर्देशिकाको उपादेयता**

यस निर्देशिका नेपालको विविध भौगोलिक क्षेत्र र सामाजिक सांस्कृतिक सन्दर्भमा आधारित रही तयार पारिएको छ। विशेषतः कर्णाली, मधेश र सुदूरपश्चिम प्रदेशका विविध पहिचान र पृष्ठभुमिका महिलाहरूलाई सशक्त बनाउँन अति नै उपयोगी साधनको रुपमा रहेको छ । यस निर्देशिकामा राखिएका विषयवस्तुहरुलाई सहजकर्ताले समय, स्थान र सहभागीको अनुभव र भोगाइको आधारमा सान्दर्भिक बाउँदै तालिम संचालन गर्ने सक्ने छन्।

**जस्तैः**

- **कर्णाली प्रदेशमा** शिक्षा र स्वास्थ्य जस्ता सवालमा महिलाहरू अझै पनि पछाडि पारिएको अवस्था छ। त्यसैले तालिमा त्यहाँका स्थानीय जिवन इतिहास तथा कथाहरु समावेश गरि छलफल गर्ने जसले गर्दा उनीहरूको आत्मविश्वास, अभिव्यक्ति र निर्णय क्षमताको विकास गर्न मद्दत पुग्ने छ।

- **मधेश प्रदेश**मा परम्परागत हामीकारक अभ्यासहरु जस्तैः बालविवाह, दाइजो प्रथा, बोक्सीको आरोप महिलामाथि शारिरीक, मानसिक तथा यौन हिंसा तथा दुर्वयहार र लाञ्छना, महिलाको सामाजिक तथा राजनैतिक सहभागितामा कमी , स्वास्थ्य, शिक्षा र आत्मनिर्भरतामा कमी आदि रहेका छन । यहाँका महिलाहरुले भोग्नु परेका विभिन्न अवरोधहरुको विद्यमान अवस्थामा यस तालिमा निर्देशिकामा समावेश गरिएका विषयवस्तुको माध्यद्धारा यस्ता परम्परागत अभ्यासहरु विरुद्ध आवाज सशक्ति बनाउँन स्थानीय नेतृत्व तयार पार्न र अन्तरविविधताका सावलहरुमा सचेतना विकासमा सहयोग पुग्ने छ।

- **सुदूरपश्चिम प्रदेश**मा छाउपडी प्रथा, बालविवाह र घरेलु हिंसाका जस्ता अभ्यासहरु अझै गम्भीर रुपमा रहेका छन्। यस तालिम निर्देशिकामा समावेश गरिएक विषयवस्तुहरूले महिलालाई आत्मरक्षा, कानूनको जानकारी र सहकार्य जस्ता कुरामा क्षमता विकास गर्न सहयोग पुग्ने छ।

समग्रमा भन्नु पर्दा यस तालिम निर्देशिकाको प्रयोगबाट विविध क्षेत्र, पहिचान र अवस्थामा रहेका महिला तथा यौनिक तथा लैंगिक अल्पसंख्यहरूको नेतृत्व क्षमतालाई निखार्दै, उनीहरूलाई सामाजिक रूपान्तरणका अभियान्त रूपमा स्थापित गर्ने महत्वपूर्ण साधनको रुपमा रहको छ । यसले अन्तरविविधताका महिला तथा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सदस्यको समावेशीकरण र सशक्तिकरणबाट सुरुवात गर्दै सामुदायिक तथा संस्थागत रूपान्तरणसम्म पुऱ्याउने लक्ष्य बोकेको छ। अन्तरविविध समुदाय, क्षेत्रका र अवस्थाका महिलाहरू तथा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका महिलाहरु साथै विभिन्न जातजाती र पहिचानका समुदायको आत्मबल र नेतृत्व विकासमा सहयोग पुर्याउँने छ। अन्याय र विभेद विरुद्ध नेतृत्व लिन सक्ने मानवस्रोत निर्माणका लागि सहयोग पुर्याउँनुका साथै महिलालाई निर्णय प्रक्रियामा भाग लिने हौसला र सीप मिल्ने छ। यस तालिम निर्देशिकामा समावेश गरिएका विषयवस्तुहरुले सामाजिक परिवर्तन तथा लैंगिक रुपान्तरण ल्याउँन सक्ने महिला नेतृत्वकर्ताहरु तयार गर्ने छ।

अन्तमा भन्नु पर्दा यस तालिम निर्देशिकामा समेटिएका विषयवस्तुको माध्यमद्धारा अन्तरविविधताका महिला तथा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको सवालहरुमा थप स्पष्टता ल्याउँने छ र उनिहरुको नेतृत्व विकास गर्दै सामाजिक, राजनैतिक सशक्तिकरण गर्दै सामाजिक परिवर्तन तर्फ उन्मुख नेतृत्वको आधारशिला तयार गर्ने छ ।

**निर्देशिकामा समेटिएका प्रमुख विषयवस्तुहरू:**

- महिलावादी सिद्धान्त र यसको आवश्यकता
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण
- आत्म-चिनारी र आत्मबल विकास
- संवाद, सहकार्य र संजाल निर्माणको कौशल
- नेतृत्वका विविध शैली र रणनीति
- निर्णय प्रक्रियामा सहभागिता
- स्थानीय तहहरुलाई लैंगिक समानता तथा समाजिक समावेशिकरणमैत्रि बनाउँन महिलाको राजनीतिमा पहूँच र भूमिका आदि ।

**तालिम निर्देशिकामा समावेश गरिएको मुख्य भागहरू**

- भूमिका
- निर्देशिकाको प्रयोग गर्ने तरिका
- तालिम व्यवस्थापकले ध्यान दिनुपर्ने कुराहरू
- तालिमको उद्देश्य
- तालिम तालिका / कार्यक्रम तालिका
- पाठ्यक्रम / पाठ योजना
- विषयवस्तु विवरण
- अभ्यास र समूह कार्य
- मूल्यांकन तरिका
- सन्दर्भ सामग्री

**विषय सूची**


| क्र स | शीर्षक | समय | **पेज नं** |
|---|---|---|---|
| १ | तालिम निर्देशिकाबारे जानकारी, निर्देशिकाको उद्देश्य निर्देशिकाको उपादेयता, प्रयोग गर्ने तरिका, समय अवधि र तालिम व्यवस्थापकले ध्यान दिनुपर्ने कुराहरु | | |
| | **विषयगत सत्र विभाजन** | | |
| १. | सत्र १<br>उदघाटन, स्वागत तथा परिचय, तालिमको उद्देश्यमाथि प्रकास पुर्व परिक्षा | १ घन्टा ३० मिनेट | |
| २. | सत्र २<br>समुह, सामुहिक कार्य र सामुदायिक विकासको पृष्ठभूमि र अवधारणा<br>सामुदायिक सुरक्षाजालो पृष्ठभूमि र अवधारणा | १ घन्टा ३० मिनेट | |
| ३. | सत्र ३<br>लिङ्ग, लैङ्गिकता र यौनिकता अवधारणा, लैंगिक विभेद, हाम्रो सामाजिककरण प्रक्रिया यसको कारण, असर तथा प्रभाव | १ घन्टा ३० मिनेट | |
| ४. | सत्र ४<br>लैंगिक पहिचान, यौनिक तथा लैंगिक अल्पसंख्यक प्रति रहेको सामाजिक व्यवहार, मिथ भ्रम र वास्तविकता | १ घन्टा ३० मिनेट | |
| ५. | सत्र ५<br>अन्तर विविधता, अन्तरसम्बद्धता र सामाजिक समावेशिकरण र मुलप्रवाहिकरणका तरिकाहरू अवधारणा र आवश्यकता | १ घन्टा ३० मिनेट | |
| ६. | सत्र ६ | १ घन्टा ३० मिनेट | |

| | | | |
|---|---|---|---|
| | लैंगिक भूमिका, सामाजिक मुल्यमान्यता र हेरचाह कार्य | | |
| ७. | सत्र ७<br>पितृसत्ता र शक्ति सम्बन्ध विश्लेषण पितृसत्ताका प्रकारहरू | १ घन्टा ३० मिनेट | |
| ८ | सत्र ८<br>स्थानीय तह योजना निर्माण समयरेखा, प्रक्रिया र चरण, योजना निर्माणका चरणमा लैंगिकताका सवालहरुको समावेश कहाँ, कहिले र कसरी | १ घन्टा ३० मिनेट | |
| ९ | सत्र ९<br>लैङ्गिक उत्तरदायी बजेट अवधारणा, पृष्ठभूमि, उद्देश्य र आवश्यकता<br>नेपालमा लैंगिक उत्तरदायी बजेटको अभ्यासको अवस्था बजेट तथा योजना | १ घन्टा ३० मिनेट | |
| १० | सत्र १०<br>लैङ्गिक उत्तरदायी योजना र बजेटको कोडिङ् | १ घन्टा ३० मिनेट | |
| ११ | सत्र ११<br>स्थानीय तहको संरचना ( जिल्ला, गाउँपालिका/नगरपालिका, वडास्तर आदि) र तिनको काम कर्तव्य जिम्मेवारी र अधिकार | १ घन्टा ३० मिनेट | |
| १२ | सत्र १२<br>स्थानीय तहका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा सम्पर्क व्यक्ति अर्थात लैंगिक सम्पर्क व्यक्तिको जिम्मेवारी र सामुदायिक समुह बिचको सम्बन्ध किन महत्वपुर्ण छ | १ घन्टा ३० मिनेट | |
| १३ | सत्र १३<br>लैंगिक हिंसा आपतकाली कोश र हिंसा पिडित प्रभावितहरुको त्यहाँसम्मको पहुँचका लागि सहजिकरण | | |
| १४ | सत्र १४ | १ घन्टा ३० मिनेट | |

| | | | |
|---|---|---|---|
| | स्थानीय तहका सरोकारवालाहरु र सहयोगी संयन्त्र नक्साङ्क तथा पहिचान | | |
| १५ | सत्र १५<br>नेपालले महिला अधिकार तथा लैगिक समानता तथा सामाजिक समावेशिकरणको गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू साथै कानूनी व्यवस्थाहरू | १ घन्टा ३० मिनेट | |
| १६ | सत्रः १६<br>स्थानीय तहमा लैंगिक समानता तथा समाजिक समावेशीकरण प्रवर्द्धनका लागि नीति, रणनीति र परीक्षण सम्बन्धमा स्पष्टता विषेशतः लैंगिक समानता नीति तथा रणनीति र लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण अर्थात जेसी अडिटमा स्पष्टता Strategic Intervention tools | | |
| १७ | सत्र १७<br>विश्वमा र नेपालमा महिलावादी आन्दोलनः इतिहास, उपलब्धि, चुनौति अबको पहल। | १ घन्टा ३० मिनेट | |
| १८ | सत्र १८<br>नेपालको महिलावादी आन्दोलन र विविध अधिकारका आन्दोलनहरुको अन्तर सम्बन्ध र सुधारका पक्षहरु विश्लेषण | १ घन्टा ३० मिनेट | |
| १८ | सत्र १९<br>महिलावादी नेतृत्व अवधारणा र दृष्टिकोणबाट सामूहिक नेतृत्व | १ घन्टा ३० मिनेट | |
| १९ | सत्र २०<br>पैरवी के, किन र कसरी गर्ने, पैरवी चक्र तथा पैरवीका सरोकारवाल पहिचान र पैरवी गर्दा आउँन सक्ने चुनौती र समाधानका उपायहरु | १ घन्टा ३० मिनेट | |
| २० | सत्र २१<br>पैरवी र महिलावादी आवाजको सुदृढीकरण | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | तालिम पश्चात परिक्षा तथा तालिमको समापन | | |

# महिला संस्था तथा सञ्जालको क्षमता विकास तालिम निर्देशिका

# महिलावादी नेतृत्व विकास तालिम निर्देशिकाको

**भूमिकाः**

सामुदायिक समुह, संजाल तथा संस्थाहरुमा आबद्ध तथा विभिन्न औपचारिक र अनौपचारिक संस्था, सञ्जालका आदिवासी, जनजाति, दलित, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, अपाङ्गता भएका महिला, मधेसी, मुस्लिम, एकल महिला लगायतका विविधता सवालमा काम अभियान्ताहरूको आवश्यकतालाई मध्यनजर गदै महिला संस्था तथा सञ्जालको क्षमता विकास तालिम निर्देशिका (२०८१) तयार पारिएको हो। यो तालिम निर्देशिका ग्रामीण तथा शहरी क्षेत्रका सामुदायिक सुरक्षा जालोमा आबद्ध सदस्य तथा महिलावादी अभियानकर्ताहरू साथै महिलाहरुले नेतृत्व गरेका संस्थाहरू, सञ्जालहरू र समुहहरूलाई तालिम दिई प्रशिक्षकको रुपमा विकास गर्न तयार गरिएको हो।

**तालिम निर्देशिका प्रयोग गर्ने तरिकाः**

यो तालिम निर्देशिका प्रयोग गरी तालिम दिने सहजकर्ताहरूले तालिम दिनु पूर्व प्रत्येक दिनको सत्रहरूको संरचना, उद्देश्य, सत्र संचालन विधि, तालिम सामग्री, सहजकर्ताको लागि सहयोग सामग्री तयारी गर्नु पर्दछ। सहजकर्ताले विषयवस्तुलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्न विषयवस्तुसँग सम्बन्धित सन्दर्भ सामाग्रीहरू अध्ययन गर्नु पर्दछ।

**तालिम व्यवस्थापकले ध्यान दिनुपर्ने कुराहरूः**

- तालिम व्यवस्थापकले तालिम दिने स्थान, सुविधा, सहभागीको सङ्ख्या आदिबारेमा जानकारी राख्नुपर्छ।
- एक दिनमा कम्तीमा आठ घण्टाको तालिम योजना बनाउनु पर्छ।
- तालिममा खाजा र खानाको व्यवस्था हुनुपर्छ।
- शुरूको पुनरावलोकनको सत्र सकेसम्म ३० मिनेटको मात्र राख्नु पर्दछ।
- तालिमको लागि आवश्यक सामग्री विषयवस्तु हेरी व्यवस्था गर्नु पर्दछ जस्तैः विभिन्न सामुदायिक समुह तथा संजालोका असल अभ्यासहरूको कथा तथा भिडियो देखाएर आदि लगायत यस्ता अभ्यासहरुको अन्य सन्दर्भ सामाग्रीको समेत प्रयोग गरि सहभागीहरूलाई प्रष्ट बनाउँने।

**तालिम अवधिमा ध्यान दिनुपर्ने कुराहरूः**

**१. तालिम सत्रको शुरुवातः**

**समय व्यवस्थापनः** तालिमलाई लैंगिकमैत्री बनाउने र सोही अनुसार समयको व्यवस्थापन गर्नु महत्वपूर्ण हुन्छ । तालिमको शुरूवात र समापन निर्धारित समयमा गर्ने, तालिम अवधिभरी सहजकर्ताले सहभागीहरुको सकृय सहभागिताको लागि प्रेरित गर्दै सत्र व्यवस्थापन गर्ने ।

**तालिम सामग्रीको प्रयोगः** सत्रमा प्रयोग हुने सामग्रीहरूको पुर्व तयारी र त्यसको पुर्व प्रयोग गरेर मात्र तालिमको प्रभावकारिता बढ्ने हुनाले सहजकर्ताले तालिम सामग्रीहरुको व्यवस्थापन सत्रको पुर्व गर्ने र यसको प्रयोग समेत गरि तयारी अवस्थामा राख्ने ।

**वातावरणः** तालिम शुरु गर्दा तालिमका लागि उचित वातावरण ( जस्तैः हलमा उज्यालोको व्यवस्था, हावा आउँने व्यवस्था,लैंगिकमैत्री शौंचालय, सानो बच्चाको आमा सहभागी भए बच्चाको लागि स्थनपान कक्ष र प्रर्याप्त समय, मौसम अनुसार आवश्यक उपकरणहरू, पङ्खा, हिटर, पानी, सेनिटरी प्याड सहितको प्राथमिक उपचार सामाग्री आदिको तयार राख्ने ।

**तालिमको प्रभावकारीताः** तालिमलाई प्रभावकारी बनाउन तालिम अवधिभर लैंगिकमैत्री खेलहरु, भाषाशैली, विविध पहिचान र अनुभव भएका महिलाहरु तथा यौनिक तथा लैंगिक अल्पसंख्या, अपाङ्गता भएका महिला वा अन्य भौगोलिक स्थान र परिवेशका सहभागीहरुको अनुभव र भोगाइ आदानप्रदान, छलफल, चित्र लेखन, महिला सशक्तिकरणका कथा, स्थानीय मिडियामा प्रकाशन भएका लेख तथा प्रशाण भएका कुनै साना ठुला वृत्तचित्र आदिको प्रयोग गरि सहभागीहरुलाई समूह कार्यहरु र छलफल गराउँने जस्ता विविधहरू अपनाउँदै सक्रिय सहभागिता गराउन सकिन्छ । यस्ता तरीकाहरू सन्देशमूलक, मनोरञ्जनात्मक भएमा अझ प्रभावकारी हुन्छन् ।

**तालीममा विविधता र जवाफदेहीताः** तालिमलाई समावेशी बनाउनको लागि सहभागीहरू छनौट गर्दा लैंगिक विविधता तथा महिलाभित्रको अन्तरविविधताको आधारमा छनौट गर्नु पर्दछ । तालीमलाई प्रभावकारी र उपलब्धिमुलक बनाउँनु सबैको बराबरी जिम्मेवारी हुने भएको ले सबैको साथ र सहयोग उत्तिकै महत्वपुर्ण हुन्छ भन्ने कुरालाई ध्यान दिने ।

**सत्रको मुल्याङ्कन र निष्कर्षः** प्रत्येक सत्रको अन्त्यमा सहभागीहरुको केहि थप जिज्ञासा भए नभएको सोध्ने र सत्रको मुख्य सन्देश बुझे नबुझेको सुनिश्चित गर्दै सत्रको छोटकरीमा व्याख्या गर्नु पर्छ । प्रत्येक सत्रको विषयवस्तु बुझे नबुझेको कुरा जानकारी लिनको लागि सत्रको अन्त्यमा मुल्यांङ्कन गर्नु पर्छ ।

**तालिम मूल्याङ्कनः** निश्चित उद्देश्यका साथ तालिम सञ्चालन गरिने भएको हुने उक्त उद्देश्य पुरा भए नभएको जानकारी लिने माध्यम नै तालिमको मूल्याङ्कन हो । त्यसैले तालिमको अन्त्यमा मूल्याकंन गर्नुपर्छ र तालिम मुल्याकंनबाट आएको पृष्ठपोषणको आधारमा आवश्यक सुधार गर्न सकिन्छ ।

**तालिमपुर्व परिक्षणः**

तालीमका सहभागीहरूका विषयवस्तुहरूबारे बुझाईको अवस्था जान्न तालिमको मुख्य विषयबस्तुमा प्रवेश गर्नु अघि सानो तालिम पुर्व परिक्षा लिनुपर्छ । यसको लागि सरल भाषा र उपयुक्त ढाँचामा प्रश्नावली तयार गरी सहभागीहरूलाई दिनुपर्छ । तालिम पूर्व र पश्चात परिक्षाको विश्लेषण गरी तालिम प्रतिवेदनमा समावेश गर्नुपर्छ ।

**तालिम पश्चात परिक्षणः**

पूर्व परिक्षामा सोधेकै प्रश्नावली प्रयोग गर्नुपर्छ जसले गर्दा सहभागीको बुझाई तथा सिकाइका स्तर बुझ्न र तालिमको प्रभावकारिता मापन गर्न सकिन्छ । यो एउटा स्वमूल्याकंन गर्ने तरिका पनि हो । त्यसैगरी पूर्व र पश्चात परिक्षाको विश्लेषण गरी तालिम प्रतिवेदनमा समावेश गर्नुपर्छ ।

**तालिमको फलोअपः**

तालिम ज्ञान, सीप, क्षमता र धारणामा सकारात्मक परिवर्तन गर्ने माध्यम भएको ले तालिम पश्चात सहभागीले आफ्नो दैनिक जीवनमा तालिममा सिकेको कुराहरू के कसरी लागु गरे वा गरेनन् वा सिकेको कुराहरू लागु गर्न के कठिनाइहरू आयो भनेर जानकारी लिन र भविष्यमा योजना बनाउन सजिलो होस् भनी तालिमपछि यसको फलोअप गर्नुपर्छ । तालिमको फलोअप कम्तिमा तीन महिनादेखि छ महिना भित्रमा गर्नु राम्रो मानिन्छ ।

**पहिलो दिन**

**सत्रः १ स्वागत, उदघाटन तथा परिचयात्मक कार्यक्रम साथै तालिम पुर्व परिक्षा**

**समयः १ घण्टा ३० मिनेट**

आयोजकको तर्फबाट सहभागीहरूलाई स्वागत गर्दै तालिमको उद्देश्यहरू ब्राउन पेपरमा लेखेर टाँस्ने र वाचन गर्ने । तालिमको मूल्य मान्यताहरूको बारेमा बताउने ।

जस्तैः

**तालिमको उद्देश्यहरूः**

- महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक तथा अन्य विविध क्षेत्र, पहिचान र भौगोलीक तथा सामाजिक अवस्थामा रहेका संस्था तथा सञ्जालका सदस्यहरूलाई महिला अधिकारका तथा मानव अधिकार, नेतृत्व

विकास तथा पैरवी, स्थानीय तहमा बनाईने योजना तथा बजेट लगायत विविध सवाल तथा विषयमा ज्ञान निर्माण गर्ने ।

- हाम्रो समाजमा रहेको पितृसत्तात्म सोच, संरचना तथा अभ्यासले पारेको प्रभावबारे विश्लेषण गरी यसका समाधानका उपायहरुको खोजी गर्दै यस्ता अभ्यासहरुको अन्त्यका लागि पहल गर्ने ।
- महिलावादी आन्दोलनलाई अझ बलियो बनाउँदै विविध पहिचान र अवस्थाका व्यक्तिहरु विषेशतः महिला यौंनिक तथा लैंगिक अल्पसंख्यक अपाङ्गता भएका साथै सामुदायीक वहिष्करणमा पारिएकाहरुको सामाजिक आर्थिक तथा राजनैती नेतृत्व विकासमा सहयोग पुर्याउँने ।
- संघिय संरचान अनुसार स्थानीय तहहरुको भूमिका र जिम्मेवारीबारे जानकारी गराउँनुका साथै स्थानीय तहहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको सुनिश्चितताको लागि जिम्मेवार र उत्तरदायी बनाउँन र स्थानीय तहका निती योजना तथा बजेट लैंगिक उत्तरदायी बनाउँन पैरवि गर्ने सहयोग पुर्याउँने ।
- विविध समुदाय र अवस्थामा रहेका अन्तरविविध महिला तथा सामाजिक वहिष्करणमा पारिएका वर्गहरुको सशक्तिकरणमा टेवा पुर्याउने ।
- अन्तरविविधताका महिला अधिकारका सवाल र विषय वस्तुमा सामुदायीक सचेतना तथा यस्ता अन्तरविविध सवालहरु सम्बोधनका लागि सरोकारवालाहरूसँग दबाव तथा पैरवी गर्ने ।
- अन्तरविविधता र समाजिक समावेशीकरण जस्ता सवालहरुको लागि समुदाय स्तरदेखी नै काम गर्दै आएका सामुदायीक संस्था तथा सञ्जालहरूको क्षमता विकास गर्ने ।
- महिलावादी नेतृत्व क्षमता विकास गराउँनुका साथै अगामी वर्षहरुमा हुने संघ, प्रदेश र स्थानीय तहहरु हरेक निर्वाचनका लागि सामुदाय स्तरबाट नै नेतृत्व तयार गर्ने ।

**तालिमको मूल्य मान्यताहरू:**

- अन्तरविविधता र लैंगिक समानता तथा सामाजिक समावेशिताको सुनिश्चिता गर्ने ।
- सबैको लैंगिक पहिचान,भाषा, संस्कृति, मूल्य, मान्यतालाई कदर गर्ने ।
- विविध पहिचान र अवस्थाका समुह तथा सदस्यहरुको तर्क र विचारलाई सम्मान गर्ने साथै अन्तरविविधताको सुनिश्चितता गर्न् ।
- महिलावादी मूल्य मान्यताको सुनिश्चित गर्ने जस्तैः विविधतामा एकता, समावेशीकता, समानता, आत्मसम्मान गोपनियता, शान्ति र सुरक्षा आदि ।

**परिचयः**

**उद्देश्यः** यस सत्रको उद्देश्य सहभागीहरूलाई एक अर्कासँग परिचय गराउँदै सिकाइको वातावरणलाई सहज बनाउनुको साथै सहजकर्ताले सहभागीहरूलाई बुझ्नु हो ।

**क्रियाकलापः अनुभव साटासाट**

जति सहभागी हुन्छन्, त्यति वटा कागज सानो सानो टुक्रा बनाउने । दुई वटा कागजको टुक्रामा समान शब्द लेख्ने जस्तैः समानता, समावेशिता, मानव अधिकार आदि शब्दलाई दुई दुई वटा कागजका टुक्राहरूमा लेख्ने । सबै कागजको टुक्राहरूलाई एउँटा बकसमा राख्ने । सहभागीहरूलाई एक एक टुक्रा लिन लगाउने । समान शब्द भएको सहभागीहरूलाई एक ठाउँमा बस्न लगाउने । जस्तैः दुई वटा कागजको टुक्राहरूमा समानता लेखिएको हुन्छ । दुवै जना एक ठाउँमा बस्ने र उनीहरूलाई ५ मिनेटको समय दिएर एकअर्काबारे बुझ्न लगाउने र दुवैले एकले अर्कोको परिचय पालै पालो दिन लगाउने । सबै सहभागीहरूलाई यसरी नै एकअर्काको परिचय दिन लगाउने । यसरी परिचय दिदाँ एक अर्काको परिचय सँगै उनीहरूको काम, खुबी, मनपर्ने कुराहरू, र रुचि आदिबारे सबैलाई अवगत हुनेछन् ।

**सत्रः २ समुह, सामुहिक कार्य र सामुदायिक विकासको अवधारणा र पृष्ठभूमि साथै सामुदायिक सुरक्षा जालोको अवधारणा**

**समयः १ घण्टा ३० मिनेट**

**उद्देश्यहरुः** समुह तथा संजालका सदस्यहरुलाई समुह र सामुहिका कार्यको अवधारणा, महत्त्व, सिद्धान्त, प्रक्रिया, तथा व्यवहारिक पक्षबारे थप स्पष्ट बनाउँनु र सामुहिक कार्यको शक्ति र समुह सफल कसरी हुन सक्छ भन्ने बारेमा अवधारणागत स्पष्टता गराउँने । साथै सहभागीहरुलाई सामुदायिक विकास र महत्वपूर्णबारे बुझ्न सक्ने र समुह तथा संजालको भूमिका कस्तो हुनु पर्दछ भन्ने जस्ता कुराबारे अवधारणागत जानकारी गराउँने रहेको छ ।

साथै यस सत्रको माध्यमद्धारा सहभागीहरुलाई समुदायका अन्तरविविधताका सवालहरुको पहिचान गर्दै समुदायीक नेतृत्व लिन सक्ने बनाउँनुका साथै सहभागीहरुले आफ्नो स्थानीय तहहरुले निर्माण गर्ने वार्षिक योजना, कार्यक्रम तथा बजेटहरु लैंगिकमैत्रि बनाउँन समेत पैरवी गर्न सक्ने बनाउँने उद्देश्य रहेको छ ।

**क्रियाकलापहरुः**

- सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गरि समूह र सामुहिक कार्य सम्बन्धमा उनिहरुको अनुभव र विचारहरू साटासाटा गर्न लगाउँने
- अथवा सहजकर्ताले कुनै वास्तविक वा काल्पनिक कथा तयार गरि यो कथामा समूहले कसरी काम गरेको छ भन्न लगाउँने
- अथवा सहकार्यको आवश्यकता किन पर्दछ भन्ने खेल पनि खेलाउँन सकिन्छ

***नोटः  यसका लागि सहजकर्ताले विभिन्न खेल तथा कथाहरु पहिले नै तयार गर्नु पर्दछ ।***

**सन्दर्भ सामाग्रीः**

**समूहको अर्थः** समुह भन्नाले समान उद्देश्य, रुचि वा लक्ष्य भएका व्यक्तिहरूको संयोजनलाई जनाइन्छ । समूहका सदस्यहरू बीच अन्तरक्रिया, सहयोग र विचार आदानप्रदान हुने गर्नुका साथै सामुहिक भावना रहेको हुन्छ ।

**सामुदायी संस्था तथा समुहभनेका के हुन र यिनका प्रमुख विशेषताहरू:**

- साझा लक्ष्य (जस्तै: महिला अधिकारका एक जुट भई विभिन्न अभियानहरु गर्नु वा लैंगिक नीति निर्माणको लागि सरकारसंग पैरवी तथा दबावमुलक कार्यक्रमहरु आदि)
- सदस्यहरूबीच नियमित छलफल अनुभव आदान प्रदान र अन्तरक्रिया हुनु
- समुहको नियम सदस्यहरुको भूमिका र जिम्मेवारीहरू स्पष्ट हुनु
- संजालीकरण तथा सामाजिक सम्बन्धहरू बलियो हुनु
- साझा उद्देश्य प्राप्तिकालागि सधै अग्रसर हुनु
- स्पष्ट वक्ता, इमानदारिता,  आनुशाशित र परेको समस्याहरू खुलस्त छलफल गर्न सक्ने हुनु
- नेतृत्व र जिम्मेवारि लिने दिने , सहयोगी र उत्प्रेरित गर्न सक्ने हुनु आदि ।

**समुहका किसिम:**

- औपचारिक समुह: विद्यालयका विध्यार्थिहरु वा कुनै कार्यालका कर्मचारीहरु
- अनौपचारिक समुह: साथीहरूको समूह, आमा समुह, बचत समुह, महिला सहकारी,  निगरानी समुह,  हाम्रो परिवार आदि ।
- सामाजिक समुहः कुनै क्लब, सामाजिक संघ संस्था वा संजाल, सामुदायीक सुरक्षा जालो आदि ।

**सामुहिक कार्यको अर्थ:**

सामुहिक कार्य भन्नाले समुहका सबै सदस्यहरू मिलेर साझा उद्देश्य प्राप्तका लागि गर्ने समन्वयान्तमक कार्य वा प्रयास हो जहाँ सबै बराबर योगदान महत्वपूर्ण रहन्छ । अर्थात सामुहिक कार्य भनेको व्यक्तिहरूबीच एकता, सहयोग र समन्वय हो जसले व्यक्तिगत तथा समुहगत सफलता प्राप्तिका लागि सहयोग हुन्छ ।

**सामुहिक कार्यका फाइदाहरू:**

- कुनै पनि समस्या समाधानमा विविध दृष्टिकोण दिन सक्नु
- समय र स्रोतको प्रभावकारी उपयोग हुनु
- नेतृत्व विकास र जवाफदेहिताको भावना जागृत हुन्छ

**सामुहिक कार्यको सफलताका लागि आवश्यक तत्वहरू:**

- स्पष्ट उद्देश्य र प्रभावकारी संचार
- नेतृत्व हस्तान्तरण र जिम्मेवारी बढ्फाढ
- पारस्परिक आदर सम्मान विश्वास र जवाफदेहिता
- सहकार्य र समन्वय साथै सम्बन्ध बिस्तार

समुह र सामुहिक कार्य गर्नाले केबल एक व्यक्तिलाई मात्र होइन, समाज र संजाल तथा संस्थागत विकासमा महत्वपूर्ण भूमिका खेल्नु का साथै सफल समुह र सामुहिक कार्यबाट सृजनशीलता, सहकार्य, र समाधानका विविध सोच प्रवर्द्धन हुन्छ जसले सामुदायिक विकासको अवधारण विकास गर्न सहयोग मिल्दछ ।

## सामुदायिक विकासको अर्थ

समुदायिक विकास भन्नाले एउँटै सामाजिक इकाइ भित्र बसोवास गर्ने महिला, पुरुष, यौंनिक तथा लैंगिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिका, किशोरकिशोरी, जेष्ठ नागरिक, विविध धर्म संस्कृति, रितिरिवाज र पहिचान /भएका व्यक्तिहरुको सामुहिक हितका लागि गरिने कार्य नै सामुदायीक विकास हो । यसका लागि समुदायमा रहेका सबैले आफ्ना साझा पहिचान तथा सवाल स्थापनका लागि सहयोग समान भूमिका निर्वाह गर्नु पर्दछ जसले हामी र हाम्रो समुदाय भन्ने भावनाको विकास हुन्छ ।

## सामुदायिक विकासको उद्देश्य

- सामाजिक सहभागिता बढाउनुका साथै समुदायका सबैको सहभागिता सुनिश्चित गर्ने
- समुदायमा विद्यमान रहेका लैंगिक असामनता, विभेद तथा समस्याहरुको पहिचान तथा त्यसका लागि आवश्यक स्थानीय स्रोत-साधनको खोजि गरि समस्याहरु समाधान गर्ने
- समुदायलाई बाह्य सहयोग बिना नै दीर्घकालीन समाधान निकाल्ने क्षमता विकास गराउने अर्थात आत्मनिर्भरता बनाउँन

- समुदायमा रहेका विविध पहिचान र यसका अन्तरविविध सावलहरुमा सबै वर्ग, जातजाति लैंगिक पहिचान भएका व्यक्ति तथा समुहहरुको सहभागिता सुनिश्चित गर्दै लैंगिक समानता तथा सामाजिक समावेशिकरण र सुनिश्चितता गर्ने

**नेपालमा सामुदायिक विकासका कार्यक्रमहरु केहि उदाहरण**

सामुदायिक वन कार्यक्रम, सामुदायिक स्वास्थ्य कार्यक्रम अन्तरगत महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रम, महिला सशक्तिकरण कार्यक्रम, स्थानीय तहमा योजना निर्माण र कार्यान्वयनमा समुदायको सहभागीता, महिला अधिकार तथा यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको अधिकार लगायत अन्य अन्तरविविधता सवालहरुको सुनिश्चताका लागि विभिन्न अभियानमुलका कार्यक्रमहरु आदि ।

**सामुदायिक विकासमा सामुदायिक सुरक्षा जालोको भूमिका**

समुदायका सदस्यहरूले एकअर्काको साथ र सहयोगका लागि अगाडि सर्छन् र कोभिड—१९ जस्ता कुनै पनि प्रकोप, जोखिम वा हिंसाहरूको सामना गरेर पुनः पूर्वअस्थामा नै फर्किनको लागि आफ्नो क्षमता अभिवृद्धि गर्दछन् । यसले विभिन्न औपचारिक तथा अनौपचारिक संजाल र विषयगत समुहहरूमार्फत समाजमा विद्यमान वा भवितव्य कठिनाइका समयमा समुदाय र यसको सदस्यहरू (विशेषगरी महिला, बालबालिका र अन्य संवेदनशील समुहहरू) को सुरक्षा जालोको रुपमा काम गर्दछ । यस्तो अवस्थामा साथ र सहयोग प्रदान गरी एक सुरक्षित स्थानको सिर्जना गर्दछ । साथै सामुदायिक सुरक्षाजालोले परिष्कृत वार्ता, पैरवी, क्षमता विकास, समुदायको स्रोतमा पहुँच र नियन्त्रणलाई सुनिश्चित गर्दछ । स्थानीय समुदायको सामाजिक पुँजी सबल र सक्षम पार्दछ यो नै सामुदायिक सुरक्षा जालो हो ।

**सामुदायिक सुरक्षा जालो किन आवश्यक छ ?**

समुदायहरू सामान्यतया प्रचलनमा रहेका परम्परागत सुरक्षा जालोमा भर पर्ने गर्दछन् । यसरी सुरक्षा जालोमा रहने भनेको दुःख सुखमा साथ दिने छिमेकी, नाता सम्बन्धको व्यक्तिहरू नै हुन्छन् । तर बद्लिदो समयमा प्राकृतिक तथा कृत्रिम प्रकोपका कारण समाजमा आइपर्ने विभिन्न चुनौति र कठिनाइहरूले गर्दा यस्ता परम्परागत सुरक्षा जालोहरूको अवस्था खस्किदै आएको देख्न सकिन्छ ।

नेपाली समाजले दश वर्षे लामो जनयुद्ध,कोभिड–१९ को प्रभाव, जलवायु परिवर्तन, साइबर हिंसाका कारण, सहकारी ठगी वा अन्य महामारी जस्ता विविध घटना र यसका असरहरूको सामना गर्नु परिरहेको छ । साथै समाजमा विद्यमान पितृसत्तात्मक संरचना, सोच र मूल्य मान्यताले महिलामाथि हुने गरेको हिंसाको कहाली लाग्दो अवस्था छ । साथै जातीय विभेद तथा छुवाछुतले दलित महिलाहरू पीडित हुने गरेका छन भने समाजमा रहेका बोक्सी प्रथा, दाइजो प्रथा, बालविवाह लगायतका कुरीति र कुसंस्कारले महिलाहरूलाई अझ बढी पीडा थपिरहेको अवस्था छ ।

मुस्लिम महिला, अपाङ्गता भएका महिला र लैङ्गिक तथा यौनिक अल्पसंङ्ख्यक समुदायका महिलाहरूले हिंसाको दोहरो, तेहरो मार खेपिरहेको अवस्था छ । यस प्रकारका घटनाहरूका कारण महिलाहरू सामाजिक, राजनीतिक, स्वास्थ्य

र आर्थिक असरको मारमा परेका छन् र नेपालको सामाजिक संरचना र त्यो सँगै परम्परागत सुरक्षा जालोहरू पनि फितलो हुँदै गएका छन्, जस्तैः भकारी राख्ने चलन, बिउ जोगाएर राख्ने, छीमेकीको खेतबारीमा काम सहयोग गर्ने अर्थात अर्मापर्मा गर्ने, कोसेली दिने चलन आदि ।

नेपाली समाजमा अत्याधिक रुपमा व्याप्त सामाजिक तथा आर्थिक समस्याहरूका कारण उनीहरूलाई ती समस्याहरूसँग जुध्न, साथ र सहयोगको आवश्यक छ । राज्यको साथ र सहयोगको फितलो उपस्थिति र परम्परागत साथ झनै हराउँदै गएकोले यी समुदायहरूलाई परम्परागत प्रथाहरू ब्यूँझाएर फेरी प्रचलनमा ल्याउनको लागि टेवा दिन जरुरी छ ।

**भिडियो लिङ्क:**[https://youtu.be/J9vXEveTv6U?si=hhsFMlEyw-khTW72](https://youtu.be/J9vXEveTv6U?si=hhsFMlEyw-khTW72)

**सत्रः ३ लिंङ्ग, लैंगिकता र यौंनिकता अवधारणा, लैंगिक विभेद, हाम्रो सामाजिककरण प्रक्रिया, यसको कारण, असर तथा प्रभावहरु**

**समयः १ घण्टा ३० मिनेट**

**उद्देश्यहरूः**


- लिङ्ग लैंगिकताको परिभाषा दिन सक्नेछन् ।
- परम्परागत रुपमा छुट्याएको लैङ्गिक भूमिका सहि कि गलत भन्ने बारेमा स्वःमूल्याङ्कन गर्न सक्नेछन् ।
- लैंगिकताको आधारमा हुने विभेदका विरुद्ध तथा हिंसा विरुद्ध आवाज उठाउन सक्नेछन् ।
- लैंगिकताको आधारमा समान व्यवहार गर्ने र गर्नको लागि पैरवी गर्नसक्ने छन् ।
- साथै सहभागीहरूलाई यौनिक तथा लैंगिक अल्पसंख्यक प्रतिको समान बुझाइको विकास गर्ने साथै उनिहरु प्रति रहेको भ्रम (myths) र वास्तविकता (facts) बारेम स्पष्टता गराउँने हो । साथै सहभागीहरुलाई अन्तरविविधता र समावेशीताबारे थप स्पष्टता गराउँने र सहभागीहरुलाई यस विषय प्रतिको संवेदनशीलता बुझ्न सक्ने बनाउँने । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायप्रति सकारात्मक दृष्टिकोण विकास गराउनु यस सत्रका उदेश्यहरु रहेको छ ।

**क्रियाकलापः सामूहिक छलफल र प्रस्तुती**

- सामूहिक कार्यको लागि हरेक समूहमा ४ देखि ५ जना सहभागीहरू राखी ५ देखि ६ वटा समूहमा विभाजन गर्ने
- सबै समूहमा सहभागीहरूको आपसी सहमतिले एक जना सहजकर्ता छनौट गर्न लगाउने
- छलफलको लागि लिङ्ग, लैङ्गिकता र लैङ्गिक समानताबारेमा अघिल्लो सत्रमा गरेको अभ्यासका आधारमा प्रत्येक समूहलाई भित्तामा टाँसेको न्यूज प्रिन्ट दिने

- त्यसपछि लिङ्ग र लैङ्गिकता बिचको फरक के के हुन त्यसमाथि छलफल गरी लेख्न लगाउने
- छलफल सकेपछि सहजकर्ता बाहेक सबै सहभागीहरूले एक एक गरि सबै टेबलमा गएर सबै समूहले छलफल गरेको मुद्दासम्बन्धी जानकारी लिने र सहजकर्तालाई आफ्नो समूहमा छलफल भएको कुरा बताउन भन्ने । सबै सहजकर्ताले आफ्नो समूहमा भएको छलफलबाट आएको निचोडलाई अन्य समूहका सदस्यहरूलाई व्याख्या गर्न लगाउने ।

वर्ल्ड क्याफे छलफल विधि




**आवश्यक सामग्रीहरू:** चार्ट पेपर, न्युज प्रिन्ट, मेटा कार्ड, मार्कर पेन, हाते माइक आदि ।

**व्याख्यात्मक क्रियाकलाप:**

### लिङ्ग भनेको के हो ?

महिलामा हुने प्रजनन अङ्ग र पुरुषमा हुने प्रजनन अङ्ग, जो जन्मिदै फरक हुन्छन् त्यसलाई महिला र पुरुषबीचको प्राकृतिक भिन्नता भनिन्छ, यसलाई लिङ्गभेद पनि भनिन्छ । अर्को भाषामा यसलाई सेक्स पनि भनिन्छ । महिलामा योनि, स्तन, पाठेघर, रजश्वला, डिम्ब आदि हुन्छ भने पुरुषमा लिङ्ग, अण्डकोष, शुक्रकिट, दारीजुँगा आदि हुन्छ । यस्तो फरक सर्वव्यापी, स्पष्ट र साधारणतया यो अपरिवर्तनशील एवं स्थायी पनि छ । लिङ्गभेद सबै स्थान, वर्ग, समुदाय, क्षेत्र, जात, धर्म, समय र देशमा समान हुन्छ । तर कुनै शिशुको जन्म हुँदा निजको “लिङ्ग” छ भने “ छोरा” अर्थात “पुरूष” र “योनि” छ भने “ छोरी” अर्थात “महिला” भनी पहिचान दिने आम प्रचलन रहँदै आएको छ । धेरैजसो ब्यक्तिहरूले सोही पहिचान अनुरुपनै आफ्नो यौनिकताको अनुभूति गरे पनि सबैका हकमा त्यस्तो हुदैन । समयक्रममा जीवनको कुनै विन्दुमा पुगेर कुनै ब्यक्तिले आफू “महिला” वा “पुरूष” को परम्परागत पहिचान भन्दा फरक रहेको अनुभूति गर्न सक्दछ । त्यसैगरी, कतिपय मानिसहरूको लैंगिकता तरल हुन्छ, जुन जीवनभर स्थिर हुँदैन वा परिवर्तनशील हुन्छ । त्यसैले कतिपय

ब्यक्तिहरू आफूलाई लैंगिकताका आधारमा चिनाउन वा पहिचान गराउन चाहँदैन। अतः लैंगिक पहिचान र प्रस्तुतीकरण कुनै पनि ब्यक्तिको व्यक्तिगत अनुभव हो।

**लैङ्गिकता भनेको के हो ?**

लिङ्ग वा यौन पहिचानका आधारमा महिला पुरूष, छोराछोरीले निर्वाह गर्नुपर्ने भनेर समाजद्वारा निर्धारण वा अपेक्षा गरिएका सामाजिक भुमिकालाई लैंगिकता भनिन्छ। लैंगिक भूमिका सामाजिक रूपमा निर्मित गरिएको हो जसअनुसार महिलाले महिला भएर र पुरुषले पुरुष भएर शारीरिक, मानसिक, आर्थिक, व्यावहारिक दायित्वहरू बहन गर्ने सामाजिक परिपाटी नै लैंगिकता हो। समाजले निर्धारण गरेका महिला र पुरूषको  भूमिका भनेको सामाजिकीकरण प्रक्रियाबाट सिकेका विषयवस्तु हुन। यो निश्चित विषय भने होइन।

लैंगिक भूमिका, यसको अवस्था तथा सम्बन्ध ठाँउ (गाउँ, शहर, विकसित देश), समूह (जाति, धर्म, वर्ग, सांस्कृतिक समूह आदि), उमेर, आदि अनुसार फरक फरक रहेको पाइन्छ।

**लैंगिकता र लैंगिक भूमिकालाई प्रभाव पार्ने विषयहरूः**

- सम्बन्धित समाजमा विद्यमान मूल्य, मान्यता, धर्म, संस्कार, परम्परा तथा संस्कृति
- सम्बन्धित समाजले छोरा, छोरी र लैङ्गिक तथा यौनिक अल्पसंङ्ख्यक,  महिला र पुरुषवाट राखिने फरक फरक अपेक्षाहरू
- छोरा, छोरी, र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक,  महिला र पुरुषबाट समाजले अपेक्षा गर्ने आचरण, व्यवहार, काम, गुण
- समाजले निर्धारण गरेको छोरा, छोरी र लैंगिक तथा यौनिक अल्पसंङ्ख्यक, महिला र पुरूषको सामाजिक काम एवं जिम्मेवारी

**लिङ्ग र लैंगिकतामा फरक**

| **लिङ्ग** | **लैङ्गिकता** |
|---|---|
| प्राकृतिक | समाजद्वारा निर्मित, |
| विवादरहित, | देश, संस्कार, स्थान समय अनुसार निर्धारण गरिको हुन्छ |
| महिला र पुरुषवीच साटासाट गर्न सकिदैन, | वर्ग र समुदाय अनुसार फरक फरक हुन्छ |
| उदाहरणहरू....... | विवादास्पद |
| | परिवर्तनशील |
| | महिला र पुरुषवीच साटासाट गर्न सकिन्छ आदि |

**लैंगिक समानता**

लैंगिक समानता भन्नाले महिला, पुरुष र यौनिक तथा लैंगिक अल्पसङ्ख्यक लगायत बहिष्करणमा पारिएका बीच सबै प्रकारका सामाजिक भेदभाव अन्त्य हुनु हो । । अर्थात **लैंगिक समानता** भन्नाले महिला, पुरुष र यौनिका तथा लैंगिक अल्पसङ्ख्यकमा समान अवसर, जिम्मेवारी,अधिकार, सेवा, लाभ,स्रोत-साधन आदिको पहुँच र नियन्त्रण कायम राख्नु हो । महिला, पुरुष र यौनिक तथा लैंगिक अल्पसङ्ख्यक आफ्ना व्यक्तिगत विकास र छनोट गर्न समान र स्वतन्त्र छन् भन्ने मान्यता नै लैंगिक समानता हो र यसलाई सामाजिक न्याय प्रवर्द्धन गर्ने महत्त्वपूर्ण औजारको रूपमा लिन सकिन्छ । लैंगिक समानताले सारवान समानता कायम गर्न महत्त्वपूर्ण भुमिका निर्वाह गर्दछ । यसमा पुरुष र महिला दुवैलाई उनीहरूको समानता र भिन्नताका आधारमा समान महत्त्व दिइन्छ, र जीवनका सबै क्षेत्रमा सहकार्यलाई प्रोत्साहन गर्दछ । समानता प्राप्त गर्नु भनेको लिङ्ग बीचको भिन्नतालाई मेट्नु होइन, बरु जीवनका भूमिका, अधिकार र अवसरहरू सबैमा हुनु हो ।

**जस्तैः**

- महिला, पुरुष तथा यौनिक तथा लैंगिक अल्पसङ्ख्यक र बहिष्करणमा पारिएकका बीच समान अवसर, उनिहरुबीच समान स्तर, समान जिम्मेवारी, समान सहभागिता हुनु ।
- विकासको स्रोत एवं प्रतिफलमा महिला, पुरुष तथा यौनिक तथा लैंगिक अल्पसङ्ख्यक र बहिष्करणमा पारिएकका समान पहुँच हुनु हो ।
- विकासका हरेक प्रक्रियामा महिला, पुरुष तथा यौनिक तथा लैंगिक अल्पसङ्ख्यक र बहिष्करणमा पारिएककाहरुको निर्णय प्रक्रियमा हैसियत हुनु आदि ।

**लैंगिक समता**

समता भनेको न्याय हो ।

लैंगिक भेदभावका कारण पछाडि पारिएका महिला, पुरुष तथा यौनिक तथा लैंगिक अल्पसङ्ख्यक, अपाङगता भएका व्यक्ति तथा समुदाय लगायत विभिन्न किसिमले बहिष्करणमा पारिएकाहरुलाई अरु सबै सरह नै हरेक क्रियाकलाप तथा प्रक्रियाहरुमा समान अवसरमा ल्याउन अपनाइने रणनीति वा पहल नै समता हो । लैंगिक समताका लागि विशेष व्यवस्थाहरु जस्तैः कुनै पनि अवसरहरुमा महिला तथा समुदायमा पछाडी पारिएका वर्ग तथा समुहहरु, यौनिक तथा लैंगिक अल्पसङ्ख्यक, अपाङ्ता भएका महिला तथा किशोरीहरु आदिलाई प्राथमिकता दिने, आरक्षणको व्यवस्था साथै उनिहरुका लागि सवाल सम्बोधनका लागि विषश नीति तथा रणनीतिहरु, लगायत विषेश कार्यक्रम ल्याउँने सो को प्रभावकारी कार्यन्वयको सुनिश्चितता गर्ने हो । उदाहरणका लागि मदेश प्रदेश सरकारले **"बेटी पढाऊ, बेटी बचाऊ"** अभियान मार्फत छोरीहरूको शिक्षा सुनिश्चित गर्न गरेको प्रयास, संविधान अनुसार स्थानीय तहमा महिला जनप्रतिनिधि सहित अनिर्वाय एक जना दलित महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्था, लैंगिक हिंसा विरुद्धका घटना सम्बोधनका लागि महिला आयोगको स्थापना, प्रहरी कार्यालयहरुमा हेल्पलाइन सेवा, हिंसा पिडितहरुको लागि सुरक्षा आवास गृह

र उनिहरुको न्यायमा सहजताका लागि बैतानी वकिलको व्यवस्था गर्नु। सामाजिक भूमिका र कार्य विभाजनमा समानता ल्याउँने उद्धेश्यले महिलाहरुलाई सार्वजनिक जीवनमा संलग्न गराउँन तथा उनिहरुलाई घर बाहिरीका निर्णयक काममा सहभागिता गराउँन महिला सहकारी, सामुदायिक समूह तथा संजालहरु, संघ–संस्थाहरू साथै उपभोक्ता समितिको प्रमुख पदहरुमा अनिवार्य महिला तथा पछाडी पारिएको वर्गलाई नेतृत्व दिनुका साथै समलिंगि विवाहलाई कानुनी मान्यताको व्यवस्था आदि।

## सत्रः ४ लैंगिक पहिचान, यौंनिक तथा लैंगिक अल्पसंख्यक प्रति रहेको सामाजिक व्यवहार, मिथ तथा भ्रमहरु

**समयः १ घण्टा ३० मिनेट**

**उदेश्यहरुः** सहभागीहरूलाई यौनिक तथा लैंगिक अल्पसंख्यक प्रतिको समान बुझाइको विकास गर्ने साथै उनिहरु प्रति रहेको भ्रम (myths) र वास्तविकता (facts) बारेम स्पष्टता गराउँने हो। साथै सहभागीहरुलाई अन्तरविविधता र समावेशीताबारे थप स्पष्टता गराउँने र सहभागीहरुलाई यस  विषय प्रतिको संवेदनशीलता बुझ्न सक्ने बनाउँने। यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायप्रति सकारात्मक दृष्टिकोण विकास गराउनु यस सत्रका उदेश्यहरु रहेको छ।

**क्रियाकलापहरुः**

- सबै भन्दा पहिला यस विषय प्रति सहभीहरुको पुर्व बुझाई के कस्तो छ थाहाँ पाउँनका लागि खुल्ला प्रश्न गर्न सकिन्छ अर्थात प्रश्नउत्तर गर्ने।
- यौनिक तथा लैंगिक अल्पसंख्यकको परिभाषा, अवधारणा, र किसिम (जस्तै LGBTIQA+) के हो भन्ने आधारभूत जानकारीबाट सत्रको शुरु गर्ने।
- त्यसपछि लैङ्गिक पहिचान, यौनिक अभिमुखीकरण, र यौनिकता केहो भनि जानकारी गराउँने।
- सम्भव भएमा कुनै घटना अध्ययनमा  सहभागीहरुलाई समुह कार्य गराउँन पनि सकिन्छ।
- अथवा अनुभव आदान प्रदान गर्नका लागि प्यानल छलफल समेत गर्ने सकिन्छ। यसको लागि भने पुर्व तयारी आवश्यक हुन्छ।  छलफल गर्नु पुर्व यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायबाट प्रतिनिधित्व गर्ने कसैलाई तालिम सेसनमा बोलाई वहाँको भोगाइ र अनुभव राख्ने अवसर। यस्तो गरेमा सहभागीहरुले वहाँ संग यस विषयमा प्रत्यक्ष अन्तरक्रिया गर्ने वातावरण हुन्छ र थप स्पष्टता हुन्छ।

उदाहरणका लागि तलको कथाबाट पनि सहभागीहरुलाई यस विषयमा स्पष्ट पार्न सकिन्छ जस्तैः

### कथा

सन्तोष (नाम परिवर्तन) को विवाह भएको छ महिना मात्र भएको छ। अहिले उनिहरु सम्बन्ध विच्छेद गर्ने कुरामा पुगेका छन्। यो कुरालाई लिएर दुबैका परिवार चिन्तात छन। सन्तोषको व्यवहार देखेर उसको श्रीमतीका बुबा आमा पनि

अलमल्ल पर्नुका साथै के गर्ने कसो गर्ने भन्ने रनभुल्लमा परेका छन । उनीहरूलाई आप्mनो छोरीको सन्तोषसँग घरव्यवहार हुन्छ जस्तो लाग्दैन ।

श्रीमतीको कुरा अनुसार विवाह गरेको छ महिना वित्दा पनि उनीहरू दुईमा कुनै शारीरिक सम्पर्क भएको छैन रे । सन्तोष आफुले त कुनै इच्छा गर्दैनन् यसो कहिले कहिले श्रीमतीले इच्छा गरे पनि सन्तोष अगाडि सर्दैनन् रे बरु छोइएला कि भनेर टाढा बस्छ रे । केही सोध्यो भनें मलाई रमाइलो लाग्दैन भन्छन रे । बजार गए पनि धेरै जसो समय केटीहरूकै सामान पाइने ठाउँमा बिताउँछ रे । कोही मोटोघाटो राम्रो केटा देखे हेरिराख्छ रे ।

त्यस्तो देखेपछि उनले घरमा सासुससुरालाई पनि सन्तोषको बारेमा धेरै पटक कुरा गरेकी थिएन । एक दिन त आफु बाहिर गएको बेला उनको लुगा लगाएर सन्तोषले ऐना हेर्दै गरेका थिए रे । अब त अति भो यो के हो भनेर सासुससुरालाई सोध्दा, “सन्तोषले सानोमा पनि धेरै पटक यस्तै गर्ने गरेको, कहिले आमाको साडी बेर्ने, कहिले बहिनीको फ्रक लगाउने, कहिले केटीले जस्तो मेकअप गरेर बस्ने, धेरै जसो केटीहरूसँगै खेल्न जाने, बोल्दा पनि अनौठो तरिकाले बोल्ने गर्थियो भने रे । सानोमा सन्तोषको यस्तो व्यवहारले गर्दा धेरै पटक बुवा आमाले उनलाई पिटेका पनि थिए रे ।

त्यस पछि पो थाहा भयो उसलाई केटी भन्दा पनि केटाहरू नै मन पर्दो रहेछ र केटाहरूसँग पनि अस्वभाविक तरिकाले टाँसिएर बस्ने, छोएर कुरा गर्ने तर केटी त के श्रीमतीसँग पनि कहिले पनि छोइएर नबस्ने, कहिले काही छोइए पनि अप्ठेरो मान्ने जस्तो व्यवहार गर्दा रहेछन् । अहिले आएर सन्तोषको श्रीमतीले सबै कुरा बुझिसकेपछि धेरै पछुतो लागेको छ र आफ्नो जिन्दगीलाई नै धिक्कार गर्दैछिन् । त्यसैले अहिले दुबै घरपरिवार मिलेर अब के गर्ने भन्ने कुराको छलफल गर्दैछन्

**प्रश्नहरू**

१. यस घटनामा सन्तोष माथि कुनै प्रकारका हिंसाहरू भएका छन् ?

२. यस्तो हुनुको मुख्य कारण के–के हुन् ?

३. यस घटनाका लागि कस्ता तत्वहरू जिम्मेवार छन् ?

**सन्दर्भ सामाग्रीः**

**यौनिक तथा लैंगिक अल्पसंख्यकबारे जानकारी**

मानिस महिला र पुरुष दुई लिंग मात्र हुन्छ भन्ने पुरातनवादी सोच अहिले पनि रहि आएको छ । तर, फरक लैंगिक पहिचान र यौन आकर्षणको कारणले यस भन्दा फरक प्रकारका व्यक्तिहरू हाम्रो समाजमा रहेका छन् । परम्परागत र संकुचित मान्यता भन्दा फरक यौनिक तथा लैंगिक अवस्थालाई तेस्रो लिङ्गी वा अन्य लिङ्गी भनेर बुझ्ने गरिन्छ । सामान्यतया कनै व्यक्तिको अन्तरचरित्र अर्थात पुरुष वा महिला वा अन्य जनाउने र यिनको सामाजिक भिन्नता देखाउन प्रयोग गरिने शब्द नै जेन्डर हो ।

जैविक लिङ्ग शारीरिक गुण हो भने सामाजिक लिङ्ग मानसिक गुण हो । जैविक लिङ्गको निर्धारण यौन अङ्गबाट हुन्छ भने सामाजिक लिङ्गको निर्धारण मानिसको हाउभाउ, व्यवहार, झुकाउ, लवाईको रुचि, श्रृगारको रुचि आदिबाट

हुन्छ । उमेर बढदै जाँदा मानिसमा यौनप्रति अभिरुचि जाग्दछ र यौनाकर्षण विपरीत लिङ्गीसँग मात्र हुन्छ भन्ने सामान्य बुझाई छ । तर यौनाकर्षण प्रतिको यो मान्यता सधै र सबैका लागि लागु नहुन सक्छ । यौनाकर्षणको यो अनभूतिलाई नै यौन अभिमुखीकरण भनिन्छ । महिला भएर महिलाप्रति नै यौन आकर्षण हुनु, पुरुष भएर पुरुषप्रति नै आर्कर्षित हुनु पनि यौन अभिमुखीकरण हो तर हालको अवस्थामा नेपालमा यस वर्गमा थोरै मात्र व्यक्तिहरु पर्दछन् । हुन त हाम्रो समाजमा यस्ता व्यक्तिहरु धेरै अगाडीबाट नै यदाकदा रहेको पाईको हो तर यस विषयमा खासै कसैले पनि महत्व नदिएकै कारण उनिहरु लुकेको अवस्थामा रहेका थिए । समाजमा देखिएका यस्ता व्यक्तिलाई नै वास्तवमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय भनि चिनिने गरिन्छ । हाम्रो समाजमा तीन प्रकारका सामाजिक लिङ्ग महिला, पुरुष  र तेस्रो (अन्य) लिङ्गी रहेका छन् । महिला र पुरुषको भूमिकालाई समाजले परापूर्वकालदेखि नै मान्यता दिएको छ भने तेस्रो लिङ्गीको लैङ्गिक भूमिकालाई मान्यता दिने क्रममा छ । जैविक लिङ्गको आधारमा समाजले तोकेको सामाजिक भूमिका भन्दा फरक भूमिकामा हुने व्यक्तिहरूलाई तेस्रो लिङ्गी (अन्य) भनिन्छ । तर, तेस्रो लिङ्गी भन्ने शब्दले यी समुदायभित्रका विविधता समेट्न नसकेको हुँदा लैङ्गिकताको अवस्थालाई व्यापकता दिँदै अहिले यौनिक तथा लैङ्गिक अल्पसंख्यक भन्ने गरिएको छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यकभित्र कोही महिलाले महिलासंग नै सम्बन्ध राख्ने, कोही पुरुषले पुरुषसंग नै सम्बन्ध राख्ने, कोही महिला र पुरुष दबैतर्फ सम्बन्ध राख्ने हुन्छन् भने कोही आफ्नो यौनाङ्गको प्रकृति भन्दा ठीक विपरीत रुचि हुने व्यक्ति हुन्छन् । कसैको शरीरमा महिला र पुरुष दुवैको यौनाङ्ग हुन्छ भने कसैको यौनाङ्ग नै नभएको वा विकसित नै नभएको हुन्छ । यिनलाई विविध नामले सम्बोधन गरिन्छ । यस विविधतामा विषेशगरी समलिङ्गी महिला, समलिङ्गी पुरुष, द्विलिङ्गी, लिङ्ग परिवर्तित व्यक्ति, र अन्तरलिङ्गी व्यक्तिहरू पर्दछन् र यी सबै वर्ग र समूहलाई समेट्ने शब्द नै यौनिक तथा लैङ्गिक अल्पसंख्यक भनिन्छ यसलाई भन्न सजिलो होस भनि LGBTIQ पनि भन्ने गरिएको हो । जनसंख्या आधारमा हेर्न हो भने नेपालमा यस समुदायको संख्या बढ्दो क्रममा हरेको पाईन्छ ।

जनसंख्याको आधारमा धेरै संख्यमा रहेको भए पनि यौनिक तथा लैंगिक अल्पसंख्यकहरू पनि अन्य नागरिक सरह समान हुन भन्ने अवधारण हाम्रो समाजमा अझै पनि कम नै छ । यस समुदाय प्रतिको बुझाईमा अझै पनि स्पष्टता नभएकै कारण यस समुदायले विभिन्न प्रकारका  लाञ्छन भोग्नु परेको को अधिकारबाट समेत वञ्चित हनु परेको अवस्था विद्यमान रहेको छ । नेपालले हाल यौनिक तथा लैङ्गिक अल्पसंख्यकका सम्बन्धना विभिन्न नीतिगत व्यवस्थाहरु गरेको पाईन्छ जस्तैः नेपालको संविधान २०७२ ले समानता र गैर भेदभावको सिद्धान्त अवलम्बन गरि तेस्रो लिङ्गिहरुलाई नागरिकता दिने व्यवस्था सर्वोच्च अदालतको निर्णय (२०६४) त्यस्तै उनिहरुलाई तेस्रो लिङ्गको पहिचान र अधिकार सुनिश्चित मुलुकी अपराध संहिताले गरेको छ जसमा यौनिक हिंसा विरुद्ध कानुनी संरक्षण र समलिङ्गि विवाहलाई मान्यता दिने निर्णय गर्नु जस्ता सकारात्मक पहलहरु भएको छ ।

**यौनिक तथा लैंगिक अल्पसंख्यक प्रति रहेका भ्रम र वास्तविकता**

| **भ्रम अर्थात मिथ** | **वास्तविकता** |
|---|---|
| यो एउटा रोग हो | यो कुनै रोग होइन, वैज्ञानिकरूपमा मान्य यौनिक पहिचान हो |

| | |
|---|---|
| समलिंगी बन्ने निर्णय आफैंले गरिन्छ | यौनिक झुकाव जन्मजात हो, निर्णयको कुरा होइन |
| यी सबै मानिसहरू हिंस्रक वा असामाजिक हुन्छन् | यस्तो सोच आधारहीन र गलत हो आदि। |

**यौनिक तथा लैंगिक अल्पसंख्यकहरुले भोग्नु परेका समस्या तथा चुनौतीहरु**

संविधान तथा नीतिगत व्यवस्थाहरु केहि हदसम्म यो समुदायको अधिकार सम्बोधन गरिएका भए तापनि यस समुदायले धेरै समस्या र चुनौती भोग्नु परिरहेका छन जस्तैः

- लैङ्गिक पहिचान सहितको नागरिकता तथा राहदानी, समलिङ्गी विवाह, लैङ्गिकमैत्री शब्दहरूको प्रयोग, रोजगारी र नीतिगत तहमा आरक्षणको व्यवस्था नहुनु , स्वास्थ्य र शिक्षामा पहुँच न्यून वा हदै नहुनु
- घरपरिवार तथा समाजबाट अपहेलित हुनु , माया नपाउनु र आफु यौनिक तथा लैंगिक अल्पसंख्यक भएको खुलेर भन्न सक्ने वातावरण नहुनु
- विभिन्न लान्छना र अपशब्दको प्रयोग गरिनुका साथै विभेदजन्य व्यवस्थाहरू हुनु
- समलिङ्गी विवाह सम्बन्धी गठित समितिको प्रतिवेदनले दिएको सुझाव महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले अझै अगाडि नबढाउँदा समलिङ्गी विवाहले कानूनी मान्यता नपाउनु
- नागरिकता सम्बन्धी कानूनमा लिङ्ग परिवर्तन गरेको प्रमाणित गर्ने प्रमाणपत्र भएमा नाम तथा लिङ्ग परिवर्तन गराउने व्यवस्था भए पनि सम्बन्धित निकाय र कार्यालयमा गरिने व्यवहार मैत्रीपूर्ण नहुनका साथे रोजगारीका अवसरहरुमा विभेद हुनु
- स्थानीय निकायहरूमा अझै पनि यस समुदायलाई लक्षित कार्यक्रमहरू कम हुनु वा हुँदै नहुनु आदि

लैङ्गिक पहिचान र लैङ्गिक अभिमुखिकरण

| लैङ्गिक पहिचान | लैङ्गिक अभिमुखिकरण |
|---|---|
| • महिला<br>• पुरुष<br>• पारलिङ्गि महिला<br>• पारलिङ्गि पुरुष<br>• अन्तरलिङ्गि | • समयौनिक (होमोसेक्सुअल) (समलिङ्गि महिला, समलिङ्गि पुरुष)<br>• विषमयौनिक (हेट्रोसेक्सुयल)<br>• द्वियौनिक(वाई सेक्सुअल)<br>• सर्वयौनिक (पानसेक्सुअल)<br>• अयौनिक (एसेक्सुअल)<br>• क्वेयर |

**यौंनिकताः**

- व्यक्तिको विश्वास, भाव वा मनोवृत्ति, मूल्य, यौनसम्बन्धी जानकारी वा ज्ञान जस्ता विषयले मानव यौनिकतालाई समेटेको हुन्छ । यसका विविध पक्षहरू अन्तर्गत  शारीरिक बनोट, मानसिक, पहिचान, यौन अभिमुखीकरण, भूमिका तथा व्यक्तित्व, विचार, अनुभूति तथा सम्बन्धहरू पर्दछन् ।
- यौनिकताको अभिव्यक्ति नैतिकतामा आधारित मान्यताहरू, अध्यात्म सांस्कृतिक र नैतिक सरोकार जस्ता विषयहरूबाट प्रभावित भएको हुन्छ ।
- उदाहरणका लागि एक हिन्दु महिलाले उनको श्रीमानलाई गर्ने व्यवहार, सार्वजनिक ठाउँमा हुने उपस्थिति, अर्को धर्म मान्ने महिलासँग मेल खाँदैन । तर दुवै धर्मावलम्बीहरूका सन्तान हुन्छन् । दुवैका श्रीमान् श्रीमतीबीच यौन सम्बन्धहरू हुन्छन् तर धर्मकै कारण सम्बन्ध, रहनसहन चालचलन मात्रै होइन यौन सम्पर्कलाई हेर्ने दृष्टिकोण र मान्यतासमेत फरक हुन सक्छ । यौनिकता व्यक्ति, समुदाय, धर्म सामाजिक स्वरूप चेतनाको स्तर आदि सबैले फरक पार्दछ ।
- यौनिकता भन्नाले यौन सम्पर्कको व्यवहार समेतलाई समेट्छ । यस्तो वृहत र विशिष्ट प्रकारको मानिसको गुणलाई सकारात्मक ढङ्गले बुझ्ने र व्यवहारमा प्रस्तुत गर्ने गरेमा यसले मानिसको समग्र जीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्छ । सकारात्मक सोचको विकास गराउँन सक्छ ।




**सत्र ५ अन्तरविविधता र सामाजिक समावेशीकरण र मुलप्रवाहिकरणको अवधारणा, तरिका र आवश्यकता**

**समय १ घण्टा ३० मिनेट**

**सत्रको उद्देश्यः**

- सहभागीहरू अन्तरविविधता र सामाजिक समावेशीकरणको बारे जानकार हुनेछन् ।
- महिला आन्दोलनभित्रको अन्तरविविधता र समावेशिकताको बारे प्रष्ट हुनेछन् ।
- विविधतामा रहेका महिलाका जस्तैः मधेशी, मुस्लिम, दलित, हिमाली क्षेत्र तथा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको अधिकारका लागि पैरवी गर्ने छन् ।

**सत्र सञ्चालन विधिः** खेलको माध्यमबाट शक्तिको हिडाई, छलफल र प्रस्तुति ।

**आवश्यक सामग्रीहरूः** मेटा कार्ड, उपस्थिति फारम, हाते माइक, मार्कर पेन आदि ।

**प्रकृयाः**

खेलको प्रकृया अभ्यासः शक्तिको हिडाइ

लिङ्ग, लैंगिकता, जातीयता, शैक्षिक योग्यता, अपाङ्गता, आर्थिक तथा भौगोलिक सुगमताले भिन्नता र भेदभावलाई निम्त्याउँछ भन्नेबारेमा गहिरिन र सहभागीहरूलाई समाजमा विद्यमान रहेका महिला तथा मानवअधिकारका अन्तरविविधताका सावहरुलाई बुझ्न, यसका मूल कारणहरूलाई पहिचान गर्न यो खेलले सहयोग गर्नेछ भन्ने व्याख्या गर्नुहोस् ।

प्रत्येक सहभागीलाई “चरित्र भूमिका” (शक्ति हिडाइका भूमिकाहरू) काटेर एक एक वटा भूमिका दिने जस्तैः दुर्गमा गाउँका दलित पुरुष , अपाङ्गता भएका महिला, वडा सदस्य, पत्रकार, नेताका श्रीमती, कर्णाली प्रदेशको एक दुर्गम गाउँको दलित महिला, यौनिक तथा लैङ्गिक अल्पसंङ्ख्यक, मधेसी तथा मुश्लिम किशोरी, एकल दलित महिला, जेष्ठ नागरीक, गर्भवती आदि । अब उनीहरूलाई दिएको भूमिकाको स्थानमा आफूलाई राख्न र आफू सो चरित्रको एक पात्र भएको महशुस गर्न अनुरोध गर्न होस् । सबैले महशुस गरेका छन् कि छैनन् भनी एक पटक फेरी पक्का गर्ने ।

- सहभागीलाई एक पङ्क्तिमा उभिन लगाउँने । उभिँदा सबैलाई आफूपट्टि फर्कन लगाउने ।
- अब वाक्यहरूको एक श्रृङ्खला पढेर सुनाउने, साथै यदि सम्बन्धित वाक्य उनीहरूमा लागू हुन्छ (वा उत्तर “हो“ भने) एक पाइला अगाडि बढ्न लगाउने र यदि त्यो लागू हुदैन (वा उत्तर “होइन भने) जहाँ छ त्यहि बस्न लागउने ।
- प्रत्येक भूमिकामा हाम्रो समाजमा रहेका व्यक्तिहरूलाई चित्रित गर्ने प्रयास गरिएको छ । जसरी हाम्रो भूमिकामा जेलिएका हुन्छन् त्यसरी नै यहाँ प्रस्तुत गरिएको चरित्रको पनि विभिन्न पृष्ठभूमि छ र ती पृष्ठभूमिमध्ये कुनैले पनि तपाईंलाई अगाडि बढ्न सहयोग गर्छ भन्ने जस्तो लाग्छ भने तपाई एक पाइला अगाडि बढ्न सक्नु हुन्छ भन्ने । ।

- तर तपाईँलाई  वाचन गरिएको वाक्यमा भनिएको भाव वा कामले तपाईँलाई दिएको भूमिकालाई अघि बढ्न कुनै पनि हालतमा दिँदैन जस्तो लाग्छ भने जहाँ छ त्यहि बस्न लगाउने ।
  नोटः यस्तो भूमिका गर्दा कहिले काही सहजकर्ताले कुनै विपद्को अवस्था जस्तैः कोभिड् १९ को महामारी, भूइचालो, बाढिपहिरो तथा निर्वाचनको अवस्था जस्ता घटनाको बेला माथिका पात्रहरुले के कस्तो भोगाइ भोग्नु परेको भनेर पनि खेल खेलाउँन सकिने छ ।

**शक्ति हिँडाइका भूमिका (यि भूमिकाहरूलाई काटेर सहभागीहरूलाई एक एक वटा दिने ) दिइएको वाक्य पढ्न सुरु गर्नुहोस्**

**(............भने एक पाईला अगाडि बढ्नुस् नत्र जहाँ हुनुहुन्छ त्यही अडिनुस् भनेर समय समयमा वाक्य पढेपछि दोहोर्याउने)**

- गाउँपालिका र नगरपालिकाहरुमा योजना बनाउने बेलामा बिचार राख्नको लागि मलाई पनि जानकारी गराउनु हुन्छ ।
- म मा मेरो परिवारको लागि घर र आधारभूत आवश्यकतापूर्ति गर्ने क्षमता छ भने एक पाइला अगाडि बढ्नुहोस्),
- म नेपाली भाषामा पढ्न, लेख्न र बोल्न सक्छु ।
- मसँग आराम गर्न वा सामुदायिक कार्यक्रमहरूमा उपस्थित हुनको लागि फुर्सदको समय छ भने ...
- म र मेरो बच्चाहरूले माध्यमिक विद्यालयसम्मको पढाई पुरा गर्ने सम्भावना छ की आर्थिक, भौगोलिक वा अन्य कारणले रोकिनु पर्ने अवस्था देखिन्छ ? ......
- मेरो आफ्नै बैँक खाता छ भने ...
- म बिरामी भएमा सहजै स्वास्थ्य सेवामा पहुँच गर्न वा स्वास्थ्य सुविधा लिन सक्छु भने ...
- म हिंसाबाट प्रभावित छैन भने.....
- म आफूलाई सुरक्षित महसुस गर्छु भने ...
- मसँग नियमित आम्दानी (पैसा) को स्रोत छ, भने ...
- मसँग पारिवारिक स्रोतमाथि केही नियन्त्रण छ भने ...
- मेरो घर, समाजले मेरो विचारलाई कदर गर्छन् भन्ने लाग्छ भने ..
- मैले सजिलैसँग सरकारी सेवा सुविधाहरूमा पहुँच छ भने...
- मेरो वरपरका मानिसहरूले समस्याहरू समाधान गर्न, जुट्न सहयोग गर्नु हुन्छ भने....

- म लुटपाट, हिंसाको शिकार भए भने, आवश्यक सहयोग र न्याय प्राप्त गर्न कहाँ जानु पर्छ भन्ने कुरा मलाई थाहा छ भने ...
- म र मेरो बच्चाहरूसँग आवश्यक सरकारी पञ्जिकरण दर्ता पत्र,  नागरिकता छ भने एक पाईला अगाडि बढ्न लगाउने ।

अब सबै सहभागीहरूलाई आफ्नो वरिपरि हेर्न र त्यसपछि आफ्नो भूमिकामा दिइएको परिचय खुलासा गर्न लगाउने र आफूभन्दा पछाडि परेकाहरू र अगाडि परेकाहरूलाई नियाल्न लगाउने ।

**यस क्रियाकलापको लागि आफ्नो भूमिकामा रहेर सोच्न र पुनरावलोकन गर्न लगाउने, अझ स्पष्ट हुनका लागि निम्न प्रश्नहरू सोध्ने..**

क) जो जुन स्थानमा उभिएका छन्, के त्यसमा सहभागीहरू सहमत छन् ? वा छैनन् ?

ख) तपाईँलाई अगाडि बढ्दा वा पछाडि रहँदा कस्तो महसुस भयो ?

ग) कुन शक्तिले तपाईँलाई कसरी आफ्नो भूमिकामा अगाडि बढ्न सहयोग गरेको थियो ?

घ) के कुनै आश्चर्य लागेका वा आहा लागेका पलहरू थिए जुन तपाईँहरूले पहिले सोच्नु भएको थिएन, छ भने भन्नु लगाउने ।

ङ) पछाडि पारिएका वा सामाजिक बञ्चितिकरणमा पारिएका लाई अगाडि बढ्नको लागि के हुनुपर्छ भन्नेबारे केही विचार वा सुझावहरू छन् भने भन्न लगाउने ।

च) पछाडि पारिएका वा सामाजिक बञ्चितिकरणमा पारिएकाहरूलाई अगाडि बढाउनको लागि शक्तिमा हुनेले के गर्नुपर्छ होला भन्नेबारे छलफल चलाउनुहोस् ।

छ) यस अवधारणालाई शक्तिसम्बन्धी अभ्यासका केही उदाहरणसँग जोड्दै पछि पारिएका वा सामाजिक बञ्चितिकरणमा पारिएका केही र अगाडि बढेका केहीको उदाहरणहरू लिएर व्याख्या गर्नुहोस् ।

**सन्दर्भ सामाग्री**

**अन्तरविविधता तथा अन्तरसम्बद्धता अवधारणा**

विश्वव्यापी रुपमा यो अवधारणा सन् १९८९ मा पहिलो पटक किम्बर्ले के्रनशले ल्याएका थिए । उनी अश्वेत जातिको महिलावादी अधिवक्ता थिइन् । उनका अनुसार युरोप र अमेरिकाका महिलाहरुको भन्दा अन्य देशका महिलाहरूको समस्या र विभेद फरक छन् । यसै अवधारणासँगै महिलावादी आन्दोलनको तेस्रो लहरको सुरुवात भएको पाइन्छ । यो

अवधारणा अनुसार सबै महिलाको अवस्था र भोगाई एकै प्रकारका हुँदैनन् । महिलाभित्र पनि सबैको अनुभव र समस्याहरू फरक फरक हुने गर्दछन् ।

**नेपालको सन्दर्भः**

- नेपालमा सर्वप्रथम सैद्धान्तिक र वैचारिक हिसाबले दश वर्षे माओवादी जनयुद्धको बेलादेखि अन्तरविविधताका विषय उठान गरेको थियो ।
- मधेस आन्दोलन, आदिवासी जनजाति आन्दोलन, दलित लगायतका आन्दोलनले यस विषयलाई ब्यापक बनाए ।
- यी आन्दोलनहरूले नेपालका महिलाहरू, लैङ्गिकता, जातजाति, वर्ग, धर्म, क्षेत्र, भाषा, रङ्ग, शारीरिक अवस्थाको आधारमा विभेदमा परेको कुरा उठान गरे ।
- खस आर्य समुदायका महिलाहरूले लैङ्गिकताको आधारमा विभेद भोग्ने गर्दछन् ।
- दलित महिलाहरूले वर्ग र जातको आधारमा विभेद भोग्ने गर्दछन् ।
- मधेसी महिलाहरूले क्षेत्र, रङ्ग र भाषाको आधारमा विभेद भोग्ने गर्दछन् ।
- कर्णालीका महिलाहरूले भूगोलको आधारमा विभेद भोग्ने गर्दछन् ।
- आदिवासी जनजाति र मुस्लिम महिलाहरूले सामाजिक मुल्य मान्यताको आधारमा विभेद भोग्ने गर्दछन् ।
- अपाङ्गता भएका महिलाहरूले शारीरिक अवस्थाको आधारमा विभेद अनुभव गर्दछन् ।
- यौनिक तथा लैङ्गिक अल्पसंङ्ख्यक समुदायले यौनिकताका आधारमा विभेद भोग्ने गर्दछन् ।

**कसरी सम्बोधन गर्नेः**

- पहिचान, प्रतिनिधित्व, सहभागिता र अधिकार सुनिश्चित गर्नु पर्दछ ।
- पछाडी पारिएका र सामाजिक रुपमा बञ्चित समुहको आवश्यकतालाई सम्बोधन गर्ने गरी विषेश नीति तथा रणनीतीहरु लिने र समानता भएको सुनिश्चित गर्ने ।
- बञ्चित समुहको क्षमता विकास गरी सामाजिक, सांस्कृतिक, राजनीतिक आदि क्षेत्रमा उनिहरुलाई सबल र क्षमता विकास गर्ने ।
- बञ्चित समुहलाई सामाजिक तथा विकासका काममा सहभागिताको वातावरण बनाउनु पर्दछ ।
- आर्थिक तथा सामाजिक लाभमा समानुपातिक अवसरको व्यवस्था गर्नुका साथै विभेद रहित अवस्थाको सृजना गर्नु पर्दछ ।
- नागरिक समाज तथा विभिन्न समुह, संजाल र संस्थाहरु समेत जवाफदेहि भएको ले आवश्यक पैरवी गर्ने ।

- अधिकारकर्मी तथा अभियन्ताहरूले यसको अभ्यास आफैबाट शुरु गर्ने ।

## सत्र ६ लैंगिक भूमिका, सामाजिक मुल्यमान्यता र हेरचाह कार्य Social Norms and Unpaid Care work

**समयः १ घण्टा ३० मिनेट**

**उदेश्यहरुः** लैंगिक भूमिकाका उदाहरण दिन सक्नेछन र लैंगिक भूमिकाले विविध समुदाय र अवस्थाका महिलाहरु, यौंनिक तथा लैंगिक अल्पसंख्यक समुदाय र समाजमा पछाडी पारिएका समुदायलाई कसरी अझ पछि पारिएको हुन्छ भन्ने विश्लेषण गर्न सक्ने साथै परम्परागत लैंगिक भूमिका परिर्वतनका लागि जिम्मेवार बनाउँने ।

**क्रियाकलापहरुः** समुह कार्य, छलफल र भूमिका अभिनय ।

जस्तैः सहभागीहरूलाई तीन समुहमा विभाजन गर्ने र क्रमिक रुपमा तल उल्लेख गरे अनुसार कार्य गर्न लगाउँनेः

- पहिलो समुहलाई हाम्रो समाजमा एक विपन्न परिवारको महिला, बालबालिका र पुरुषले दैनिक के कस्तो कामहरु गर्दछन भनि भूमिका अभिनय तथा छलफल गराउँन सकिन्छ ।
- दोस्रो समुहलाई मध्यम परिवारका महिला, बालबालिका र पुरुषल के के गर्द छन भनि भूमिका अभिनय तथा छलफल गराउँन सकिन्छ ।
- तेस्रो समुहलाई सम्पन्न परिवारका महिला, बालबालिका र पुरुष के के गर्द छन भनि भूमिका अभिनय तथा छलफल गराउँन सकिन्छ । ,
- चौथी समुहलाई हाम्रो समाजमा यौंनिक तथा लैंगिक अल्पसंख्यक समुदायका व्यक्तिहरुले दैनिक के कस्ता कामहरु गर्दछन भनि भूमिका अभिनय तथा छलफल गराउँन सकिन्छ

***नोटः साथै समुदाय वा सहभागीको अवस्थालाई हेरी भूमिका अभिनयको लागि मधेसी समुदाय, अपाङ्गता भएका व्यक्ति, यौंनिक तथा लैंगिक अल्पसंख्यका, मुस्लीम आदी अवस्था हेरेर राख्ने ।***

यसरी सबै समुहको प्रस्तुतिकरणबाट आएका कुरालाई समेट्दै समाजमा महिला, पुरुष तथा यौंनिक तथा लैंगिक अल्पसंख्यकहरुमाथि रहेको विभेदकारी सामाजिक मुल्यमान्यता र व्यवहारद्धारा उनिमाथि बढि असर पारेको छ भन्ने बारेमा थप स्पष्ठता गराउँदे सहजकर्ताले तयार गरेको दस्तावेजहरु देखाउँदै अब यस्ता भूमिकाहरु हटाउँनु आवश्यक छ भन्दै यस सत्रको छलफलको सङक्षपीकरण गर्ने ।

**सन्दर्भ सामाग्रीः**

लैंगिक भूमिका भन्नाले महिला, पुरुष तथा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका लागि सामाजिक मुल्यमान्यतद्वारा निर्धारण गरिएका बेग्लाबेग्लै सामाजिक, आर्थिक तथा राजनैतिक भूमिका र जिम्मेवारी भन्ने बुझिन्छ। यसरी लैंगिक पहिचानको आधारमा छुट्ट्याइएको सामाजिक, आर्थिक तथा राजनैतिक कार्यविभाजनको कुनै वैज्ञानिक आधार भने हुदैन । सामाजिक मुल्यमान्यताको आधारमा महिला, पुरुष तथा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायकलाई उनिहरुको लिङ्ग तथा लैंगिक पहिचानको आधारमा सामाजिकले दिएको भूमिका परिर्वतन गर्न सकिन्छ जसलाई हामी लैंगिक रुपान्तरणकारी भूमिका भन्न सक्छौ ।

समाजनमा महिला **र** पुरुषले गर्दै आएको भूमिकालाई विषेशत तीन भागमा वर्गिकरण गरेर हेर्ने गरिएको छ जस्तैः

### क. पुर्नउत्पादक तथा हेरचाह सम्बन्धी भूमिका

यस भूमिका अन्तर्गत घरायसी कामहरू पर्दछन जस्तैः परिवारभित्र बालबालिकादेखि, बुढापाकाहरूसम्मको हेरचाह, अतिथि सत्कार, दैनिक घर भित्रका कामहरू जसमा श्रम र समय धेरै लाग्ने हुन्छ तर यस्ता कामबाट महिलाहरुलाई प्रत्यक्ष रूपमा कुनै आम्दानी पनि नहुने र समाजले यस्ता कार्यहरूलाई महत्व पनि दिएको हुदैन । पुर्नउत्पादकीय (जस्तैः बच्चाँ जन्माउने, स्तनपान गराउनु आदि) र हेरचाह (जस्तैः सरसफाई गर्ने, खाना पकाउने आदि) गरी यस्ता भूमिका दुई किसिममा पनि छुट्टयाउन सकिन्छ ।

### ख. उत्पादनशील भूमिका

प्रत्यक्ष आर्थिक लाभ हुने किसिमकामहरु यसमा पर्दछन जस्तैः खेतीपाती गर्ने, ज्याला मजदुरी गर्ने,उद्योगधन्दा चलाउने, विभिन्न क्षेत्रमा जागिरखाने आदि **उत्पादनशील भूमिका हुन** । बेचबिखन, उपभोग वा घरायसी प्रयोगका लागि खाद्यान्न, सरसामान वा सेवाहरूका उत्पादनमा महिला र परुष दुबै लागे तापनि प्रायशः उनीहरूका जिम्मवारी भने अलग–अलग हुन्छ ।

### ग. सामुदायिक भूमिका

सामुदायिक भूमिकालाई **व्यवस्थापकीय र राजनीतिक** गरी छुट्टयाउने गरिन्छ । **सामुदायिक व्यवस्थापकीय भूमिकामा** समुदायको हितका लागि गरिने कामहरू पर्दछन । खास गरी छरछिमकमा मर्दापर्दा, पुजाआजा, बिहाबारी, काजक्रिया जस्ता धार्भिक–सांस्कृतिक रीतिरिवाज अनुसारका गतिविधिहरू र धारा, कुलो, गारेटो आदि मर्मत सुधारका कार्यहरूलाई लिन सकिन्छ । यो भूमिका प्रजनन तथा हेरचाह सम्बन्धी भूमिका कै स्वरूपमा रहेको हुन्छ र यसलाई समाजले धेरै महत्व दिइएको पाईदैन ।

**सामुदायिक राजनीतिक भूमिका** भनेको राजनीतिक दल वा कुनै पार्टीको काममात्र होइन, जनप्रतिनिधिका साथै सरकारी अधिकारी, गैरसरकारी अभियन्ता जस्ता नेतृत्वदायी भूमिकालाई पनि **'राजनीतिक भूमिका'** मानिएको छ । त्यसै पंण्डी तथा पुरोहितहरुको काम पनि **सामुदायिक राजनीतिक** काम नै हो । यस्ता भूमिका गरेबापत सम्मान प्राप्त हुनुका साथै पैसा पनि आर्जन हुने गर्दछन । अर्थात सम्मान पाइने, निर्णय गर्ने अधिकार हुनु र सार्वजनिक पहिचानका कार्यहरू **सामुदायिक राजनीतिक भूमिका** भित्र पर्दछन । हाम्रो समाजमा महिलाहरूले मुख्यतया **हेरचाह एव**

**पुर्नउत्पादक, उत्पादक र सामुदायिक व्यवस्थापकीय ३ किसिमका भूमिका निर्वाह गर्दछन** । पुरुषहरूले भने **उत्पादक र सामुदायिक राजनीतिक २ किसिमका भूमिका गर्दछन ।** यसरी हेर्दा **महिलाहरूको तेहेरो भूमिका रहेको देखिन्छ** तर पनि सामाजमा रहेको विभेदकारी सामाजिक सांस्कृतिक मुल्यमान्यता र व्यवहारका कारण महिलाहरूको भूमिका प्रत्यक्ष रूपमा आयआर्जन नहुने खालका हुने र उनिहरूलाई यस्ता काम गरे वापत कुनै सम्मान वा मर्यादा समेत नहुने रहेको छ । महिलाहरु आयआर्जनमा प्रत्यक्ष सलग्न हुने अवसरबाट समेत पछाडी पारिएका छन् र उनिहरुलाई विभिन्न स्रोत, साधनमा तथा निर्णय प्रक्रियामा पँहुच र नियन्त्रण पछाडी पारिनुका साथै अवसरहरुबाट बञ्चित गराईएको ले गर्दा अझै पनि महिलाहरु पुरुषहरु प्रति निर्भर हुनु परेको अवस्था छ ।

तर हाम्रो समाजले पुरुषको भूमिकालाई भने आम्दानीमुलक र महत्व दिदै आएको छ यसरी महिला र पुरुषलाई हाम्रो समाजले दिएको भूमिका विभेदकारी रहेको पाईन्छ । समाजले महिलाको तुलनामा पुरुषको भूमिकालाई आर्थिक तथा सामाजिक रुपमा बढि महत्व दिएकै कारण हरेक क्षेत्रमा महिला तथा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको सहभागिता तथा संलग्नता तुलनात्मक रुपमा कम रहेको देखिन्छ । सामाजिक लैंगिककाले गर्दा अझै पनि नेपाली महिलाहरु सार्वजनिक जीवनमा सहभागिता काम हुनु गरेको,दीर्घकालीन असर रोजगारी र नेतृत्वमा उनीहरूको सहभागिता कम हुनु उनिहरुले कामले पुरुष सरह प्राथमिकता नपाउँनु , तलबमा भेदभाव हुनु वा न्यून मूल्याङ्कन गरिनु साथै उनीहरूको आर्थिक स्वतन्त्रता नहुनु , नीति निर्माण तहमा सहभागितामा कम हुनुका साथै महिलाहरूले घरपरिवादेखि सार्वजनिक जिवनमा विभिन्न प्रकारका विभेद हिंसा, दुर्व्यवहार र आत्मसम्मानमा ठेस पुग्ने जस्ता कुराहरु भोग्नु परिरहेको छ । त्यसैले अब हामीले लैंगिक रुपमान्तरणकारी समाज निर्माणको लागि लाग्दै यस्ता विभेदकारी सोच र व्यवहारलाई चुनौती दिदैअगाडी बढाउँनु अति आवश्यक छ ।

लैंगिक रुपमान्तरणकारी भूमिकाका लागि सामुदायीक समुह तथा संजालहरुको के कस्तो जिम्मेवारी हुनु पर्दछ भन्दै केहि उदाहरणहरु दिने जस्तैः

**१.** आमा बुवा  परिवारको पहिलो शिक्षक हो भन्ने कुरालाई संस्थागत गर्ने

**२.** महिलाहरू घर बाहिरका हरेक कामकाज गर्न सक्छन र उनिहरुले देशको अर्थतन्त्रमा योगदान पुर्याइ रहेका छन भन्ने कुरालाई संस्थागत गर्ने

**३.** महिलाहरू स्वास्थ्यप्रति पनि संवेदनशील हुने हुँदा सार्वजनिक स्वास्थ्यमा सुधार ल्याउन उनिहरुको महत्वपुर्ण हुन्छ

**४.** महिलाहरूले पारिवारिक र सामाजिक सहकार्यलाई सन्तुलन र समन्वय गर्न सक्छन र उनीहरूको सहभागिताबाट नै समाजिक सदभाव र शान्ति हुन्छ

**५.** नीति निर्माणमा महिलाको सहभागिताले लैंगिक संवेदनशीलता ल्याउँन सम्भव छ र उनीहरूको विविध अनुभवले नयाँ दिशा निर्देश गर्न सम्भव छ

यसरी महिलाको भूमिकालाई महत्त्व दिई समान अवसर प्रदान गर्नाले समतामूलक समाजको परिकल्पना सम्भव छ र यसले समावेशी सिद्धान्त र दिगो विकासको आधार स्थापित गर्न सक्छ भन्ने कुरामा सामुदायिक समुह तथा संजालहरुले समुदायिक गतिविधिहरु गर्नु पर्दछ।

**सामाजिक मुल्य मान्यताहरूले हेरचाहमुलक कार्यलाई कसरी प्रभाव पारेको हुन्छ**

**सामाजिक मुल्य मान्यता के हो**

सामाजिक मान्यताहरू त्यस्ता नियमहरू हुन् जसले कुनै पनि व्यक्तिको व्यवहारलाई प्रत्यक्ष प्रभावित पार्दछ। समाजले बनाएका ति नियमहरू अनौपचारिक र लिखित नभएका भए पनि यस्ता कुरा अवस्थामा कानुन र नीतिहरूमा समेत समावेश भएका हुन्छन। समाजले दिएका भुमिका तथा व्यवहार नगर्ने लाई सामाजिक आलोचना तथा विभेद गर्ने गरिन्छ। समाजले दिएका यस्ता भुमिका तथा व्यवहारहरु सबैका लागि बाध्यकारी जस्तो बनाइएको हुन्छन। समाजले अपेक्षा गरेका यि कुराहरु सबैको लागि उपयुक्त नभए तापनि त्यस्तो सामज अपेक्षा नगरेमा सामाजिक दबाव दिई गर्न बाध्य पारिन्छ। यस्ता सामाजिक मान्यताहरु परिर्वतन गर्न चुनौतीपुर्ण हुन्छन।

**क्षेत्रगत रुपमा रहेका केहि उदाहरणहरू:**

**मूल्य मान्यताः**

**हिमाल क्षेत्रः** हिमाल क्षेत्रमा रहेका मूल्य मान्यतालाई हेर्दा यहाँका अधिकांश पुरुषहरू व्यापार वा पर्यटन गाइडको रुपमा काम गर्ने छन भने महिलाहरू घरपरिवार भित्रको काम र समाजमा हुने सामुदायीक कार्यमा सहभागी हुने कार्यहरुमा व्यस्त रहेको पाईन्छ। हिमाली भेगकाम **महिलाहरूको शैक्षिक स्तर तुलनात्मक रुपमा अन्य ठाउँको भन्दा कम रहेको पाईन्छ।**

**त्यसैगरी हेरचाह कार्य:**

- महिलाले बालबालिकहरुको हेरचाह, खाना पकाउने, घाँसदाउरा जाने साथै परिवारका जेष्ठ नागरिकहरुको सेवा गर्ने जस्ता काम गर्दछन। अर्थात महिलाहरूले घर सम्हाल्ने, खेतीपाती गर्ने र बालबालिका हुर्काउने काममा केन्द्रित हुनु पर्ने र छोरीहरूको शिक्षामा भन्दा विवाहलाई बढी प्राथमिकता दिने।
- **केही जाति विषेशमा बहुपति** प्रथाको चलन अझै रहेको पाइन्छ। एउटी महिलाको धेरै श्रीमान जस्तो परम्परागत यो सामाजिक चलन यो लैंगिक भूमिकाको फरक उदाहरण मान्न सकिन्छ।
- **त्यस्तै यहाँ यौंनिक तथा लैंगिक अल्पसंख्यक समुदाय (LGBTQ+) व्यक्तिहरू** सामाजिक लैंगिक विभेद कै कारण जुनसुकै ठाउँ कम उपस्थिति हुने र खुले आफ्नो लैंगिक पहिचान बताउँन नसक्ने अवस्था रहेको छ।

**पहाडी क्षेत्र**

**मूल्य मान्यता:**

- महिलाले घर सम्हाल्नै पर्छ भन्ने अझै चलनमा रहेको पाईन्छ ।
- महिलालाई आर्थिक तथा राजनीतिक साथै अन्य स्रोत साधनमा माथिको पहुँच तथा नियन्त्रणमा सहभागी नगराउँने साथै उनिहरुलाई निर्णय प्रक्रियामा सहभागी नगराउँने सोच अझै रहेको छ ।

हेरचाह कार्य:

- महिलाहरुले सुत्केरी स्याहार, जेष्ठ नागरिकको हेरचाह, घरको सबै काम गर्दछन भने यदि पुरुषले यस्ता हेरचाहका काम गरेमा यो उसको जिम्मेवारी नभई यो केवल सहयोग मात्र हो भन्ने सोच रहेको छ ।
- पुरुषलाई कमाउने मुख्य व्यक्ति र महिलालाई घर हेर्नेको हो भन्ने साथै महिलाहरूलाई सम्पत्तिमाथिको अधिकार नहुने, विवाह पछि श्रीमानको थर प्रयोग गर्नुपर्ने जस्ता परम्परा रहेको छ ।
- सामाजिक सशक्तिकरणका लागि थुप्रै कार्यक्रमहरूले यस्ता परम्परागत विभेदकारी मुल्य मान्याता र सोचमा परिर्वतन ल्याउँन केहि हदसम्म सहयोग मिलेको अवस्था छ ।

**तराई क्षेत्र**

**मूल्य** मान्यता:

- महिलाले घर बाहिर निस्कदा बिग्रिन्छन भन्ने सोच
- छोरा जन्मनु गर्वको कुरा, छोरी जन्मनु दुःखको भन्ने धारणा रहेको छ ।

**हेरचाह कार्य:**

- महिलाले घरायसी काम गर्नुपर्छ, सासुससुरा, बालबालिका, बिरामी सबैको हेरचाह गर्नु पर्छ भन्ने रहेको ।
- छोरीहरूलाई सानैदेखि खाना पकाउने र सरसफा गर्ने जस्ता काममा लगाइन्छ ।
- महिलालाई घर बाहिर जान नदिने, वा पर्दा लगाएर मात्र बाहिर जान दिने चलन रहेको छ
- धैरै ठाउँमा अझै पनि छोरीहरूको सानो उमेरमा विवाह गरिदिने र दाइजो नल्याएकै छोरीको विवाह नहुने र विवाह भए पछि पनि दाईको नल्याएकै कारण विभिन्न प्रकार हिंसा भोग्नु परेको अवस्था अझै छ ।
- लैंगिकताका सवालमा बुझाईमा अझै पनि स्पष्टताको अभाव र उनिहरुमाथि विभिन्न प्रकारका विभेद र गलत धारणा रहेको पाईन्छ ।

यसरी हेर्दा नेपालमा लैंगिकताका सवालहरु प्रतिको बुझाईमा अझै पनि स्पष्टताको अभाव हुनुका साथै विभेदकारी सामाजिक सांस्कृतिक मुल्य मान्यता र लैंगिकता प्रतिको गलत धारणा रहेको पाईन्छ । क्षेत्रयगत रुपमा हेर्दा पनि सबै

क्षेत्रमा लैंगिकताको आधारमा बनाईएका सामाजिक मूल्य मान्यताहरु फरक फरक भएता पनि लैंगिक विभेद र हेरचाह कार्यहरु भने समान प्रकार कै रहेको पाईन्छ । यस्ता परम्परागत सोच र व्यवहारले महिला तथा यौंनिक तथा लैंगिक अल्पसंख्यकलाई अझ कमजोर र घरभित्र सीमित गराउँन प्रेरित गरेको छ भने पुरुषलाई अझ प्रभुत्वशाली र शक्ति प्रदान गर्ने धारणाहरु रहेका छन । हिमाल, पहाड र तराई सबै क्षेत्रमा नै महिला, पुरुषा तथा यौनिक तथा लैंगिक अल्पसंख्यक प्रति लैंगिकताको आधारमा सामाजिक मूल्य मान्यता र हेरचाह कार्यको विभाजन भएको पाईन्छ । यी परम्परागत सोच र कार्य विभानले महिलालाई घरभित्र नै सीमित राख्ने र हेरचाह कार्यलाई मूल्यहिन बनाई रहेको छ ।

अझ भन्दा वैदेशिक रोजगारीका लागि अधिकांश पुरुषहरु देश बिहिर रहेको र महिलाहरुमाथि हेरचाहमुलक कार्यको बोझ झनै बढेको विभिन्न तथ्यांकहरुबाट थाहा पाइन्छ । तथ्यांकलाई हेर्दा वैदेशिक रोजगारीका लागि जानेहरुको संख्या आर्थिक वर्ष ०८०/८१ मा श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या ४ लाख ६० हजार १ सय ३ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या २ लाख ८१ हजार १ सय ९९ रहेको विभिन्न तथ्याङ्कहरूबाट देखिन्छ । त्यसैगरि आर्थिक वर्ष २०८१–८२ मा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या ८ लाख ३३ हजार रहेको छ । वैदेशिक रोजगार विभागका अनुसार यो संख्या अघिल्लो आर्थिक वर्ष २०८०–८१ को तुलनामा करिब १ लाखले बढी छ । गत वर्ष ७ लाख ३९ हजार ४९ पुरुष र ९३ हजारभन्दा महिला वैदेशिक रोजगारीमा गएको वैदेशिक रोजगार विभागले जनाएको छ ।

*थप जानकारीका लागिः* ***https://www.nepalkhoj.com/2024/08/25/366951/*** *हेर्न सकिन्छ ।*

त्यसैगरी राष्ट्रिय मानव अधिकार आयोगले तयार गरेको **वैदेशिक रोजगारीमा गएका पुरुषहरूको श्रीमतीले भोग्नु परेको सामाजिक मूल्य एवं मनोरञ्जन, सत्कार सेवामा कार्यरत महिला तथा बालबालिकाहरूको अवस्था तथा मानव बेचविखनको जोखिमता प्रारम्भिक अध्ययन प्रतिवेदन,२०७६** को अनुसार नेपालमा बैदेशिक रोजगारीको कारणले महिलाहरूले चर्को सामाजिक मूल्य चुकाउनु परेको छ भन्ने उल्लेख छ । घरको पुरुषहरु बैदेशिक रोजगारीमा गएकै कारण सामाजमा महिलालाई कुदृष्टिले हेर्ने, घर व्यवहारको क्रममा अन्य व्यक्तिसँग काम गर्दा शंका गर्ने, घरपरिवारले पनि चरित्र माथि प्रश्न उठाउने, आर्थिक रूपमा परनिर्भता बढ्ने, घरायसी काममा बढी समय दिनु पर्ने, विभिन्न प्रकारका हिंसामा पर्न सक्ने, व्यक्तित्व विकासको अवसर, सामाजिक रूपमा बहिष्कृत हुन सक्ने, असुरक्षित बसाइसराइका कारण बेचबिखनमा पर्न सक्ने, जस्ता अनेक समस्याहरू देखिएका छन् । बैदेशिक रोजगारीमा पुरुषहरू गएका कारणले उनीहरूको परिवार र बच्चाहरूको सामाजिक सुरक्षामा नकारात्मक प्रभाव परेको देखिन्छ । विशेष गरि बदिलिंदो परिस्थितिमा उच्च जीवन स्तरका लागि बैदेशिक रोजगारमा गएका पुरुषहरूको परिवार विशेष गरी महिलाहरू घरमा एक्लै बस्नुपर्ने बाध्यता रहन्छ । खेतबारी, बजार, घरपरिवारको रेखदेख आदि काम गर्दा अरूको सहयोग पनि लिनु पर्ने बाध्यता हुन्छ । तर पितृसत्तात्मक सामाजिक संरचना, सोच र व्यवहारका  कारण अरूसँग काम गर्दा सँगै हिड्दा वा बोल्दा महिलामाथि विभिन्न प्रकारका आरोप, लान्छना र हिंसा भोग्न बाध्य हुन्छन् ।

त्यसैगरी राष्ट्रिय योजना आयोगले नेपालमा महिलाहरूले घरायसी काम, हेरचाह र सामुदायिक कार्य जस्ता आर्थिक लाभ नहुने हेरचाह कार्यको ठूलो भार बोकिरहेका छन् भनेको छ। त्यसैगरी अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को क्षेत्रीय प्रतिवेदन अनुसार, नेपालमा महिलाहरूले दैनिक अवैतनिक **हेरचाह कार्यको ८५ प्रतिशत बोझ बोकिरहेका छन्**, जसअनुसार उनीहरूले दैनिक रूपमा जम्मा २९ मिलियन घण्टा खर्च गर्छन्, जबकि पुरुषहरूले मात्र ५ मिलियन घण्टा खर्च गर्छन्। नेपाली महिलाहरूले अवैतनिक हेरचाह कार्यमा पुरुषहरूको तुलनामा **६ गुणा बढी समय खर्च गर्छन्, जुन क्षेत्रीय औसत ४ गुणा भन्दा धेरै हो।**

**यसरी नै सोह्रौं योजना (आ.व. २०८१/८२-२०८५/८६) को परिच्छेद ८ मा लैंगिक समानता, सामाजिक न्याय तथा समावेशी समाजको सन्दर्भमा निम्न कुराहरु भनिएको छन्**

सोह्रौं योजना (आ.व. २०८१/८२-२०८५/८६) महिलाको योगदानको सम्मान गर्ने संस्कृति विकास गर्ने यसको लागि लैंगिक सशक्तीकरण, सीप विकास तथा रोजगारी सृजिना लगायतका क्षेत्रमा संलग्न निकायहरूबीच समन्व र सहकार्य गर्दै आन्तरिक रोजगारी तथा स्वरोजगार लगायतका बहुपक्षिय उपाय अवलम्बन गर्ने, महिलाको घरेलु श्रम र स्याहार कार्यलाई मूल्याङ्कन गरी राष्ट्रिय आयमा महिलाको योगदानको गणना गने सयन्त्रको विकास गर्ने, सबै व्यक्ति, परिवार र समाजले सम्मान गर्ने संस्कृतिको वसकास गर्ने, महिलाको कार्य-जीवनलाई सन्तुलित गर्दै ज्ञान, सीप र श्रमलाई उत्पादन र उत्पादकत्वसँग जोड्न जस्ता नीति तथा योजनाहरु रहेका छन।

नेपालको १६औँ योजनाले महिलाको घरेलु श्रम र स्याहार (care work) कार्यलाई औपचारिक रुपमा मूल्याङ्कन गरी राष्ट्रिय आयमा योगदानको रूपमा समावेश गर्ने व्यवस्था गर्ने नीति लिएको छ।

**निष्कर्षः**

सामाजिक लैंगिक विभेदका कारण समाजले दिएको लैंगिक भूमिका र कार्यहरुले महिलाको महिलाहरूले घरायसी काम, हेरचाह र सामुदायिक कार्य जस्ता आर्थिक लाभ नहुने सेवामुलक कामले उनिहरुलाई कामको बोझ बढ्ने र विभिन्न अवसरहरुबाट समेत पछाडी पारिएको हुन्छ। यस विषयमा विभिन्न दस्तावेजहरु जस्तैः **राष्ट्रिय मानव अधिकार आयोगले तयार गरेको बैदेशिक रोजगारीमा गएका पुरुषहरूको श्रीमतीले भोग्नु परेको सामाजिक मूल्य एवं मनोरञ्जन, सत्कार सेवामा कार्यरत महिला तथा बालबालिकाहरूको अवस्था तथा मानव बेचविखनको जोखिमता सम्बन्धी प्रारम्भिक अध्ययन प्रतिवेदन २०७६ र १६औँ** योजनाले समेत महिलाहरुले गर्ने सेवामुलक अदृष्ट र घरेलु श्रम तथा स्याहार कार्यको आर्थिक मूल्याङ्कन गर्ने प्रणाली विकास गर्ने भनिएको छ।

महिलाहरुले गर्ने यस्ता सेवामुलाक अदृश्य श्रमलाई औपचारिक पहिचान दिदा लैंगिक समानताको प्रवर्द्धन र समावेशीकरणले महिलाको श्रमको आर्थिक योगदान देखिन्छ र राष्ट्रिय आय (GDP) मा समेत योगदान पुर्याउने समाजमा महिलाको भूमिकाको महत्व प्रभावकारी हुने छ।

**लैंगिक भूमिका र सामाजिक सांस्कृतिक अपेक्षाहरू:**

हाम्रो समाजमा रहेको सामाजिक सांस्कृति मुल्य मान्यताहरुका कारण हेरचाह तथा प्रत्यक्ष आम्दानी नहुने काम अर्थात पारिवारिक हेरचाह जस्ता काम महिलाले नै गर्नु पर्ने बाध्यता जस्तो रहेको छ। यस्ता सामाजिक संस्कृतिक रुपमा स्थापित विभेदकारी भुमिका प्रति सामाजिक-सांस्कृतिक अपेक्षाहरू गहिरोसँग जरा गाडेर रहेका छन।

**जस्तैः सामाजिक-सांस्कृतिक अपेक्षाहरू**

- परिवार केन्द्रित सोच अझै पनि बलियो रुपमा रहेको छ। विशेषतः छोरीहरूले विवाहपश्चात श्रीमानको घरमा जानु पर्ने, बा आमाको हेरचाह छोराहरूले गर्नु पर्ने अपेक्षा अझै रहेकै छ।
- कुल धान्ने, इज्जत धान्न जस्ता मान्यताले विशेषतः महिलालाई बढि असर परेको छ उनिहरु समाजले दिएका यस्ता सामाजिक नियममा बाधिएर बस्नु परेको छ।
- पढाइ, रोजगारी, स्वतन्त्र निर्णय तथा नतृत्व जस्ता विषयमा महिला तथा यौंनिक तथा लैंगिक अल्पसंख्यहरुलाई अझै पनि पुरुषको तुलनामा कम स्वतन्त्रता र कम सहभागित गराइन्छ।
- जिवन साथी रोज्ने, विवाह गर्ने कि नगर्ने, कुन उमेरमा गर्ने, कस्तो पहिरन, कस्तो बोलीचाली जस्ता कुरामा महिलामाथि बढी सामाजिक नियन्त्रण रहेको छ।

तर अहिले आएर यस्ता सामाजिक सांस्कृति सोच तथा मुल्य मान्यताहरु क्रमिक रुपमा परिवर्तन हुदैछन।

जस्तैः

- विभिन्न सामाजिक अभियानहरूले लैंगिक भूमिकामा केही परिवर्तन ल्याइ सहयोग पुर्याएका छन जस्तैः शिक्षामा समान पहुँच, महिलाको आर्थिक सशक्तीकरण, कानुनी सुधार, महिलाको नेतृत्वदायी भुमिका, उद्यमशीलताका क्षेत्रमा महिलाहरुको पहुँच तथा सहभागितामा पहिले भन्दा निक्कै नै बढेको तथ्याङ्कहरुबाट देखाएको छ।
- लैंगिक भूमिकाहरू र सामाजिक-सांस्कृतिक अपेक्षाहरू हाम्रो समाजमा अझै पनि परम्परागत सोचमा नै आधारित रहेका छन। यद्यपि, नयाँ पुस्ता र आधुनिक सोचका कारण केहि परिवर्तनका संकेतहरु भने हामीले देख्न थालेका छौ।

**लैगिक मान्यता र हेरचाह कार्य**

हाम्रो सामाजिकीकरण प्रक्रियाले सानै देखि नै हामीमा गहिरो प्रभाव पारेको हुन्छ जस्तैः लैंगिक मान्यताले छोराहरू र छोरीहरूबीच हेरचाह तथा घरेलु कामको बाँडफाँडमा ठूलो असामनता रहेको छ। यस्ता असमानताले महिलाहरूको सिकाइ, व्यक्तित्व विकास र विश्रामको समय ज्यादै नै कम रहेको छ जसले महिलाहरूलाई पुरुषहरूको बढि असर परिरहेको छ भने महिलालाई निम्न सामाजिक दर्जा दिएको छ।

हाम्रा सामाजिक संस्थाहरू जस्तैः विवाह, धर्म, चालचलले सामाजिक व्यवहारहरु निर्धारण गरेका छन र सामाजिका लागि आफ्नै नियम, कानून र व्यवहार स्थापित गरेका छन् । यस्ता स्थापित व्यवहारले व्यक्ति, समूह र समुदायको आचरणहरु सोहि अनुसार हुने पर्ट भनि सीमित गरिदिएको छ ।

**लैंगिकताको आधारमा कार्य विभाजन:**

परम्परागत सामाजिक सांस्कृतिक मान्यताका आधारमा गरिएको कार्य विभाजनका कारण नेपाली महिलाहरुको काम प्राय हेरचाहमुलक हुने गरेको छ । यस्ता कामहरुले महिलाहरूलाई विभिन्न अवसरबाट बञ्चित गरेको हुन्छ जस्तैः शिक्षा लगायत अन्य अवसरबाट बञ्चित गर्ने र तलब सहितको रोजगारीमा उनिहरुको कम पहुँच हुन्छ । त्यतीमात्र नभएका महिलालाई कामको बोझ बढानुका साथै उनिहरुको शारिरीक तथा मानसिक र स्वास्थ्यमा समेत नकारात्मक असर पार्न सक्छ ।

विभिन्न तथ्यांकलाई हेर्दा कर्णाली प्रदेशका ८२% र सुदुर पश्चिममा  लगभग ७०% खाना पकाउन दाउराको प्रयोग गरिन्छ जुन काम महिलाहरुले नै बढी गर्नु परेको छ ।  पछिल्ला केहि  तथ्यांक यस्तो छनः

| **क्षेत्र** | **तथ्यांक** |
|---|---|
| राष्ट्रव्यापी – २०२१ राष्ट्रिय जनगणना अनुसार | लगभग **५१%** घर–परिवारहरूले खाना पकाउन दाउराको प्रयोग गर्दछन |
| कर्णाली प्रदेश | कर्णालीका **३६६,०३७** घरपरिवारमध्ये **८२.२%** ले खाना पकाउनमुख्य रूपमा दाउराको प्रयोग गर्दछन |
| | राष्ट्रव्यापी रूपमा **४४.३%** ले एलपीजी (LPG) ग्यासको प्रयोग गर्दछन भने विद्युत् मात्र प्रयोग गर्ने घरपरिवारको संख्या ०.५% मात्र रहेको छ |

महिलाले अवैतनिक अर्थात विना कुनै मुल्य हेरचाह कार्यमा बढि संलग्न हुने गरेको पाईन्छ । धेरै महिलाहरूले दैनिक २–५ घण्टा दाउरा  संकलनमा खर्च गर्ने गर्छन जसले गर्दा उनिहरु उत्पादनशील कार्यमा संलग्न हुन पाउँदैनन् । जसले उनीहरूको शिक्षा, स्वास्थ्य, आयआर्जन जस्ता सवालमा प्रत्यक्ष असर पर्नुका साथै विभिन्न अवसरबाट समेत बञ्चित हुनु परेको छ । यस्ता विभेदकारी कार्य विभाजले उनिहरुको दैनिक जिवनमा समेत प्रत्यक्ष असर पारिरहेको छ ।

**सामाजिक दबाव र अपेक्षाहरू:**

सामाजिक दबाव र अपेक्षाका कारण हाम्रो विषेशतः महिला तथा यौनिक तथा लैगिक अल्पसंख्यक र विविधतामा रहेका समुदायका महिलाहरु जस्तैः दलित, एकल, अपाङ्गता लगायत सिमान्तकृत समुदायका महिलाहरुले आफ्नो रुचि,चाहना र परिस्थिति भन्दा विपरितका कामहरु गर्न बाध्य बनाईएको हुन्छ । यस्ता भूमिकाहरु समाजले यदि पुरुषहरु

भुमिका  घरभित्रको काम वा हेरचाहमुलमा काममा संलग्न भयो भने त्यसको आलोचना गर्छन तर महिलाहरूले त्यस्ता हेरचाहमुलक काम नगरेमा उनीहरूलाई दोष तथा लाञ्छना लगाउँने गर्दछ ।

**हेरचाहमुलक काममा पुरुषको सहभागिता :**

समाजले यदि पुरुषहरु घरभित्रको काम वा हेरचाहमुलक काममा संलग्न भयो भने त्यसको आलोचना गर्छन तर महिलाहरूले त्यस्ता हेरचाहमुलक काम नगरेमा उनीहरूलाई दोष तथा लाञ्छना लगाउँने गर्दछ ।

हाम्रो समाजमा अहिले यदाकदा पुरुषहरू पनि घरभित्रको काम साथै अन्य हेरचाहमुलक काममा बिस्तारै सहभागी हुन थालेका छन तर उनिहरुको यो सहभागितालाई समाजले मान्यता दिन सकेको छैन । लैंगिक रुपान्तरणकारी भूमिकामा संलग्न हुन थालेका यस्ता पुरुषहरुलाई  घरपरिवार र समाजले निरुत्साहित गर्दछन । यस्तो समाजिक सोचलाई भने कति पुरुषहरूले आधुनिक सोच वा दक्षताको प्रतीकका रूपमा स्विकार गरेका छन जुन सकारात्मक कुरा हो ।

लैंगिकतको आधारमा महिला र पुरुषको भूमिका र काममा रहेको असमानताहरूले महिलाहरूलाई स्रोत साधन, अवसर र निर्णयको अधिकारबाट टाढा पारेको हुन्छ जसले लैंगिक असमानताको चक्रलाई अझ बलियो बनाउँदै लग्छ त्यसैले यस्ता विभेदकारी सामाजिक मान्यताहरूमा रुपान्तरण ल्याउँनु जरुरी छ । सामाजिक मान्यताहरू परिवर्तन गर्ने प्रयासहरू: काम बाँडेर अगाडि बढ्नु अर्थात निःशुल्क हेरचाह जस्ता कार्यमा पुरुषहरूको सहभागिताले विभेदकारी सामाजिक साँस्कृतिक मान्यताहरू परिवर्तन ल्याउँन सहयोगी हुन्छ ।

**उदाहरणका लागि :** पुरुषहरूले पारिवारीक हेरचाहका काममा सहयोग गर्नाले महिलाले पनि आम्दानीमुलक काम गर्ने अवसर पाउँने छन र यसले पारिवारीक आर्थिक अवस्थामा वृद्धि हुनुका साथै घरपरिवार सहयोग र सदभाव बढ्ने छ । यसका साथै समुदायका अन्य सदस्यहरुले पनि उनिहरुबाट सिक्ने र यस्तो भुमिका र व्यवहारलाई स्वीकार गर्दै तिनीहरू पनि परिवर्तनका सम्वाहक बन्ने छन । यसरी समय अनुसार समाजमा हुने परिवर्तनहरूले सामाजिक साँस्कृतिक मुल्य मान्यताहरूलाई परिवर्तन गर्न सक्छ र यी परिवर्तनहरू पुस्ता सँगै परिर्वतिन हुदै जान्छन । यी पुस्तागत फरक धारणा र व्यवहारले परम्परागत सामाजिक साँस्कृति मुल्य मान्यता र धारणालाई चुनौती दिन्छ र विभेदकारी सामाजिक मुल्य मान्यताहरू भविष्यमा परिवर्तन भइ समानता ल्याउन सहज हुने छ ।

**निष्कर्ष:**

हेरचाहमुलक कार्यको कुरा गर्दा नेपालको सन्दर्भमा सामाजिक, आर्थिक तथा लैंगिक पक्षहरूलाई ध्यानमा राख्नु आवश्कय हुन्छ । हाम्रो समाजिक परिवेशलाई हेर्दा हेरचाहमुलक काम महिलाहरूले निःशुल्क रूपमा नै गरिरहेका छन जसको मूल्य वा लागत समाजले देख्दैन । घर भित्रको अति नै महत्त्वपूर्ण यस्ता कामले औपचारिक अर्थतन्त्रमा स्थान पाउँन सकेको छैन । यस्ता हेरचाहमुलक काम अर्थात **अदृश्य श्रमको मूल्य नहुदा** महिलाहरूको औपचारिक श्रम बजारमा सहभागिता घट्नुका साथै आयको अवसर गुम्ने र आत्मनिर्भरता समेत हुन गाह्रो हुने अवस्था छ । त्यसैगरि

यस्ता **हेरचाह कार्यको बोझले** शारीरिक तथा मानसिक स्वास्थमा असर पर्न गइ महिला सशक्तीकरणमा  कमि हुनु र पुरुषहरू हेरचाह कार्यबाट टाढै रहने हुन्छन।

हेरचाहमुलक कार्यमा बढि समय खर्चिनु पर्दा **महिलाहरु आर्थिक तथा राजनैतिक अवसरबाट वञ्चित हुनु परेको छ। उनिहरु** आयमूलक कममा सहभागी हुन नपाउनुका साथै पढ्ने र अन्य सीपमुलक काममा पनि सहभागी हुने अवसर कम रहेको छ जसले गर्दा दीर्घकालीन रूपमा पेन्सन, सामाजिक सुरक्षा लगायतका सेवाबाट वञ्चित समेत हुनु परिरहेको छ।

नेपालको सन्दर्भमा परिवेशमा हेरचाहमुलक कार्यलाई केवल पैसाको हिसाब मात्र होइन, सामाजिक न्याय, लैंगिक समानता तथा समाजिक समावेशिकरण साथै आर्थिक विकासको हिसाबमा लिनु पर्दछ।

**सत्र ७ पितृसत्ता,  पितृसत्ताका प्रकारहरू र शक्ति सम्बन्ध विश्लेषण अवधारणा**
**समयः१ घण्टा ३० मिनेट**
**उद्देश्यहरू:**

- पितृसत्ता के हो र यसले समाज संस्कृति हाम्रो दैनिक जीवनमा पार्ने प्रभावबारे स्पष्ट बुझाइ हुनेछन्।
- लैंगिक समानताको लागि पितृसत्ता विरुद्धको चेतना र सवाल उठाउन तथा यस विरुद्ध पैरवी गर्न सक्ने छन्।
- पितृसत्ताले पारेका प्रभावबारे बताउन सक्ने छन्।
- आफ्नो अनुभव र समाजमा भइरहेका पितृसत्तात्मक अभ्यासहरूबारे छलफल र विश्लेषण गर्न सक्ने छन।

**विधिः** अभ्यास, छलफल र प्रस्तुती।
**आवश्यक सामग्रीः** न्युजप्रिन्ट, हाते माइक, कपी कलम सहभागीहरूलाई दिने, मेटाकार्ड, ब्राउन पेपर, मार्कर पेन।

**समूह कार्यको लागि हरेक समूहमा ४ देखि ५ जना सहभागीहरू राखी ५ देखि ६ वटा समूहमा विभाजन गर्नेः**

पितृसत्ता भनेको केहि र यसले कस्तो प्रभाव पर्दछः महिलालाई पर्ने प्रभाव, पुरुषलाई पर्ने प्रभाव, यौंनिक तथा लैंगिक अल्पसंख्यक समुदायलाई पर्ने प्रभाव र दलित तथा अपाङ्गता भएका महिलालाई पर्ने प्रभाव बारे आ आफ्नु समुदायमा देखिएक यर्थाथहरु के कस्ता छन।

**समुह कार्यका लागि प्रश्नहरु**

समुह १ पितृसत्ता के हो
समुह २ पितृसत्ताले महिलामाथि के कस्तो पार्ने प्रभाव तथा असर पर्दछ

समुह ३ पितृसत्ताले दलित तथा अपाङ्गत भएका महिलामा के कस्तो पार्ने प्रभाव तथा असर पर्दछ
समुह ४  पितृसत्ताले यौनिक तथा लैङ्गिक अल्पसंङ्ख्यकमा के कस्तो पार्ने प्रभाव तथा असर पर्दछ
समुह ५ पितृसत्ताले पुरुषहरुलाई के कस्तो पार्ने प्रभाव तथा असर पर्दछ
समुह ६ शक्ति भनेको के हो र हामीलाई शक्ति कसरी मिल्दछ

छलफल सकिएपछि सहजकर्ताबाहेक सबै सहभागीहरुले एक एक गरि सबै टेबलमा गएर सबै समूहले छलफल गरेको मुद्दासम्बन्धी जानकारी लिने र सहजकर्तालाई आफ्नो समूहमा छलफल भएको कुरा बताउन भन्न लगाउने । सबै सहजकर्ताले आफ्नो समूहमा भएको छलफलबाट आएको निचोडलाई अन्य समूहको सदस्यलाई व्याख्या गर्न लगाउँने ।

**सन्दर्भ सामाग्री**

**पितृसत्ता भनेको के हो**

पितृसत्ता भन्नाले यस्तो सामाजिक व्यवस्था हो जहाँ पुरुषहरूलाई प्रमुख स्थान दिइन्छ र महिलाहरूको तुलनामा पुरुषहरूलाई उच्च अधिकार, शक्ति र अवसर दिएको हुन्छ। यस्तो व्यवस्थामा निर्णय गर्ने अधिकार प्रायः पुरुषहरूसँग मात्र हुन्छ र महिलाहरूलाई निर्णय गर्ने खासै अधिकार हुदैन । विषेशतः असमान शक्ति सम्बन्ध अर्थात शक्तिको असमान विवरण र समाजले छोरालाई दिएको प्राथमिकताको परिणामको रुपमा पनि पितृसत्तालाई लिन सकिन्छ । यस्ता शक्तिहरु समुदाय र स्थान अनुसार फरक हुन सक्छन त्यसैले पितृसत्तात्मक सोच र व्यवहार सधै पुरुषमा मात्र हुन्छ र हुनु पर्छ भन्ने हुदैन यसो महिलामा पनि हुन सक्छ । तर हाम्रो समाजमा भने अहिले पनि पितृसत्ताले महिलाको तुलनामा पुरुषहरुलाई बढि शक्तिशाली बनाएको पाईन्छ ।

**केहि उदाहरणहरुः**

आदिवासीय दर्शन र मूल्यमान्यताले पुरूषतन्त्र र पुलिङ्गी शासन, शक्ति र संरचना कल्पना गरेको हुँदैन । उनीहरू लिङ्ग, उमेर, वर्ग लगायतका  आधारमा विभेद र हेलाहोचो नगर्ने समानताको सामूहिक अवधारणाबाट निर्देशित हुन्छन् ।  त्यसैले संसारभरका आदिवासी समुदायमा पितृसत्ताको अस्तित्व हुँदैन भन्ने सैद्धान्तिक मान्यता रहिआएको छ । बरू अधिकांश आदिवासीहरू मातृसत्तात्मक शासकीय व्यवस्थाबाटै आएको दाबी गर्ने गर्छन् । कतिपय आदिवासीय समुदाय अहिले पनि मातृसत्तात्मक रहेका छन्, जस्तैः नेटिभ अमेरिकी आदिवासीहरू, भारतको मेघालयका आदिवासीहरू ।
*स्रोतः  https://martinchautari.org.np/blogs/Pitrisatta-ra-aadivasi-janajati*

**पितृसत्ताका प्रकारहरू:**

- **पारिवारिक पितृसत्ता**ः घरपरिवारमा बुबा वा पुरुष सदस्यको निर्णय नै अन्तिम हुने र सबैले मान्नै पर्ने ।

- **सामाजिक पितृसत्ता**ः समाजका परम्परा, मूल्य मान्यता र संस्कारहरू पुरुष केन्द्रित छन । जस्तैः विवाहपछि महिला आफ्नो पहिचान समेत छोड्नु पर्नु र श्रीमानको थर र परिवारमा जानु पर्ने चलन त्यस्तै छोराछोरीले बाबुको थर नै राख्नु पर्ने आदि । पितृकार्य तथा कर्मकाण्ड प्रायः छोराले मात्र गर्न पाउने मान्यता आदि ।

- **आर्थिक पितृसत्ता**ः सम्पत्ति र आम्दानीको नियन्त्रण पुरुषहरू र समाजले पुरुषहरूलाई आर्थिक रूपले प्राथमिकता दिइने, महिलाको श्रमको मूल्यन नहुने, आय र रोजगारीमा असमानता साथै सम्पत्तिमा पहुँच र स्वामित्वको अभाव आदि

- **राजनीतिक पितृसत्ता**ः राजनीतिक नेतृत्व र निर्णय प्रक्रियामा पुरुषको वर्चस्व हुनु ।

- **धार्मिक पितृसत्ता**ः धार्मिक विश्वास र अभ्यासहरूमा पुरुषलाई प्रमुख स्थान दिनु आदि ।

**पितृसत्ताका विशेषताहरू:**

- महिलालाई पुरुषको अधीनस्थ मानिनु ।
- परिवार, समाज र राज्यको नेतृत्व तहमा पुरुषहरू अग्रस्थानमा हुनु ।
- महिलाको स्वतन्त्रता र अधिकार सीमित गराउनु ।
- लैंगिक विभेद तथा परम्परागत मुल्य मान्यताहरुलाई अझै पनि समाजले समर्थन गर्नु ।
- विवाह, सन्तान, सम्पत्ति आदि जस्ता कुरामा अझै पनि पुरुषको तुलनमा महिलाको निर्णयलाई प्राथमिकता दिइदैन ।

**पितृसत्ताका प्रभाव तथा असरहरू:**


- लैंगिक असमानतामा बृद्धी हुने
- शिक्षा, स्वास्थ्य, आर्थिक तथा राजनैतिक स्वतन्त्रतामा अवरोध पुऱ्याउँछ ।
- महिलामाथिको हिंसा, दुरव्यवहार तथा यौन शोषण जस्ता घटनालाई प्रोत्साहन दिने ।

- पुरुषहरूले पनि समाजमा रहेको परम्परागत भूमिका निभाउन बाध्य हुनु जसले उनीहरूको व्यक्तिगत स्वतन्त्रतालाई सीमित बनाउँछ ।

**पितृसत्तात्मक समाजमा महिलाको स्थिति:**

- महिलाहरूलाई घरेलु भूमिकामा सीमित राख्ने
- शिक्षा, रोजगार र नेतृत्वमा उनीहरूको पहुँच कम हुने र उनीहरूका विचार, आवाज र स्वतन्त्रताको सम्मान नहुँने
- विवाह, सम्पत्ति, करियर आदि कुरामा स्वतन्त्र निर्णय गर्न नदिने र हिंसा, दुर्व्यवहार र विभेदको जोखिमामा पर्न सक्न् आदि ।







**नागरिक समाज, महिला संस्था तथा अभियन्ताको भूमिका:**

- पितृसत्तात्मक विचार र अभ्यासविरुद्ध विभिन्न सरोकारवालासँग पैरवी र अभियान गर्ने ।
- अभियन्ता तथा अधिकारकर्मीहरू आफु, आफ्नो परिवार, संस्थाहरूमा पितृसत्तात्मक अभ्यासहरू नगर्ने ।
- महिला संस्था तथा नागरिक समाजहरूले पनि यसको विरुद्ध अभियान र पैरवी गर्ने ।

**सत्र ८ स्थानीय तहको योजना निर्माण, समयरेखा, प्रक्रिया चरण र योजना निर्माणका चरणमा लैंगिकताका सवालहरुको समावेश कहाँ , कहिले र कसरी Policies and Practice**

**समय: १ घण्टा ३० मिनेट**

**उदेश्यहरु:** सहभागीलाई स्थानीय तहहरुले बनाउँने वार्षिक योजना तथा बजेट प्रक्रिया तथा चरणहरुबारे स्पष्टता गराउँनुका साथै स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था गरिएका लैंगिक समानता सम्बन्धी प्रावधानबारे स्पष्ट गराउँने रहेको छ। यसका साथै सहभागीहरुलाई स्थानीय तहले बजेट निर्माण, कार्यान्वयन र मूल्यांकनमा लैंगिक दृष्टिकोण किन,कहिले र कसरी समावेश गर्ने र यो किन आवश्यक छ भन्ने जानकारी दिने।

**क्रियाकलापहरु:**

- सहभागीहरुलाई आ आफ्नो स्थानीय तहमा रहेका प्रमुख सवालहरुको पहिचान गर्न लगाउँने र त्यसको प्राथमिकरण गर्न लगाउँने। यसरी प्राथमिकतामा रहेका सवालहरु आफ्नो स्थानीय तहको गत बर्षको योजनामा छ कि छैन हेर्न लगाउँने। यसको लागि सहभागीहरुलाई आफ्नो स्थानीय तहको गत आ व को योजना लिएर आउँने सूचना पहिले नै दिनु पर्दछ।
- यस पछि सहभागीहरुलाई आफ्नो स्थानीय तहको योजनाहरुमा लैंगिक उत्तरदायी योजना कति छ वा छैन विश्लेषण गर्न लगाउने। र स्थानीय तहहरुको योजना निर्माण प्रक्रियामा लैंगिकता सवालहरुको एकिकरण कहाँ कहाँ हुनु पर्दछ भनि सहजकर्ताले तयार गरको प्रस्तुतिकरण गरि स्पष्टता गराउँने।

**अथवा सहजकर्ताले यस्तो क्रियाकलाप पनि गराउँन उपयुक्त हुन्छ जस्तैः पहिलो विधि खेल :** स्थानीय तहमा योजना बनाउने प्रक्रियामा महिला, दलित, अपांगता तथा अन्य बहिष्करणमा पारिएका समुदायलाई कसरी छुट्याउने भन्ने परिदृश्य देखाउनका लागि सहभागीहरु सबैलाई लाईन लागेर उभिन भन्ने र उनिहरुलाई विभिन्न भूमिकाहरु दिने। अब उनिहरुलाई तल उल्लेख गरिएको भूमिका र कथनहरु उनिहरुको भूमिकासंग मिल्ने भए एक पाईला अगाडि बढ्न र नमिलेमा पछाडि सर्न यदि अन्योल छ भने उही ठाउँमा उभिइरहनुहोस्।

**भूमिकाहरू:** गर्भवती महिला, स्तनपान गराइरहेकी आमा, अपाङ्गता भएका दलित केटा, अपाङ्गता भएकी किशोरी, जेष्ठ नागरिक, रोगि बिरामी, एकल वा मधेसी महिला, वडा अध्यक्ष, मेयर, उप–मेयर, प्रमुख प्रशासकीय अधिकृत, राजनीति दलका नेता, शिक्षक (पुरुष) शिक्षक (महिला), नगरपालिकाको योजना अधिकृत, प्रमुख जिल्ला अधिकारी, मानव अधिकारकर्मी, महिला अधिकारकर्मी वा संजालका सदस्य र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सदस्य आदि।

**कथनहरु:**

- सुरक्षित पिउने पानीमा मेरो सहज पहुँच छ।
- नगरपालिका योजना निर्माण प्रक्रियामा मलाई सहभागिता गर्न सहज छ ।
- कुनै पनि प्रकारको जोखिम वा हिंसाबाट म सुरक्षित छु।
- दैनिक खानपान, औषधि लगायतका आधारभूत आवश्यकता व्यवस्थापन गर्न मलाई सजिलो छ।
- स्वास्थ्य सेवामा मेरो सहज पहुँच छ।
- नगरपालिकाले गर्ने योजना र सो को निर्णय प्रक्रियामा मेरो सहभागी हुन सजिलो छ ।
- समुदायमा हुने विभिन्न बैठकहरूमा म सहभागी हुन पाउँछु ।
- मलाई मेरो लागि र आफ्ना बच्चाहरूको लागि राम्रो जीवन यापन गर्न पर्याप्त आम्दानी गर्न सजिलो छ ।
- व्यवसाय सुरु गर्न चाहेमा सजिलै बैंक ऋण पाउन सक्छु आदि ।

**दोस्रो विधि स्थानीय तहको योजना समीक्षाको अभ्यास:** सहभागीहरूसँग आफ्नै स्थानीय तहको वार्षिक योजना ल्याउन भन्ने र त्यसको लैंगिक दृष्टिले समिक्षा गर्ने अभ्यास गराइने ।

अन्तिमा सहभागीहरू जहाँ उभिएका छन् त्यहीँ नै उभि रहन भन्ने र सबैलाई आफ्नो भूमिका के थियो र कस्तो लाग्य भनेर सोध्ने र यो अभ्यास हाम्रो गाउँ तथा नगरपालिकाले बनाउँने वार्षिक योजना र वास्तविकतासंग कसरी सम्बन्धित छ भनेर छलफल गराउँने ।साथै उनिहहरू आ आफ्नो स्थानीय तहको वार्षिक योजनालाई लैंगिक विश्लेष पनि गराउँन सकिने छ। अब सहभागीहरू आफ्नो स्थानीय तह वार्षिक योजना निर्माण गर्दा यदि माथि उल्लेख गरिएका जस्ता भूमिका रहेका व्यक्तिको आवश्यकता र वास्तविकता नबुझि योजना र बजेट नभएमा यस्ता वर्गहरु छुट्ने भएका हुदाँ स्थानीय योजना निर्माण प्रक्रियामा सबैको सहभागिताको सुनिश्चितता गराउँनु पर्दछ भन्दै स्थानिय सरकार संचालन ऐन २०७४ मा उल्लेखित लैंगिक समानता सम्बन्धी प्रावधानबारे जानकारी गराउँदै सत्रको अन्त्य गर्ने ।

**उदाहरणको लागि कुनै स्थानीय तहको योजना यस्तो हुन सक्छन यसको विश्लेषण पनि गराउँन सकिन्छ ।**

| **कार्यक्रम,** | **लैङ्गिक उत्तरदायी कार्यक्रम हो** | **लैङ्गिक उत्तरदायी कार्यक्रम होइन** | **बजेट रकम (रू.) विनियोजित बजेट ३०००००० हो यसबाट के कति कस्तो कार्यक्रमको लागि खर्च भएको छ यस लाईनमा लेख्ने लगाउँने र लैंगिक उत्तरदायी कार्यक्रम र बजेटको विश्लेष तथा छलफल गर्ने** |
|---|---|---|---|
| **फलफूल तथा तरकारी विकास कार्यक्रम** | | | |
| नरपालिकामा भ्यालूचेन विकास सम्बन्धी ५ महिला सहकारीहरूलाई प्रशिक्षण | | | ५००००० |
| सामाग्रीहरू खरिदका लागि घुम्ति कोष उपलब्ध गराउने | | | २००००० |

| | | | |
|---|---|---|---|
| सङ्कलन केन्द्र तथा भण्डार निर्माण | | | ५००००० |
| महिला सहकारीहरूलाई सेवा उपलब्ध गराउन एक्सटेन्सन अधिकृतहरूलाई उत्पादन प्रविधि तथा महत्तम अभ्यास सम्बन्धी तालिम | | | १००००० |
| महिला सहकारीहरूलाई उत्पादन तथा पोस्ट–हाभेस्ट प्रविधि सम्बन्धी बिस्तारित सेवा | | | ५००००० |
| महिला सहकारीहरूलाई लैङ्गिक समानता तथा सामाशजकसमावेशीकरण सम्बन्धी तालिम | | | १००००० |
| पुरुष कृषक, परिवारको रेखदेखकर्ता तथा समुदायका नेताहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम | | | १००००० |
| सङ्कलन केन्द्र तथा सेटलाईट बजारका संचालकहरूलाई बजारीकरण र व्यवस्थापन सभबन्धी तालिम | | | १००००० |
| सङ्कलन केन्द्र तथा सेटलाईट बजारहरूमा बजार सूचना प्रणाली सदृढीकरण | | | २००००० |
| कमप्यूटर प्रणाली तथा महिला सहकारीहरूलाई बजार सूचना प्रणाली सम्बन्धी तालिम | | | ५००००० |
| अन्य खर्च | | | २००००० |
| | लैंगिक उत्तरदायी कार्यक्रम तथा बजेट के कति छ वा छैन लेख्न लगाउँने | | |

**सन्दर्भ सामाग्री**

**स्थानीय तहको योजना तर्जुमा समय रेखा**

| चरण | क्रियाकलाप | समयसिमा |
|---|---|---|
| १ | बजेटको पूर्व तयारी | |
| | आय ब्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको बिवरण संघीय सरकारमा पेश गर्ने | पौष मसान्त |
| | संघ र प्रदेशवाट बजेटको सिमा प्राप्त गर्ने | चैत्र मसान्त |
| २ | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण गर्ने | बैशाख १० गते |
| ३ | बस्तीतहमा योजना छनौट गर्ने | बैशाख मसान्त |
| ४ | वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण | जेष्ठ १५ गते |
| ५ | बजेट तथा कार्यक्रम तर्जुमा | असार ५ गते |
| ६ | कार्यपालिकावाट बजेट तथा कार्यक्रम स्वीकृति | असार १० गते |
| ७ | स्थानीय सभावाट बजेट तथा कार्यक्रम स्वीकृति | |

**स्थानीय तहको योजना तर्जुमाका क्रममा लैंगिक विषयवस्तुको एकीकरण कसरी गर्ने भन्ने सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भएका कुराहरु यस प्रकार रहेका छनः**

**स्थानीय तहको जिम्मेवारी**

- संविधान तथा दीगो विकास लक्ष्यमा लैंगिक विषय वस्तुप्रति गरिएको प्रतिबद्धता र मध्यमकालीन खर्च संरचनामा समावेश गरिएका कार्यक्रमहरूलाई ध्यानमा राखेर योजना तर्जुमा गर्न योजना अधिकृतहरूलाई निर्देशन दिने।
- योजना अधिकृतहरूलाई विभिन्न सामाजिक पृष्ठभूमि भएका महिलाहरूको जीविकोपार्जन तथा आवाज सशक्तीकरण तथा संरचित विभेदलाई न्यून गर्ने खालका कार्यक्रम तथा आयोजनाहरूको विकास गर्न निर्देशन दिने।
- निर्दिष्ट लिङ्ग, जातजाति, अवस्थिति र पहिचानमा आधारित विभेदजन्य मूल्यमान्यता तथा अभ्यासहरूमा लक्षित गर्ने, हेरचाह सम्बन्धी कार्यबोझको न्यूनीकरणका उपायहरूको पहिचान गर्ने, पुरुष तथा बालकहरूसँग र सुविधासम्पन्न सामाजिक समूहसँग काम गर्ने।
- लैङ्गिक तथा जातीय सांस्कृतिक विविधता विशेष कार्यक्रमको प्रवर्द्धन गर्ने वा विशेष, संरक्षित र स्वायत्त क्षेत्रको विकासका लागि विशेष कार्यक्रमहरूका लागि अतिरिक्त बजेट उपलब्ध गराउने।

| योजना तर्जुमाका चरणहरू | लैङ्गिक विषयवस्तुको एकिकरण र बजेटको प्रावधानहरू |
|---|---|
| चरण १: बजेटको पूर्वतयारी | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विश्लेषण र तथ्यहरु साथै खण्डीकृत तथ्याङ्कको प्रयोग गर्ने |
| चरण २: स्रोत अनुमान तथा बजेट सीमा निर्धारण | राजस्वका स्रोतहरू तथा यसको प्रक्षेपणबाट लैङ्गिक समानता तथा महिला सशक्तिकरणमा पर्ने प्रभावको विश्लेषण, खण्डीकृत तथ्याङ्कको आधारमा बजेट सीमा निर्धारण |
| चरण ३: वस्ती तहमा योजना छनौट | विभिन्न सामाजिक समूहका तथा संजालका विविध महिला तथा पुरुषहरु सहभागी भएको सुनिश्चित गर्ने । भेलालाई अभिमुखीकरण गर्ने । तथ्याङ्क तथा तथ्य उपलब्ध गराउने । |
| चरण ४: वडास्तरमा प्राथमिकता निर्धारण तथा योजना छनौट | सशक्तिकरण र विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तन गर्न सहयोग मिल्ने कार्यक्रम योजनाहरूको प्राथमिकता निर्धारण गर्ने । |
| चरण ५: बजेट तथा कार्यक्रम तर्जुमा | विषयगत क्षेत्रको अवस्थाको मूल्याङ्कनमा आधारित क्रियाकलापहरूका लागि बजेट विनियोजन गर्ने |
| चरण ६: बजेट तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृति | स्वीकृत योजनाहरूले लैङ्गिक समानता तथा महिला सशक्तिकरणलाई समेटेको सुनिश्चित गर्ने । |
| चरण ७: स्थानीय सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति | लैङ्गिक समानता तथा महिला सशक्तिकरणको लागि प्राथमिकता रहेका योजना तथा कार्यक्रमहरु अनिवार्य स्वीकृत होस भनी तथ्यहरू प्रस्तुत गर्ने र यसको सुनिश्चितता गर्ने आदि । |

**सत्र ९ लैंगिक उत्तरदायी बजेट अवधारणा, पृष्ठमूमि, उदेश्य, र आवश्यकता र नेपालमाक लैंगिक उत्तरदी बजेटको अवस्था तथा योजनाहरुको विश्लेषण**

**स्थानीय तहहरुमा**

**समय: १ घन्टा ३० मिनेट**

**उद्देश्यहरु:**

- लैङ्गिक उत्तरदायी बजेटबारे जानकार हुँदै लैङ्गिक उत्तरदायी बजेट निमार्ण गर्न पैरवी गर्ने।
- लैङ्गिक उत्तरदायी बजेट बनाउनुको उद्देश्यबारे प्रष्ट हुनेछन्।
- लैङ्गिक उत्तरदायी बजेटको आवश्यकताबारे बुझ्नेछन् र पैरवी गर्नेछन्।

**आवश्यक सामग्रीहरू:** मेटा कार्ड, मार्कर पेन, न्युज प्रिन्ट, हाते माइक, ल्यापटप, पावर प्वाइन्ट, ह्वाइट बोर्ड, प्रोजेक्टर आदि।


**विधि:** सामूहिक छलफल, मस्तिष्क मन्थन, प्रस्तुति आदि।

**क्रियाकलाप:**

लैंगिक उत्तरदायी बजेटको तालिममा बस्नु अगाडि थाहा पाउनुपर्ने कुराहरू:

यस शब्दावलीहरूले लैङ्गिक उत्तरदायी बजेट निमार्णको उद्देश्य, आवश्यकता, महत्व थाहा पाउँदै पैरवी गर्न मद्दत गर्दछ।




**लैंगिक उत्तरदायी बजेट:**


**मस्तिष्क मन्थन:**


लैंगिक उत्तरदायी बजेट के हो ? उद्देश्य र आवश्यकताबारे सूची बनाउनुहोस्।


- सहभागीहरूलाई यसको लागि न्युजप्रिन्ट र मार्कर पेन दिने।
- १० मिनेटको समय दिने।
- सहभागीहरूले लेखिसकेको न्युजप्रिन्टहरूलाई भितामा टाँस्ने।

**नेपालको सन्दर्भमा लैंगिक उत्तरदायी बजेटको पृष्ठभुमि:**

- महिला विकास कार्यक्रम, २०३७–२०४२
- लैंगिक समानता र सशक्तिकरण कार्यक्रम नवौँ योजना २०५४–०५९
- बजेट भाषणबाट (लैंङ्गिक उत्तरदायी बजेट) २०६२–२०६३
- लैंगिक उत्तरदायी बजेट र कार्यक्रम मापनका आधार अभ्यास शुरु २०६४–२०६५
- लैंगिक उत्तरदायी बजेट दिग्दर्शन २०६९
- नेपालको संविधान २०७२ लैंगिक समानता र मूलप्रवाहिकरण
- १६ औं योजनाले राज्यका तिनै तहका सरकारमा लैंगिक उत्तरदायी बजेट बिनियोजन पद्धतिको संस्थागत विकासमा जोड
- लैंगिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति २०७२
- लैंगिक समानता कायम गर्न तथा लैंगिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२
- प्रदेश तथा स्थानीय तहका लागि लैंगिक उत्तरदायी बजेट नमुना निर्देशिका २०७७
- गाउँपालिका नगरपालिका सामाजिक समावेशीकरण नीति २०७८ (नमूना)
- स्थानीय तहमा लैंगिक समानता र सामाजिक समावेशीकरण परिक्षण कार्य विधि २०७७ (नमूना)






**लैंगिक उत्तरदायी बजेटको आवश्यकता**

- महिला र पुरुषले फरक फरक जीवनको नेतृत्व गर्दछन् र समान अवसर र अधिकार प्रयोग गर्न पाएका छैनन्।
- अनुभव, आवश्यकता र प्राथमिकताहरू फरक फरक छन्।
- अनुभव, आवश्यकता र प्राथमिकताहरू फरकफरक भएको कारण उपलब्ध नीतिहरूको प्रभाव पनि फरक फरक पर्न सक्छन्।
- आर्थिक सिद्धान्तहरू पुरुषको जीवनमा बढी आधारित छन् त्यसैले आर्थिक निर्णयहरू पुरुषहरूबाटै हुँदै आएका छन्।
- अतः लैंगिक समानताको लागि सकारात्मक परिवर्तन र लैंङ्गिक उत्तरदायी बजेट अनिवार्य भएको हो।

**उद्देश्यहरू**

लैंगिक उत्तरदायी बजेट स्थानीयकरण रणनीतिका उद्देश्यहरूः

- लैंगिक समानताको लागि कार्यक्रम र बजेटको सम्बन्ध स्थापित गर्ने।
- स्थानीय स्तरमा स्रोत व्यवस्थापन, कर, दस्तुर, शुल्क, महसुल, दण्ड, जरिवाना निर्धारण गर्दा समेत लैंगिक उत्तरदायी बजेट नीति अवलम्बन गर्ने।
- सरकार, विकास साझेदार, अन्तर्राष्ट्रिय संस्था तथा अन्य गैरसरकारी संस्थाहरूलाई लैंगिक बजेट विनियोजन तथा कार्यान्वयन गर्नका लागि पहल तथा पैरवी गर्ने।
- तोकिएको अंङ्भारको आधारमा कार्यक्रम र बजेटको लैंगिक संवेदनशीलता मापन गरी उपयोग र पैरवी गर्ने।
- योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनमा महिलाको अर्थपूर्ण सहभागिता अभिबृद्धि गर्ने।
- लैंगिक सूचक अनुसार परियोजनाहरूको उपलब्धि मापन गर्ने।
- स्थानीय समुदायलाई कुनै पनि परियोजना वा कार्यक्रमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाभ पाएको अनुभूति गर्नसक्ने गरी सक्षम तुल्याउने।

- स्थानीय तहमा उत्तरदायित्व परीक्षणका कार्यमा लैंगिक उत्तरदायी बजेटको प्रावधान पालना भए नभएको समेत परीक्षण गर्ने व्यवस्थाद्वारा सबैलाई सुशासनको महसूस हुने वातावरण निर्माण गर्ने।
- कार्यक्रमको माध्यमबाट लैंगिकतामा आधारित हिंसा एवं विभेद र बहिष्करणको अन्त्य गर्ने।

**नेपालको योजना तथा कार्यक्रमहरुमा लैंगिक उत्तरदायी बजेटको केहि वर्षको प्रतिशत अर्थात ट्रेन्ड हेर्दा यस्तो देखिन्छ**

| आर्थिक वर्ष | प्रत्यक्ष उत्तरदायी | अप्रत्यक्ष उत्तरदायी | तटस्थ | जम्मा |
|---|---|---|---|---|
| २०७४/७५ | ४७८.५८ अर्ब (३७.४२%) | ४१७.६७ अर्ब (३२.६६%) | ३८२.७३ अर्ब (२९.९२%) | १२७८.९९ अर्ब |
| २०७५/७६ | ५०८.३७ अर्ब (३८.६५%) | ४५०.८० अर्ब (३४.२८%) | ३५५.९९अर्ब (२७.०७%) | १३१५.१६ अर्ब |
| २०७६/७७ | ५८५.२० अर्ब (३८.१७%) | ५४५.०६ अर्ब (३५.५६%) | ४०२.७० अर्ब (२६.२७%) | १५३२.१६ अर्ब |
| २०७९/८० | ७२१.९७ अर्ब (४०.२५%) | ६२६.९२ अर्ब (३४.९५%) | ४४४.९२अर्ब (२४.८०%) | १७९३.८३ अर्ब |
| २०८०/८१ | ७३८.४० अर्ब (४२.१६%) | ५६६.६६ अर्ब (३२.३६%) | ४४६.२३ अर्ब (२५.४८%) | १७५१.३१ अर्ब |
| २०८१/८२ | ८१५.९४ अर्ब (४२.८६%) | ५२०.४६ अर्ब (२७.९८%) | ५२३.८९ अर्ब (२८.१६%) | १७९३.८२ अर्ब |

**सत्र १० लैङ्गिक उत्तरदायी बजेट योजना तर्जुमा र लैंगिक उत्तरदायी बजेटको वर्गीकरण र कोडिङ**

**समयः १ घन्टा ३० मिनेट**

**उद्देश्यहरूः**

- लैंगिक उत्तरदायी बजेट योजना तर्जुमाबारे जान्नेछन्।
- लैंगिक उत्तरदायी बजेट योजना तथा तर्जुमाका चरणबारे जानकार हुनेछन्।
- लैंगिक उत्तरदायी बजेटको वर्गीकरणबारे प्रष्ट हुनेछन्।
- लैंगिक उत्तरदायी बजेट बनाउन स्थानीय तह र प्रदेश तहमा पैरवी र अभियान गर्नेछन्।

**विधिः** अभ्यास, सामूहिक छलफल, प्रस्तुति।
आवश्यक सामग्रीहरूः चार्ट पेपर, न्युज प्रिन्ट, मार्कर पेन, ल्याप टप, हाते माइक, आदि।

## व्याख्यात्मक क्रियाकलापहरू



स्थानीय तहको वार्षिक बजेट तथा योजना तर्जुमा प्रकृयाको समयतालिका


| चरण | विवरण | समय सीमा |
|---|---|---|
| पहिलो चरण | बजेट पूर्व तयारीमा<br>• आय व्ययको प्रक्षेपण गरिएको विवरण संघीय सरकारमा पेश गर्ने । | पुष मसान्तभित्र |
| | • संघ र प्रदेशबाट बजेटको सीमा प्राप्त गर्ने । | चैत मसान्तभित्र |
| दोस्रो चरण | स्थानीय तहको श्रोत अनुमान र बजेट सीमा निर्धारण गर्ने । | बैशाख १० भित्र |
| तेस्रो चरण | बस्ती र टोल स्तरबाट योजना र कार्यक्रम छनौट गर्ने । | बैशाख मसान्तभित्र |
| चौथो चरण | वडा स्तरीय योजना प्राथमिकीकरण गर्ने । | जेठ १५ भित्र |
| पाँचौ चरण | बजेट तथा कार्यकम तर्जुमा गर्ने । | असार ५ भित्र |
| छैठौ चरण | गाउँ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यकम स्वीकृत गर्ने । | असार १० भित्र |
| सातौ चरण | गाउँ वा नगरसभाबाट बजेट तथा कार्यकम स्वीकृति वा पारित गर्ने । | असार मसान्तभित्र |











**क्रियाकलापः**

महिला तथा बालिका लक्षित सूचिकृत क्रियाकलापको आधारमा कोडिङ अभ्यास गर्नको लागि सहभागीहरूलाई समूह बनाएर अभ्यास गर्न लगाउने, यसको लागि ३० मिनेट समय छुट्टयाउने। प्रत्येक समूहले ५–५ मिनेटमा प्रस्तुत गर्न लगाउने ।



**लैङ्गिक उत्तरदायी बजेट योजना तर्जुमा प्रकृयाहरु**

२. लैङ्गिक उत्तरदायी बजेटका प्रावधान सहित योजना तजुमा

| प्रदेश तहमा योजना तजुमा चरणहरु | स्थानीय तहमा योजना तजुमा चरणहरु |
|---|---|
| १. आयव्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण नेपाल सरकारमा पेश गर्ने | १.आयव्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण नेपाल सरकारमा पेश गर्ने |
| २. संघबाट प्रदेशलाई वित्तिय हस्तान्त्रणको सीमा र मार्गदर्शन प्राप्ति | २. संघ र प्रदेशबाट वित्तिय हस्तान्त्रणको सीमा र मार्गदर्शन प्राप्ति |
| ३. आगामी आर्थिक वर्षको बजेट सीमा मन्त्रालय/निकायमा पठाउने | ३. आगामी आर्थिक वर्षको बजेट सीमा मन्त्रालय/निकायमा पठाउने र बिषयगत क्षेत्र छुट्टाउने। |

**लैङ्गिक उत्तरदायी बजेट योजना तर्जुमा प्रक्रिया र चरण**

२. लैङ्गिक उत्तरदायी बजेटका प्रावधान सहित योजना तजुमा

| प्रदेश तहमा योजना तजुमा चरणहरु | स्थानीय तहमा योजना तजुमा चरणहरु |
|---|---|
| ४. आगामी आर्थिक वर्षको बजेट सीमा मन्त्रालय/निकायमा पठाउने : लैंगिक दृष्टीकोणले मानव अधिकार, दिगोविकास लक्ष्य र सरकारका प्राथमिकतामा जोड दिने। | ४. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण: स्थानीय राजश्व परामर्श समितिले सम्बन्धित स्थानीय तहको कार्यपालिकामा राजश्व प्रक्षेपण गरी पेश गर्ने<br>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले स्थानीय तहको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्पन्न गर्ने |

**लैङ्गिक उत्तरदायी बजेट योजना तर्जुमा प्रक्रिया**

२. लैङ्गिक उत्तरदायी बजेटका प्रावधान सहित योजना तजुमा

| प्रदेश तहमा योजना तजुमा चरणहरु | स्थानीय तहमा योजना तजुमा चरणहरु |
|---|---|
| ५. बिषयगत मन्त्रालय तथा निकायले बजेट तथा कार्यक्रम पेश गर्ने | ५. आगामी आ.ब.को बजेट सीमा पालिकाको बिषयगत महाशाखा, शाखा तथा वडा समितिमा पठाउने: म.स. तथा लै.स.को लागि आवश्यक कार्यक्रम पहिचान गर्ने |
| ६.बजेट तथा कार्यक्रममा छलफल गरी अन्तिम रुप दिने | ६. वडास्तरीय योजना तर्जुमा र प्राथमीकता निर्धारण |
| ७. नीति तथा योजना आयोगबाट बार्षिक कार्यक्रम स्वीकृत | ७. एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा: स्वास्थ्य, शिक्षा, आवाज क्षमता, नेतृत्व विकास, लैंगिक समानताबारे व्यवस्था गर्ने |

**लैङ्गिक उत्तरदायी बजेट योजना तर्जुमा प्रक्रिया**

२. लैङ्गिक उत्तरदायी बजेटका प्रावधान सहित योजना तजुमा

| प्रदेश तहमा योजना तजुमा चरणहरु | स्थानीय तहमा योजना तजुमा चरणहरु |
|---|---|
| ८. प्रदेश सभामा बजेट पेश | ८. कार्यपालिकाबाट बजेट स्वीकृत: महिला सशक्तिकरण र लैंगिक समानताका कार्यक्रम पहिचान गर्ने |
| ९.प्रदेश सभाबाट बजेट स्वीकृत | ९. पालिकाको सभामा पेश गर्ने |
| १०. बजेट तथा कार्यक्रम सर्वसाधारणका लागि प्रकाशन | १०. बजेट तथा कार्यक्रम सम्बन्धित सभाबाट स्वीकृत गर्ने |
| | ११. स्थानीय प्रमुख भाषामा प्रकाशन: FM, सहकारी संस्था आदिबाट जानकारी |

## महिला संस्थाका भूमिका तथा जवाफदेहिता

- लैङ्गिक उत्तरदायी बजेट योजना निमार्ण प्रक्रियामा सहभागीताको लागि पहल गर्ने।
- लैङ्गिक उत्तरदायी बजेट योजना निमार्ण गर्न सार्वजनिक सुनवाई कार्यक्रममार्फत सेवाप्रदायकलाई जिम्मेवार बनाउन पहल गर्ने।
- सेवाग्राही र सेवाप्रदायकबीच महिलावादी संवादको आयोजना गर्ने।
- लैङ्गिक उत्तरदायी बजेट निमार्ण गर्न स्थानीय जनप्रतिनिधिहरूलाई पैरवी गर्ने।
- लैङ्गिक उत्तरदायी बजेटका लागि महिलाका संस्था तथा अभियन्ताले स्थानीय तह तथा सरोकारवालासमक्ष दबाब सिर्जना गर्ने।
- बजेट निमार्ण गर्नुअघि सार्वजनिक सुनवाई लगायतका कार्यक्रममा सहभागी भएर महिला तथा सीमान्तकृत महिलाका आवश्यकता विषयहरू अवगत गराउने।
- लैङ्गिक उत्तरदायी बजेट बनाउने महिला संस्था तथा अभियन्ताहरूले महिलाका विषयहरूको मागपत्र तयार गरेर दिने।

**सत्र ११ स्थानीय तहको संरचना ( जिल्ला, गाउँपालिका/नगरपालिका, वडास्तर आदि) र तिनको काम कर्तव्य जिम्मेवारी र अधिकार**

**समयः १ घण्टा ३० मिनेट**

---

**उद्देश्यहरुः** सहभागीहरूलाई नेपालको संघीय संरचना अन्तर्गत रहेको स्थानीय तहको बारेमा स्पष्टता गराउने साथै जिल्ला, गाउँपालिका, नगरपालिका र वडास्तरको संरचना, भूमिका, जिम्मेवारी र अधिकारबारे। साथै स्थानीय तहले प्रदान गर्ने सेवा र प्रक्रियाबारे जानकारी गराउँने। नागरिक सहभागिता र पारदर्शिताको सन्दर्भमा स्थानीय तहको महत्व के हो भन्ने स्पष्टता गराउँने। साथै वडाबाट हुने सिफारिश प्रमाणित जस्ता कार्यका लागि आवश्यक पर्ने कागजात बारे थाहा पाउने बनाउँनु।

साथै यस सत्रबाट सहभागीहरूले स्थानीय तहको भूमिका, संरचना र अधिकारबारे व्यावहारिक र संवैधानिक ज्ञान हासिल गर्ने अपेक्षा समेत गरिएको छ।

**क्रियाकलापहरुः** यो सत्र सैद्धान्तिक हुने भएको हुदाँ सहकर्ताले प्रस्तुतीकरण (PowerPoint) विधिको प्रयोग गर्न उपयुक्त हुन्छ। यसका लागि स्थानीय तहको संरचना, कार्य, अधिकारहरू Power Point मार्फत बुझाउने विषेशता संविधानको अनुसूची ८ र ९ को बारेमा समेत जानकारी दिने।

तर सहभागीको स्तर र अनुभव हेरी उनिहरुलाई विभिन्न समूह बनाई तपाईको स्थानीय तहले अर्थात वडा कार्यालय गाउँपालिका वा नगरपालिकाले यिव विभिन्न क्षेत्रहरूमा कसरी काम गर्दै आएको छ भनि छलफल गर्न लगाउने जस्तै: शिक्षा, स्वास्थ्य, न्याय, महिला बालबालिका क्षेत्रहरू आदि। अब हरेक समूहलाई स्थानीय तहले त्यो क्षेत्रको लागि के गर्दै आएको छ प्रस्तुत गर्न लगाउने।

अथवा भूमिका अभिनय पनि गराउँन सकिन्छ : जस्तैः सम्बन्धित वडा कार्यालयको सेवा प्रवाहको कसरी हुदाँ आएको छ यसबारे भूमिका अभिनय गराउने यसको शिर्षक चाहि नागरिकले सेवा लिँदाको प्रक्रिया कस्तो हुन्छ नि अभियन गराउँने । अथाव न्यायिक समितिले आएका विवाद समाधान कसरी गरि रहेका छन भनि भूमिका अभियन मार्फत देखाउन लगाउँने।

अन्त्यमा माथिका क्रियाकलापमा आएका कुराहरुलाई न्युज प्रिन्टमा लेखि स्थानीय तहको काम कर्तव्यर अधिकार र जिम्मेवारीहरूबारे जानकारी गराउँदै सहकर्ताले तयार पारेको प्रस्तुतिकरण देखाउँदै स्पष्ट गराउँने।

**सन्दर्भ सामग्री**

**संविधान अनुसार नेपालमा तीन तहको सरकार रहेको छ जो यस प्रकार छनः संघीय, प्रदेश, र स्थानीय तहहरु जस अन्तरगत निम्न पर्दछनः**

- गाउँपालिका
- नगरपालिका

- उपमहानगरपालिका
- महानगरपालिका पर्दछन ।

यी सबै तहमा वडाहरू रहका हुन्छन र प्रत्येक स्थानीय तहमा ५ देखि ३३ वटासम्म वडा हुने गरेको पाईन्छ । विषयतः वडा स्थानीय तहको सबैभन्दा सानो प्रशासनिक एकाइ हो र प्रत्येक वडामा वडा अध्यक्ष र सदस्यहरू हुन्छन । वडा कार्यालय नै प्राथमिक सरोकारवाल भएको ले यहाँ हामी वडाको प्रमुख काम कर्तव्य जिम्मेवारी र अधिकारबारेमा चर्चा गर्ने छौ जस्तैः

- **वडाले गर्ने सिफारिस र प्रमाणित सम्बन्धी जानकारी:** स्थानीय सरकार संचालन ऐनको दफा १२ उपदफा (३) अनुसार कार्यपालिकाले वडा समितिको काम, कर्तब्य र अधिकार नतोकेसम्म उपदफा (२) को खण्ड ङ बमोजिम ३५ वटा भन्दा बढी सिफारिस हरु वडा समितिको कार्यालयबाट गर्ने व्यस्था रहेको छ । जस्तैःनागरिकताको लागि सिफारिस, जग्गा नामसारी , नाता प्रमाणित, नाम, थर संशोधन, घर, जग्गा मूल्यांकन, घर बाटो प्रमाणित, चार किल्ला प्रमाणित, उद्योग दर्ता, छुट जग्गा दर्ता, राहदानी,धारापानी तथा बिजुली जडान सम्बन्धी सिफारिश, आदि ।
- **सिफारिश प्रकृयामा देखिने प्रमुख समस्याहरू:**
    - सेवाग्राहीलाई कानूनी प्रकृया बारे जानकारी नहुँदा प्रकृया झण्झटिलो मान्ने
    - कागजात र प्रकृया नै पूरा नभई सिफारिश माग गर्ने प्रबृत्ति
    - निवेदनका ढाँचाहरू सेवाग्राहीको पहूँचमा नहुने र भएका पनि प्रयोग नगरिने
    - सबै कागजात तथा प्रकृया पुगेको फाइल पनि सेवाग्राही आफैले शाखा शाखामा घुमाउदै हिड्नु पर्ने अवस्था रहेको
    - राजस्व रकम बैंक दाखिला गर्ने व्यवस्था गर्न नसकिएको
    - राजस्व नतिरी सिफारिश लिने वा राजस्व नलिई सिफारिश हुने संभावना रहेको
    - कतिपय अवस्थामा सेवाग्राही र सेवा प्रवाह गर्नेबीच सोझै सम्पर्क नहुने र विद्युतीय प्रणालीबाट सेवा प्रवाहको व्यवस्था मिलाउन नसकिएको, आदि ।

**समस्या समाधानका उपायहरू**

- सेवाग्राहीलाई कानूनी प्रकृया बारे जानकारी दिने र नागरिक वडापत्रको व्यवस्था गर्ने
- निवेदनका ढाँचाहरू सेवाग्राहीको सहज पहूँच हुने गरी उपलब्ध गराउने
- हेल्प डेस्कको व्यवस्था गरी कागजात तथा प्रकृया पुगे नपुगेको चेक जाँच गर्ने व्यवस्था गर्ने

- सम्भव भएसम्म सबै प्रकृया र कागजात पुरा गर्ने सेवाग्राहीलाई काम पुरा गर्न लाग्ने समय सहितको टोकन दिने व्यवस्था गर्ने
- राजस्व रकम बैंक दाखिला गर्ने व्यवस्था गर्ने
- सिफारिश पत्रमा सहिछाप र चलानी पूर्व राजस्व तिरेको रसिद पेस गर्न अनिवार्य गर्ने
- सेवाग्राही र सेवा प्रवाह गर्नेबीच सोझै सम्पर्क हुने गरी सेवा प्रवाहको व्यवस्था मिलाउने
- संभव भएसम्म विद्युतीय प्रणालीबाट सेवा प्रवाहको व्यवस्था मिलाउने, आदि।

**वडाबाट हुने काममा सहजता ल्याउँनका लागि सामुदायिक सुरक्षा जालोको के कस्तो भूमिका हुन सक्दछः**

- आवश्कयत अनुसार सूचना सङ्कलन र सिफारिसका लागि संप्रेषण गर्ने
- वडाले दिने सिफारिस लगायतका दस्तावेजहरुबारे स्थानीय समुदाय सचेतना दिने
- स्थानीय तहलाई खबरदारी गरि आवश्यक मापदण्डहरू पुरा गरे नगरेको निगरानी गर्ने र आवश्यकता भएमा सुझाव दिने अर्थात आधारहीन सिफारिस/प्रमाणिकरण विरुद्ध आवाज उठाउने।
- महिला बालबालिहरू, दलित, अपाङ्गता भएका व्यक्ति साथै ज्येष्ठ नागरिकलाई आवश्यक जानकारी दिने र प्रक्रिया पुरा गर्न सहयोग गर्ने
- सिफारिस पाउँन कठिन भएका महिला तथा यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको गुनासो वा उजुरी सुन्ने र वडासँग समन्वय गराउने
- कुनै प्रकारको अनियमितता भए त्यसलाई सार्वजनिक गर्ने र समाधान खोज्ने पहल गर्ने
- स्थानीय स्तरमा नीति निर्माणमा सहयोग गर्ने
- स्थानीय समुदायक नीति निर्माणमा समावेश गराउन सहजिकरण गर्ने आदि।

**थप स्पष्टताका लागि स्थानीय तहका काम, कर्तव्य र अधिकारकाबारेमा नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहका एकल अधिकारहरू उल्लेख गरिएको छ। ती मध्ये केही प्रमुख कामहरू यस प्रकार रहेका छनः**

**कानुनी अधिकारः**

- स्थानीय नीति, नियम, निर्देशिका निर्माण र सो को कार्यान्वयन
- स्थानिय विकास योजना निर्माण र कार्यान्वयन

**सेवा प्रवाह सम्बन्धी कामहरू:**

- शिक्षा (पूर्व प्राथमिक र आधारभूत शिक्षा)
- आधारभूत स्वास्थ्य सेवा
- खानेपानी तथा सरसफाइ
- कृषि तथा पशुपालन प्रवर्द्धन
- स्थानीय सडक र पूर्वाधार विकास
- जन्म, मृत्यु, विवाह, बसोबास प्रमाणपत्र जारी गर्ने

**आर्थिक अधिकार:**

- स्थानीय कर संकलन (घरजग्गा कर, व्यवसाय कर, सेवा शुल्क आदि)
- बजेट निर्माण, खर्च तथा पारदर्शिता कायम गर्ने
- आन्तरिक स्रोत परिचालन

**सामाजिक अधिकार:**

- सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन
- महिला, बालबालिका, अपांगता भएका व्यक्तिहरूको अधिकार संरक्षण
- सामुदायिक विकास र सामाजिक समावेशिता प्रवर्द्धन्

**न्यायिक अधिकार: स्थानीय तहमा न्यायिक समिति गठन**

न्यायिक सेवा संवेदनशील विषय भएकोले सबै नागरिकको पहुँच न्यायिक सेवामा पुर्याउनको निम्ति संविधानले जनताको नजिकको स्थानीय तहहरुमा न्यायिक समितिको व्यवस्था गरेको हो । सबै स्थानीय तहहरुमा न्यायिक समितिले न्याय सम्पादनको कार्य गर्नु गराउनु संवैधानिक एवं कानूनी व्यवस्था रहेको छ । न्यायिक समितिको अधिकार क्षेत्र र न्यायिक समितिले समाधान गर्ने विवादहरुको प्रकृति स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ र २ ले न्यायिक समितिलाई निश्चित प्रकृतिको देवानी तथा व्यक्तिवादी प्रकृतिको फौजदारी विवादमा विवादको निरुपण तथा मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने अधिकार मात्र दिएको छ ।

न्यायिक समिति भनेको न्यायलय होइन किनभने यस समितिलाई केही निश्चित विवादहरु निरुपण र केहि विवादहरु मेलमिलापबाट मात्र समाधान गर्न सक्ने अधिकार मात्र रहेको हुन्छ । न्यायिक समितिले मेलमिलाप वा मध्यस्थताको

माध्यमद्धारा विवाद समान गर्ने भनिएको हुदाँ समितिले यो पद्धतालाई प्राथमिकता दिन्छ । तर कहिले काहि महिलामाथि हुने विभिन्न प्रकारका शारिरीक मानसिक वा यौनिक हिंसा वा शोषण जस्ता घटनाहरुमा पिडितले न्याय समितिबाट न्याय नपाउँन सक्ने अवस्था पनि आउँन सक्छन । यसका साथै न्यायिक समितिमा राजनीतिक व्यक्तिहरू हुने हुदाँ यसको निष्पक्षताबारे प्रश्न उठान सक्छ । कहिले काहि न्यायिक समितिहरुले आफ्नो अधिकार क्षेत्र नपर्ने र हेर्न नमिल्ने विवादमा समेत मेलमिलाप गराएको उदाहरणहरु हामीले पाएका पनि छौ । त्यसैगरि कुनै स्थानीय तहका न्यायपालिकबाट पितृत्व कायम गर्ने सम्बन्धी विवाद, भ्रष्टाचारसित जोडिएको विवाद, सम्बन्ध बिच्छेद नगरी दोस्रो विवाह गरेको देखिएको तर सम्पत्ति दिने गरी मेलमिलाप गराइएका जस्ता घटनाहरु सुन्नमा पनि आएका छन ।

न्यायिक सम्पादन गर्ने काम एक संवेदनशील र कानूनी प्रक्रिया पूरा गर्नुपर्ने हुँदाहुँदै पनि जनप्रतिनिधिको नाताले नगरबासी मतदाताहरुको तहबाट धैरै आशा भरोसा हुने भएकोले साथै धैरै दबाब हुँदै भएको ले पनि न्यायिक मनले छिटोछरितो रुपमा कम गर्न नसको पनि पाइएको छ ।

**न्यायिक समितिको अधिकार क्षेत्र यस प्रकारका रहेको छः**

| **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) ले दिएको निरुपण गर्न सक्ने अधिकार** | **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (२) ले<br>दिएको मेलमिलापबाट मात्र विवाद समाधान गर्न सक्ने अधिकार** |
|---|---|
| (क) आलीधुर, बाँध, पैनी, कुलो वा पानीघाटको बाँडफाँट<br>तथा उपयोग, | (क) सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक एकाहकको जग्गा अर्कोले च्यापी, मिची वा घुसाई खाएको |
| (ख) अर्काको बाली नोक्सानी गरेको | (ख) सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको |
| (ग) चरन, घाँस, दाउरा | (ग) पति–पत्नीबीचको सम्बन्धविच्छेद |
| (घ) ज्याला मजदुरी नदिएको | (घ) अङ्गभङ्गबाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट |
| (ङ) घरपालुवा पशुपंक्षी हराएको वा पाएको | (ङ) गाली बेइज्जती |
| (च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको | (च) लुटपिट |
| (छ) नाबालक छोराछोरी वा पति–पत्नीलाई इज्जत | आमदअनुसार खान, लाउन वा शिक्षा–दीक्षा नदिएको |
| (छ) पशुपंक्षी छाडा छोडेको वा पशुपंक्षी राख्दा वा पाल्दा | लापरबाही गरी अरुलाई असर पारेको |
| (ज) वार्षिक २५ लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा | (ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको, |

| | |
|---|---|
| (झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरी रूख बिरूवा लगाएको | (झ) अर्काको हकभोगमा रहेको जग्गा आवाद वा भोगचलन गरेको |
| (ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको | (ञ) ध्वनि प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुर्याएको |
| (ट) सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनुपर्दा कानूनबमोजिम छोड्नुपर्ने परिमाणको जग्गा नछोडी बनाएको | (ट) प्रचलित कानूनबमोजिम मेलमिलाप हुन सक्ने व्यक्तिवादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवादहरु |
| (ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्याएको | |
| (ड) सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद। | |

**सत्र १२ स्थानीय तहका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा सम्पर्क व्यक्ति अर्थात लैंगिक सम्पर्क व्यक्तिको जिम्मेवारी र सामुदायिक सुरक्षा जालो बिचको सम्बन्ध किन महत्वपुर्ण छ Policies and Practice**

**समयः १ घण्टा ३० मिनेट**

**उद्देश्यहरुः**सामुदायिक सुरक्षा जालोसंग प्रत्यक्ष सरोकार राख्ने नियकाय भनेकै स्थानीय तहमा रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा सम्पर्क व्यक्ति हुन त्यसैले उनिहरुको जिम्मेवारीबारी जानकारी हुनु आवश्यक छ भन्ने यो सत्रको प्रमुख उद्देश्य रहेको छ। साथै यस सत्रबाट सहभागीहरुलाई सम्पर्क व्यक्तिले आफ्नो भूमिका, जिम्मेवारी र अधिकार बुझ्नु, कार्यान्वयन गर्न सक्षम हुनु र समन्वयमा दक्ष हुनु पर्छ भन्ने कुरामा सचेत गराउँनका साथै स्थानीय तहमा महिला, बालबालिका र ज्येष्ठ नागरिकको अधिकार संरक्षण गर्न सामुदायिक सुरक्षा जालोले के कस्तो कदम चाल्न सक्ने भन्नेबारेमा समेत स्पष्ट गराउँने उद्देश्य रहेको छ।

**क्रियाकलापः**

- समुह छलफलमा सहभागीहरूलाई ससाना समूहमा बाँडी, विषयमा छलफल गराउन सकिने छ अथवा सहभागीहरुलाई कुनै समस्या वा विषयमा सहभागी गराउँने र त्यस विषयमा विचार विमर्श गर्न लगाउँने।

- व्यवहारिक भुमिका अभिनय वा घटना अभिनय गरेर लगाउँने र समुह तथा अभिनयबाट आएका कुराहरु प्रस्तुत गर्दै छलफल गराउन समेत सकिने छ ।

तर यसको लागि सहकर्ताले कुन विधि प्रयोग गर्ने भनि पहिले नै सोही अनुसारको तयार गर्नु पर्दछ ।

- अथवा सहभागीहरुबाट अनुभव आदान प्रदान पनि गर्न सकिने छ यसको लागि सहभागीहरूलाई आफ्ना अनुभव भन्न प्रोत्साहन गर्ने र जसले गर्दा अरु सहभागीहरुलाई समेत आफ्नो अनुभव भन्न प्रेरित गर्छ ।
- अन्तमा सहभागीबाट छलफलमा आएका कुरालाई समेट्दै सहजकर्ताले तयार गरेको प्रस्तुतिकरणहरु गर्दै सहभागीहरुलाई यस विषयमा थप स्पष्टता गराउँने ।

**सन्दर्भ सामाग्री**

**लैंगिक सम्पर्क व्यक्तिको कार्य क्षेत्रगत शर्त जिम्मेवारी *(TOR of Gender/GESI focal person at Local level)***

१. आफ्नो स्थानीय तहसंग सम्बन्धित नीति, ऐन, नियम योजना तथा कार्यक्रम तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बनाउन सहयोग गर्ने

२. लैङ्गिक उत्तरदायी बजेटको लागि पहल गरी प्रभावकारी कार्यान्वयनगर्ने व्यवस्था मिलाउने र बजेट तर्जुमाको हरेक चरणका प्रकियामा नै विशेष भूमिका निर्वाह गर्ने

३. लैङ्गिक अध्ययन विश्लेषण तथा लैङ्गिक परीक्षण (Gender Audit) गर्ने गराउने

४. आफ्नो विषय क्षेत्रसँग सम्बन्धित लैङ्गिक खण्डीकृत तथ्याङ्क अध्यावधिक गर्ने गराउने

५. लैङ्गिक अवस्था तथा आवश्यकताको पहिचान गर्ने

६. आफू कार्यरत वा मातहतका कार्यालय वा निकायमा लैङ्गिक उत्तरदायी कार्य वातावरणका लागि पहल गर्ने। लैङ्गिक समानताको बारेमा पैरवी गर्ने

७. आफू कार्यरत शाखा र अन्य सबै शाखाका कार्यक्रमहरुलाई लैंगिक उत्तरदायी बनाउँन सहजिकरण गर्ने र सो को लाई अन्तर्गत निकायको बजेट तथा कार्यक्रम र उपलब्धी लैङ्गिक दृष्टिकोणबाट प्रभावकारी भए नभएको अनुगमन गर्ने ।

८. आफू कार्यरत स्थानीय तहलाई लैङ्गिक हिंसा प्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्ने । यसका लागि लैङ्गिक हिंसा विरुद्धको आचार संहिता बनाई लागू गर्ने गराउने र सो को अनुगमन गर्ने ।

९. कार्यस्थलमा हुने लैङ्गिक हिंसा निवारणका लागि पहल गर्ने महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी, सिड १९७९ लगायत मानव अधिकार सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी अभिसन्धिहरुका सन्दर्भमा स्थानीय

तहबाट गर्नु पर्ने सामुदायिक सचेतिकरण लगायतका कार्यक्रमहरु वार्षिक योजना तथा बजेटमा परे नपरेको सुनिश्चित गरि त्यस्त कार्यक्रम कार्यान्वयन गर्दा समावेशिक सिद्धान्तको आधारमा गर्ने । र यस्ता कार्यक्रमहरुको विवरण अद्यावधिक गर्ने ।

११. अन्तराष्ट्रिय महासन्धिको प्रावधानअनुसार पेश गर्नुपर्ने प्रतिवेदन तयार गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई सूचना तथ्याङ्क तथा जानकारी उपलब्ध गराई सहयोग गर्ने ।

१२. लैङ्गिक समानता तथा महिला सशक्तिकरणसँग सम्बन्धित अन्तराष्ट्रिय तथा राष्ट्रिय क्षेत्रमा भएका वा हुने गतिविधि तथा ती सँग सम्बन्धित अध्ययन प्रतिवेदन तथा अनुसन्धानमूलक लेख खोजी गरी अद्यावधिक गर्ने ।

१३. लैङ्गिक न्यायका लागि लैङ्गिक दृष्टिकोणले पिडितको गुनासा सुन्ने र त्यसको सम्बोधन गर्ने वातावरण बनाउने ।

१४. आफ्नो कार्यालयमा प्राप्त अवसरहरुमा लैंगिक समानता कायम गर्ने र गराउँने ।

१५. सम्बन्धित  स्थानीय तहको कुनै पनि नीति, योजना, कार्यक्रम बनाउँदा सक्रिय सहभागी भई लैङ्गिक उत्तरदायी बनाउने ।

१६. लैङ्गिक विषयसँग सम्बन्धित बैठक सेमिनार तथा छलफलमा सहभागी भई अनुभवहरु आदनप्रदान गर्ने र असल अभ्यासहरुलाई आफ्नो संस्थामा अन्तरिकीकरण गर्ने ।

१७. प्रदेश सरकार( सामाजिक विकास मन्त्रालय) , नेपाल सरकार (महिला, बालबालिका तथा जेष्ठ नागरीक मन्त्रालय) एवं विभिन्न सरोकारवाला मन्त्रालय एवं निकायले आयोजना गरेको बैठकमा लैङ्गिक दृष्टिकोणबाट भएका कार्यहरुको प्रगति प्रस्तुत गर्ने ।

१८. आफ्नो स्थानीय तहमा कुनै समस्या वा चुनौतीहरु भएमा सो को समाधानका लागि पहल गर्ने र आवश्यकता अनुसार प्रदेश वा संघमा रहेको महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको सहयोग लिने

१९. महिला र बालबालिका उपर हुने हिंसाविरुद्धमा सरकारले गरेको संकल्प प्रस्तावहरुको कार्यान्वयन तथा सोको प्रगति तथा उपलब्धिहरु मन्त्रालयमा उपलब्ध गराउन सहयोग गर्ने

२०. आफू रहेको समुदायमा रहेका टोल विकास समिति, सामुदायिक संगठन, उपभोक्ता समिति लगायतका संघ संस्थामा लैङ्गिक समानता तथा लैङ्गिक हिंसाविरुद्धमा समन्वय तथा सहकार्य गर्ने साथै महिला तथा बालबालिकासँग सम्बन्धित कार्यक्रमहरुमा सक्रिय भुमिका निर्वाह गर्ने

२१. जेष्ठ नागरिक,  अपाङ्गता भएका महिलाहरुको सवालहरुलाई सम्बोधन गर्न पैरवी गर्ने

२३. हेल्प डेस्कहरुको व्यवस्था गर्न , भएका वा नयाँ निर्माण गरिने पुर्वाधारहरु अपाङ्गता मैत्री, बाल मैत्री बनाउँनको सहजिकरण गर्ने

२४. स्थानीय तहमा रहेका विद्यालयहरुमा महिला शौचालय, सेनेटरी प्याड जस्ता प्रत्यक्ष किशोरीहरुलाई सहयोग मिल्ने कुराको सुनिश्चितताको गर्ने

२५. भिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिको सहज पहुँचयुक्त नागरिक वडा पत्र राख्न पहल गर्ने साथै Website, Information system Audio the visual etc.

२६. गर्भवति तथा सुत्केरी महिलाहरुका लागि आराम तथा बच्चालाई स्तनपान गराउँने सुरक्षित कक्षको व्यवस्था रहेको सुनिश्चि गर्न

२७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका २०७७ मा रहेका सूचकहरुलाई आधार बनाएर सम्बन्धत स्थानीय तहको लैंगिक समानत तथा सामाजिक समावेशिकरण परिक्षा अर्था GESI Audit नियमित गर्न बजेटको सुनिश्चितता गर्ने र हरेक वर्ष पुष मसान्त भित्र GESI Audit गराउने

२८. लैङ्गिक हिंसा निवारणकोष कोष स्थापना, परिचालन र कार्यान्वयनको सुनिश्चितता गर्ने।

२९ बार्षिक प्रगति समिक्षामा लैससास क्षेत्रको विषयलाई समावेश गराउने सबै विषयगत शाखा र विभिन्न गैससहरुलाई लैससास संवेदनशीलता मैत्री बनाउने।

३१ स्थानीय तहमा लैससासलाई थप खण्डीकृत गरी स्थानीयकरण गर्न साथै लैगिक उत्तरदायी विपद व्यवस्थापन एवं सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन गर्न विशेष भूमिका खेल्ने आदि।

**स्थानीय तहका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका सम्पर्क व्यक्ति अर्थात लैंगिक सम्पर्क व्यक्ति र सामुदायिक सुरक्षा जालो बीचको सम्बन्ध राम्रो हुनु किन आवश्यक भन्ने सन्दर्भमा तल केहि सवालहरुबारे उल्लेख गरिएको जस्तैः**

१. समुदायमा भएका वा हुन सक्ने लैंगिक विभेद तथा हिंसाका घटनामा समन्वय र सहकार्य हुन आवश्यक हुन्छ। यसका लागि स्थानीय तहमा रहेका लैंगिक सम्पर्क व्यक्तिसंगको समन्वय र सहकार्यबाट लैंगिक हिंसा, घरेलु हिंसा, बालशोषण, जेष्ठ नागरिकमाथि हुने हेलाहोचो वा अवहेलना लगायतका विषयमा जानकारी गर्ने गराउँने र पीडितको पहिचान गर्न र आवश्यक सेवा उपलब्ध गराउने पिडितलाई न्यायसम्मको पहुँच दिलाउँन र पीडकलाई कारवाहीको दायरामा ल्याउँन सहज हुने छ।

२. सामुदायिक सुरक्षा जालोले स्थानीय प्रहरी, स्वास्थ्यकर्मी, विभिन्न सामाजिक संघ संस्था, महिला समूह, आमा समुह तथा बाल क्लब लगायत विभिन्न सरोकारवालाहरू समन्वय गरि विभिन्न प्रकारका सचेतामुलक कार्यक्रमहरु संचालन गर्न सक्ने छ।

३ बाढीपहिरोका कारण घरबार गुमाउने, विस्थापित हुने, महिला, बालबालिका, जेष्ठ नागरिक, गर्भवति तथा सुत्केरी आमा लगायत किशोरीहरुको पढाइ तथा स्वास्थ्य सेवामा पहुँच गुमाउने जस्ता समस्या देखिन्छन् यस्तो बेला समन्वय र सहकार्य गरि आवश्यक सहयोग तथा राहतको व्यवस्था उद्धार साथै मनोविमर्श, स्वास्थ्य सेवा, कानुनी सहायता जस्ता सेवा सहज रूपमा पहुँचताका लागि सहजिकरण समेत गर्न सक्ने छ।

४ लैंगिक सम्पर्क व्यक्तिसंगको समन्वय र सहकार्यमा सामाजिक सुरक्षाका कार्यक्रमहरू जस्तैः जेष्ठ नागरिक भत्ता, अपाङ्गता भत्ता जस्ता सेवामा नागरिको सहज पहुँचका लागी सहजिकरण गर्न सक्ने।

५ बालश्रम, विद्यालय छोडेका तथा विवाह जस्ता समवालमा सरोकारवालाहरुसंग अन्तरकृया तथा छलफल गरि यस्तो हुन नदिन पहल गर्न सक्ने छन।

६ लैंगिक सम्पर्क व्यक्ति र सामुदायिक सुरक्षा जालोबीच नियमित समन्वय र बैठकबाट सामुदाय स्तरमा रहेका जोखिम तथा संवेदनशील घटनाहरूको पहिचान, विवरण संकलन, विश्लेषण र आवश्यक नीति निर्माणमा सहयोग पुग्छ र पीडिले सुरक्षीत र न्यायको अनुभुति गर्न सक्छ। यसरी समन्वयत्मक रुपले काम गर्दा सबै सरोकारवाला निकाय र स्थानीय तहमा अन्य समुक संजाल तथा गैससको सामुहिक उत्तरदायित्व र अपन्त्वको भावनाको अभ्यासले प्रोत्साहित गर्छ।

७ विद्यालय, टोल, समुदायस्तरमा सचेतनामूलक कार्यक्रमहरू जस्तैः लैंगिक हिंसा विरुद्ध, बाल अधिकार, महिला हिंसा विरुद्ध पुरुष सहभागीत जस्ता कार्यक्रमहरु सञ्चालन गर्न सक्छन। जसले गर्दा समुदायमा लैंगिक हिंसा घटानाहरुमा कमी, सहयोगी वातावरण निर्माण गर्ने र हिंसा पिडितले सुरक्षाको अनुभूति गर्छ।

८ त्यसैगरि लैससास सम्पर्क व्यक्तिले लैंगिक हिंसाका घटनाहरूको अभिलेख राख्ने, ट्र्याक गर्ने, रिपोर्टिङ गर्ने काम गर्छ भने सामुदायिक सुरक्षा जालो त्यसको सत्यातत्य,अनुगमन र मूल्यांकन गर्न सहयोग पुग्न्।

९ साथै नीति निर्माण, बजेट विनियोजन र कार्यक्रमहरु लैंगिकमैत्रि बनाउन सहयोग पुग्ने।

१० सामुदायिका विविध समस्या तथा मुद्दा र सवालहरुको पहिचान गरि त्यस्ता सवालमा सरोकारवालाहरुलाई दबाव तथा पैरवि गर्न सक्ने छ भने समुदायको आवाजलाई संस्थागत रूपमा अगाडि बढाउने सक्ने छ आदि।

यसरी स्थानीय तहका लैंगिक सम्पर्क व्यक्ति र सामुदायिक सुरक्षा जालोबीचको सहकार्यबाट नै पीडितमैत्री तथा प्रभावकारी सेवा प्रवाह समयन्त्रको निर्माण हुने छ। यो सम्बन्ध मजबुत हुनु भनेकै समावेशि शासन, सामाजिक न्याय र लैंगिक समानताको अभिवृद्धि हुनु हो।

## सत्र १३ लैंगिक हिंसा आपतकालीन कोशको व्यवस्था र हिंसा प्रभावितहरुको कोषसम्मको पहुँचता पुर्याउन सामुदायीक सुरक्षा संजालको भूमिका के कस्तो हुन पर्दछ

**समयः १ घण्टा ३० मिनेट**

**उद्देश्यहरुः** सहभागीहरूलाई लैंगिक हिंसा निवारण कोषको अवधारणा, उद्देश्य र कोषसम्मको पहुँच मापदण्ड बारे जानकारी गराउनुका साथै सामुदायिक सुरक्षा जालोको भूमिकाबारे स्पष्ट गराउँनु । स्थानीय स्तरमा नै रहेका यस्ता कोषहरुमा पिडितको पहुँच अभिवृद्धिका लागि रणनीति र सहकार्यका उपायहरू पहिचान गर्न सक्ने बनाउँनु यि सत्रको मुख्य उद्देश्य रहेको छ ।

**क्रियाकलापः**

PowerPoint को माध्यमबाट सहभागीहरुलाई लैंगिक हिंसा निवारण कोषको उद्देश्य, कस्तो अवस्थामा यो कोषको रकम कसले पाउँन सक्छ? यो कोष व्यवस्थापन कसले गर्छ जस्ता कुराको जानकारी दिने ।

**अथवा यस सत्रमा समूह छलफल गर्न पनि सकिन्छ तर समुह छलफलका लागि सहजकर्ताले पहिले नै केहि प्रश्नहरू तयार गर्नु पर्दछ जस्तै :**

- हिंसा प्रभावितहरु यो कोषसम्म किन पुग्न सकिरहेका छैनन ?
- सामुदायिक सुरक्षा जालोको भूमिका के कस्तो हुन सक्छ ?
- पीडिले कोषको पहुँच बढाउन हामीले के गर्नु सकिन्छ ?

यस पछि सहजकर्ताले समुह छलफलमा आएका साझा बुँदाहरु टिप्ने र आफुले तयार गरेर लगेको प्रस्तुतिकण गर्दै सहभागीहरुलाई स्पष्ट गराउँने साथै स्थानिय स्तरमा रहेको यस कोषमा पिडितको पहुँच पुर्याउनको लागि सामुदायिक योजना तयार गर्ने यसमा निम्न कुराहरु समावेश गर्ने जस्तै:

- हिंसा पीडित पहिचानमा सामुदायिक सुरक्षा जालोको भूमिका के कस्तो हुने
- आवेदन भर्न सघाउने प्रमाण संकलनमा सहयोग साथै पीडितमैत्री र गोप्यनियता कायम गर्ने आदि ।

**सन्दर्भ सामाग्री**

**लैंगिक हिंसा निवारण कोष भनेको के हो**

लैंगिक हिंसा निवारण कोष अर्थात यसलाई हामीले GBV Fund पनि भन्ने गरेका छौ । यस कोषको प्रमुख उद्देश्य भनेको लैंगिक हिंसा जस्तैः घरेलु हिंसा, यौन दुर्व्यवहार, बालविवाह, मानव बेचबिखन आदि पीडित प्रभावितको संरक्षण, पुनर्स्थापना साथै यस्ता हिंसाको रोकथामका लागि खर्च गर्न सकिने विशेष आर्थिक कोषलाई हो । यस्तो कोषबाट

पीडितलाई आकष्मिक सहयोग साथै सुरक्षा आवास सेवा, कानुनी सेवा, स्वास्थ्य उपचार, मनोविमर्श सेवा लगायतका सेवाहरुका लागि आर्थिक सहयोग गर्न सकिने व्यवस्था नेपाल सरकारले गरेको छ।

**लैंगिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो सशोधि) नियमावली, २०७६ मा भएको व्यवस्थाले प्रत्येक स्थानीय तहहरुले स्थानीय लैंगिक हिंसा निवारण कोषको व्यवस्था गर्नु पर्ने छ र यसको संचालन गर्नु पर्ने भनीएको छ।**

**कोषमा देहाय बमोजिमका रकमहरु रहने छः**

- नेपाल सरकारबाट प्राप्त रकम तथा प्रदेश सरकारबाट प्राप्त रकम
- स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रममा कोषका लागि विनियोजन गरिएको रकम
- कुनै आयोजना विशेष वा नेपाल सरकारको स्वीकृतिमा दातृ निकायबाट प्राप्त रकम
- नेपाल सरकारको स्विकृतिमा कुनै विदेशी व्यक्ति, स्वदेशी व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम
- साथै यस्तै कुनै अन्य स्रोतबाट प्राप्त रकम आदि।

**स्थानीय तहहरूले यस्तो कोषको व्यवस्था गर्नु किन आवश्यक छ?**

- कोष मार्फत हिंसा पिडित प्रभावितहरुलाई सहज पहुँच र तत्काल सहयोगका लागि
- पीडितले तत्काल सुरक्षित भई सेवा तथा उपचार, मनोविमर्श सेवा र आर्थिक सहयोग पाई पीडितको जीवनमा रक्षाको लागी
- हिंसा पिडित प्रभावितहरुलाई तत्काल न्यायसम्मको सहज पहुँचको लागि यो कोष अति नै उपयोगि हुन्छ। यस्तो सहयोगले जसले गर्दा पिडितले कानुनी प्रक्रिया अगाडि बढाउँदा लाग्ने खर्च र अन्य खर्च गर्त सहयोग मिल्ने जसले गर्दा पीडितले समयमा नै न्याय पाउन सक्ने आदि।

नेपालको संविधान र अन्य ऐन, निर्देशिका साथै लैंगिक हिंसा निवारणका लागि रहेका नीतिगत व्यवस्था अनुसार सबै स्थानीय तहहरुले लैंगिक हिंसा नियन्त्रणका लागि सक्रिय हुन र यस्तो कोषहरुको अनिर्वाय व्यवस्था गरि हिंसा पिडित प्रभावितहरुलाई सहयोग गर्नु पर्ने छ। लैंगिक हिंसा निवारण कोष स्थानीय तहका लागि एक प्रभावकारी व्यवस्था हो, जसले हिंसा पिडित प्रभावितहरूलाई तत्काल राहत, संरक्षण र न्यायमा पहुँच सुनिश्चित गर्न मद्दत गर्छ जसले गर्दा समावेशी र न्यायपूर्ण समाज निर्माणमा सहयोग मिल्ने छ।

**कोषको रकम के केमा खर्च गर्न पाईन्छः**

पिडितको तत्काल उद्धार गर्न, औषधि उपचार गर्न, राहत प्रदान गर्ने तथा आर्थिक सहयोग उपलब्ध गराउने, कानूनी सहायता गर्न, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न, पिडितले आफ्नो जिविको पार्जनका लागि कुनै व्यवसाय

गर्न वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न, पिडितलाई समुदाय नै पुर्नरस्थापना तथा पुर्नरमिलन गराउँन, क्षतिपूर्ति प्रदान गर्न आदि ।

**कोष संचालनका लागि स्थानीय तहले एउँटा छुट्टै खाता खोल्नु पर्दछः** कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखाका प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुन्छ,कोषको लेखापरीक्षण प्रचलित कानुन बमोजिम नै हुन्छ र कोषको रकम अन्य काममा उपयोग गर्न पाईदैन । यो कोष आवर्ति अर्थात रिभल्भीङ कोषको रुपमा रहेको हुन्छ ।

**हिंसा पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि गठित राहत समितिको देहाय बमोजिम रहेको छ**

नगर उप प्रमुख संयोजक

प्रमुख प्रशासकीय अधिकृत सदस्य

सामाजिक विकास समितिको संयोजक सदस्य

लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत जिल्ला स्थित गैर सरकारी संस्थाहरु मध्येबाट राहत समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना सदस्य

महिला बालबालिका शाखा प्रमुख सदस्य– सचिव

**पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार**

- पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए गाडी भाडा रकम, खाना खर्च वापत प्रतिदिन ३ सय र बास बस्नु पर्ने भएमा प्रतिदिन ५ सय रुपैयाँको दरले बढीमा पाँच हजार सम्म दिन सकिने
- पीडितलाई अस्पतालमा भर्ना गरी उपचार गर्नु पर्ने भएमा भाडा रकम र खाना खर्च वापत प्रति दिन ३ सय र अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बासोबास खर्च वापत प्रतिदिन ५ सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा ६ हजारमा नबढ्ने गरी लागेको यथार्थ खर्च दिन सकिने
- पिडित संग आश्रीत बच्चाँहरु भएमा बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउन सकिने
- कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि ५ हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च दिन सकिने
- पिडितले कुनै व्यवसाय वा स्वरोजगारका लागि प्रस्ताव सहित माग गरेमा व्यवसाय संचालन खर्च अनुदान(बस्तुगत वा नगद) बढीमा ३० हजारसम्म दिन सकिने
- पुर्नस्थापनाको लागि बढीमा ५ हजारसम्म दिन सकिने

- साथै समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा १० हजारसम्म दिन सकिने व्यवस्था रहेको छ जस्तैःआर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको निर्णय अनुसार सो प्रयोजनको लागि कोषबाट ५० हजारमा नबढ्ने गरी मनासिव रकम हिंसा पीडित प्रभावितलाई उपलब्ध गराउन सकिने छ।

**कोषबाट सहयोग माग गर्नका लागि यो पिडितको तर्फबाट दिनु पर्ने निवेदनको ढाँचाः**

अनुसूची

(नियम १४ सँग सम्बन्धित)

<u>विषय : सहयोग उपलव्ध गराई पाउँ</u> ।

श्री अध्यक्षज्यू,
स्थानीय तत्काल उद्धार तथा राहत समिति.......................... ।

म.............................. मा बस्ने वर्ष.......................को........................... मिति .....................मा लैंगिक हिंसाबाट पीडित भएको छु। मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैंगिक हिंसा (.......................) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानूनी सहायता एवं परामर्श/ उद्धार/ मनोविमर्श/ स्वरोजगार/ पुनर्स्थापना/ अन्य .....................कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलव्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदकको,-
नाम, थर ..........................
ठेगाना .............................
दस्तखत ..........................

**माथि उल्लेख भए अनुसार लैंगिक हिंसा निवारण कोषमा हिंसा पिडित प्रभावितहरुको सहज पहुँचका लागि सामुदायिक सुरक्षा जालोको महत्वपुर्ण भूमिका रहन्छ। सामुदायिक सुरक्षा जालोको केहि विषेश भूमिकाहरू यस्तो हुनु पर्दछ :**

- सामुदायिक सुरक्षा जालो मार्फत स्थानीय समुदायलाई लैंगिक हिंसा, त्यसका प्रभाव र सहयोगी संयन्त्र तथा प्रणालीको बारे सूचना तथा जानकारी दिने र कोष वा सेवामा पहुँच भए नभएको सुनिश्चित गर्ने।

- हिंसा पीडितहरूले आफ्नो समुदायकै व्यक्तिलाई विश्वास गर्न र उनिहरुसंग कुनै न कुनै प्रकारको भावनात्मक सम्बन्ध पनि हुने भएको ले आफ्नो कुरा सुनाउँन सुरक्षित महसुस गर्छन त्यसैले सामुदायि सुरक्षा जालो मार्फत उनीहरूलाई सहायोग खोज्न सजिलो हुन्छ। समुदायिक सुरक्षा जालोले हिंसा पिडित प्रभावित र स्थानीय तहको समेत विश्वास जिती पिडितलाई सहयोग गर्न सक्छ।
- सामुदायिक सुरक्षा जालो हिंसा पिडित प्रभाविको लागि प्रारम्भिक सम्पर्क बिन्दुको भूमिकामा रहि सहयोग गर्न सक्छ।
- समुदायिक सुरक्षा जालले हिंसा पीडितलाई स्थानीय तह साथै विभिन्न गैसस, स्वास्थ्य संस्था वा प्रहरीसम्म पुऱ्याउन सक्छ।
- पीडितलाई आत्मनिर्भर बनाउन साथै उनिहरुको जिविकोपार्जनमा सहयोग पुग्ने सीप विकास, मनोसामाजिक परामर्श वा सामाजिक तथा आर्थिक सशक्तिकरण अन्य कार्यक्रमहरूसंग जोडनक लगि संप्रेषण तथा समन्वय गराउँन सक्छ आदि।

**सत्र १४ स्थानीय तहका सरोकारवालाहरु र सहयोगी संयन्त्र नक्साङ्क तथा पहिचान**

**समयः १ घण्टा ३० मिनेट**

**उदेश्यहरुः** सहभागीहरूलाई स्थानीय तहमा रहेका महिला तथा बालिकासम्बन्धी संरचना, समिति र सञ्जालहरूबारे जानकारी दिनुका साथै सरोकारवालाहरूसँग सहकार्यको आवश्यकता र सरोकारवालाको पहिचान तथा नक्साङ्कन गरी समन्वयका सम्भाव्यता पहिचान गर्न सक्ने बनाउनु रहेको छ।

**क्रियाकलापहरुः**

सामुदायिक सुरक्षा जालो एक स्थानीय संजाल भएको हुदाँ यस संजालले आफ्नो स्थानीय तहका सरोकारवालाहरुसँग समन्वय गर्नु अति आवश्यक हुन्छ। यसका लागि संजाले स्थानीय तहहरुमा रहेका सबै सरोकारवाल र सहयोगी संयन्त्रहरुको बारेमा जानकार हुनु पर्दछ। उक्त जानकारीका लागि स्थानीय संरचनाको नक्साङ्कन र उनिहरुसंगको सम्बन्ध विश्लेषण गर्नु पर्दछ।

- स्थानीय सहयोगी संरचना भन्नाले के बुझिन्छ? भनि सहभागीहरुलाई सोध्ने।
- तपाईको स्थानीय तहमा कस्ता कस्ता सहयोगी संयन्त्रहरु छन अर्थात महिला तथा बालिकाको हकहितमा काम गर्ने के–के संरचना छन ? भनि सोध्ने र स्थानीय तहमा महिला र बालिकाको सुरक्षा र अधिकारमा यस्ता संस्थाहरूको भूमिका के छ? जस्ता प्रश्नहरु सोध्ने।

माथिका प्रश्नहरुमा समुह बनाई छलफल गराउँने र सहभागीहरूले छलफलबाट ल्याएका बुँदाहरुबाट आएका साझा भनाईहरुलाई टिपोट गरि छलफल गर्दै सहजकर्ताले तयार गरेको प्रस्तुतिकणहरु प्रस्तुत गर्ने ।

**सहयोगी संयन्त्रको नक्साङ्नका लागि निम्न क्रियाकलापहरु गराउँन पनि सकिन्छ**

- सहभागीहरुलाई पेपरमा एउँटा घेरा कोर्नु लगाउँने र यसको बीचमा महिला तथा बालिकाको लागि आफ्नो स्थानीय तहमा रहेका सहयोगी संयन्त्र के के छन् भनि पेपरको वरिपरि लेख्न लगाउँने जस्तैः वडा समिति, महिला सञ्जाल, स्थानीय निकायका विषयगत शाखाहरु, विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, बाल संरक्षण समिति, आमा समुह संजाल, स्वास्थ्य स्वयमसेविकाहरु, मेलमिलाप केन्द्र, महिला सहकारी, आदि हुन सक्दछन । साथै विभिन्न गैर सरकारी संस्थाहरु वा ति संस्थाका सम्वन्धित स्थानीय तहका लागि सम्पर्क व्यक्ति पनि हुन सक्छन ।
- माथि टिपोट गरिएका संयन्त्रहरुसंग सामुदायिक सुरक्षा जालोको सम्बन्ध कस्तो छ भनि पातलो लहर जस्तो धर्का बनाएर सम्बन्ध कोर्न लगाउँने । यसले गर्दा सहभागीहरुलाई कुन सहयोगी संयन्त्रसंग सुरक्षा जालोको सम्बन्ध कस्तो छ भनि जानकारी हुन्छ (जस्तैः कसको कस्तो भूमिकाले कसलाई असर गर्छ जस्ता कुराहरु थाहा हुन्छ) । प्रत्येक संयन्त्रको लागि फरक रङ प्रयोग गर्न लगाउँने । यसरी तयार गरेको नक्साङ्नको आधारमा थप छलफल गराउँने ।

  **छलफलका लागि केही प्रश्नहरु गर्ने जस्तैः**

- तपाईहरुको लागि कुन सरोकारवाला बढी प्रभावशाली छन ?
- को संग नियमित समन्वय गर्न जरुरी छ ?
- को संग अझै थप समन्वय गर्नु पर्ने छ ? आदि

माथि प्रश्नहरुमा छलफल गरिसकेपछि सहभागीहरूलाई नै आफ्नो प्रमुख, दोस्रो र तेस्रो प्राथमिकताका सरोकारवाला वा संयन्त्र कुन हो र किन भनि भन्न लगाउने र अब यि प्राथमिकीकरणमा रहेका सरोकारवालहरु संग सामुदायिक सुरक्षा जालोले कसरी काम गर्न सकिन्छ भन्नेबारेमा थप स्पष्टताका लागि सहजकर्ताले तयार गरेका प्रस्तुतिकरणहरु देखाउँदै सत्रको अन्त्य गर्ने ।

**अथवा सहभागीहरुको अवस्था र बुझाईको स्तर हेरी थप प्रश्नहरुमा पनि समुह छलफल गराउँन सकिन्छ जस्तैः**

- हामीले कस्तो कामहरु गर्दै आएका छौ र हामीले गरेको कामबाट क कसलाई फाईदा हुन्छ ?
- हाम्रो कामलाई क कसले प्रभाव पर्न सक्छ ?

- हाम्रो काममा सहयोग पुर्याउने को को हुन सक्छन र सहयोग नगर्ने वा हाम्रो काम मन नपराउने को को हुन सक्छन ?
- हामीले सरोकारवालाहरुसंग कस्तो प्रकारको सम्बन्ध वा साझेदारी गर्न सक्छौ ? सम्बन्धित विषय केन्द्रत भए।
- हामीले गरेको काममा क कस्का इच्छा वा आवाजको सुनवाई हुदैन ?
- हामीले गरेको काम व्यवस्थाप क कस्ले गर्न सक्छन र यस कामको लागि क कस्ले सहजिकरण गर्न सक्छन ? आदि।

**सन्दर्भ सामाग्री**

**समन्वय र सहकार्य भनेको के हो र सामुदायिक सुरक्षा जालोका लागि यो किन आवश्यक हुन्छः**

समन्वय र सहकार्य भन्नाले विभिन्न व्यक्ति, समूह संजाल र संस्थाहरूबीच साझा उद्देश्य प्राप्तिका लागि आपसी समझदारी, सहयोग र जिम्मेवारी बाँडफाँडका साथै मिलेर काम गर्ने एक प्रक्रिया हो। समन्वय र सहकार्य बिना कुनै पनि संस्थागत, संजाल समुहले सामाजिक उद्देश्य प्राप्तका लागि होस वा कुनै पनि अभियानबाट सफलता प्राप्त गर्न गाह्रो हुन्छ। सशक्त, छरितो र दीगो नतिजाका लागि सरोकारवालाहरु बिच समन्वय र सहकार्य अति नै आवश्यक हुन्छ भन्दै केहि उदाहरणहरु दिने।

जस्तैः

- सरोकारवालाहरु बिच समन्वय र सहकार्य कुनै पनि लक्ष्य प्राप्तिमा सहजता मिल्ने साथै सबै जनाबीचको तालमेल र समन्वयले नै सुसंगठित रुपमा सामुदायिक लक्ष्यहरु छिटो प्राप्त हुन।
- स्रोतहरुको उपयोगमा दोहोरो नहुने साथै स्रोत, जनशक्ति, समय आदि)सही तरिकाले उपयोग हुने।
- स्पष्ट समन्वयले नै सहकार्यलाई सौहार्दता बनाउँछ भएको यस्तो गर्नाले विवाद र द्वन्द्व हुन गएमा न्यूनीकरणमा सहज हुने।
- समन्वय र सहकार्मा गरिने कामहरुले कामले नवप्रर्वद्धन तथा गुणस्तरीय नतिजा आउँन्छ।
- कुनै पनि आपतकालीन अवस्था वा विपद् वा संकटको अवस्थामा प्रभावकारी समन्वय र सहकार्यले झनै महत्वपूर्ण हुन्छ।
- स्थानीय तहभित्र महिला, बालबालिका तथा सिमान्तकृत समुदायसंग सम्बन्धित नीति, कार्यक्रम तथा बजेट व्यवस्थापनका लागि स्थानीय तहहरुसंग पैरवि गर्न सहज हुने।
- लैङ्गिक हिंसा विरुद्ध पिडितलाई सेवासम्मको पहुँच गराउँन सहज हुने

**उदाहरण:** गाउँमा महिला हिंसा वा जातिय विभेदका घटनाहरु भएमा वा कुनै दबावमुलक गतिविधिहरु गर्नु परेमा एउँटा समुह वा व्यक्तिले मात्रै बोलेका कुरामा सरोकारवालहरुको ध्यान खासै नजाने तर सामुहिक रुपमा दबाव दिएमा यस्ता सवाल अथवा मुद्दाहरु तत्काल सम्वोधन हुन सक्छन।

अर्थात सामुदायीक उद्देश्य प्राप्तिका लागि सहयोगी संयन्त्र र सम्बन्धित सरोकारवालाहरू मिलेर स्रोत, ज्ञान, समय, र श्रमको बाडफाड हुने भएको ले सामुदायमा सहयोगी संयन्त्रहरुको न सहकार्यमा सबै पक्षले बराबरीको भूमिका खेल्ने भएको ले स्थानीय तहका सरोकारवालाहरु र सहयोगी संयन्त्र नक्साङ्क तथा पहिचान गरि समन्वयमा काम गर्नाले सामाजिक एकता मजबुत हुन गइ एक आपसमा सहयोग मिल्ने र सोचेको उपलब्ध प्राप्त गर्न समेत सहयोग मिल्ने छ

**हाम्रो समुदाय वा स्थानीय तहमा के कस्ता सहयोगी संयन्त्रहरू हुन सक्छन**

- महिला तथा बालबालिका सवालमा प्रत्यक्ष सरोकार राखि काम गरिरहेका जो कोहि व्यक्तिहरु, समुह, संस्था वा संजालहरु
- निर्वाचित प्रतिनिधि जस्तैः वडा अध्यक्ष, वडा महिला सदस्य / दलित महिला सदस्य
- विभिन्न राजनैतिक दलहरु, धार्मिक गरुहरु, युवा समुह, विध्यालय वा कलेजहरु
- सामुदायीक महिला स्वास्थ्य स्वयम सेविकाहरु, प्रहरी, आमा समुह, महिला सहकारीहरु, मध्यस्थकर्ताहरु
- गाउँ तथा नगरपालिकामा रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका सम्पर्क व्यक्तिहरु
- सम्बन्धित स्थानीय तहका महिला, बालबालिका, लैङ्गिक हिंसा, बालअधिकारका क्षेत्रमा काम गर्न् व्यक्ति, समुह तथा संजाल आदि।

**प्राथमिकतामा रहेका सरोकारवाला संयन्त्रहरुसंग समन्वय सहकार्य गर्ने तरिका अर्थात हामी Stakeholder Power/Interest Matrix पनि भन्न सक्छौः**

- **सामुदायिक उच्च शक्ति र उच्च रुचि भएका सहयोगी सरोकारवाला वा संयन्त्रहरुसंग तल उल्लेख भए अनुसार काम गर्नु पर्दछ जस्तैः**

  यदि कुनै सरोकारला उच्च शक्ति र सवालमा रुचि भएका छन भने यस्ता सरोकारवालाहरूसंग हामीले अति नै नजिक भएर काम गर्ने पर्दछ र उनिहरुसंग निरतन्त समन्वय र सहकार्य गर्नु आवश्यक हुन्छ। यस्ता सरोकारवाला

वा संयन्त्रहरू तपाईंको कुनै पनि सञ्चारको शीर्ष प्राथमिकतामा पर्न सक्छन र उनिहरूलाई तपाईको संजालले गर्ने हरेक गतिविधिहरुमा गतिविधिहरूमा अनिर्वाय सहभागीता गराउँनु पर्दछ ।

- **उच्च शक्ति तर सवालमा न्यून रुचि भएका सहयोगी सरोकारवाला वा संयन्त्रहरुसंग तल उल्लेख भए अनुसार काम गर्नु पर्दछ जस्तैः**


कुनै सरोकारवाला संयन्त्र उच्च शक्ति तर सवालमा न्यून रुचि भएका हुन सक्दछन। यस्ता सरोकारवालाहरूलाई सन्तुष्ट राख्नु पर्छ यसका लागि हामीले उनीहरूले केहि सोध्दा प्रश्नहरूको जवाफ दिने, उनिहरुलाई नियमितरुपमा हाम्रो कामबारे जानकारी दिनु र उनीहरूलाई तपाईहरु हाम्रो लागि अति महत्वपुर्ण हुनुहुन्छ भन्ने भान गराउँने तर उनिहरुलाई हाम्रा गतिविधिहरुमा खासै सहभागी गराइ रहनु पर्दैन। तर आवश्यकताहरू जुनसुकै रूपमा भए पनि पूरा गर्न ध्यान दिनु पर्छ।

- **न्यून शक्ति र सवालमा उच्च रुचि भएका सहयोगी सरोकारवाला वा संयन्त्रहरुसंग तल उल्लेख भए अनुसार काम गर्नु पर्दछ जस्तैः**

न्यून शक्ति तर सवामा उच्च रुचि भएका सरोकारवालाहरूलाई हाम्रो गतिविधिहरुबारे जानकारी भने गराइ राख्नु पर्दछ। यस्ता सरोकारवालाहरुसंग इमेल वा अन्य माध्यमहरू जस्ताः समय समयमा फोन गर्ने वा अन्य अरु विधिबाट सम्पर्कमा राखि रहनु पर्दछ तर समन्वय र सहकार्यकालागि धेरै समय दिनु पर्दैन। उनीहरूले सोधेको बेला आफ्ना गतिविधिहरुबारे उपयुक्त र आवश्यक भएमा मात्र जानकारी गराउँनु पर्छ।

- न्यून शक्ति र न्यून रुचि भएका सहयोगी सरोकारवाला वा संयन्त्रहरुसंग तल उल्लेख भए अनुसार काम गर्नु पर्दछ जस्तैः शक्ति र रुचि दुवै न्यून भएका सरोकारवालाहरूका लागि हामीले धेरै समय दिनु पर्दैन केवल निगरानि मात्र गर्दा पुग्दछ। यिनीहरूलाई माथिका सरोकारवाला संयन्त्रहरूभन्दा कम ध्यान दिदा मात्र पनि पुग्छ। तर कहिले काही आवश्यक पर्ने वर्गको रुपमा राखि रहनु पर्दछ। यिनीहरूलाई केहिले काहि कुनै गतिविधिहरुमा मात्र सहभागी गराउँने र वर्षमा दुई चार पटक भेटघाट वा गतिविधिहरुको बारेमा मात्र जानकारी दिदा मात्र पनि पुग्छ।

**सरोकारवाला नक्साङ्कन र समन्वयका लागि तलको उदाहरण अनुसार गर्न सकिन्छः**




**सत्रः १५ महिला अधिकारको तथा लैंगिक समानता तथा समाजिक समावेशीकरणको लागि भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू र कानूनी व्यवस्थाहरू**

**समयः २ घण्टा**

**उद्देश्यहरूः**

- नेपालले गरेका महिला अधिकारका लागि अन्तराष्ट्रिय प्रतिवद्धताहरूबारे जानकार हुनेछन्।
- बेइजिङ घोषणा पत्र र कार्य योजनाबारे थाहा पाउनेछन्।
- नेपालको संविधान, २०७२ र ऐनहरुमा महिला अधिकारसम्बन्धी व्यवस्थाबारे जानकार हुनेछन्।
- महिला अधिकार सम्बन्धि भएका व्यवस्थाहरू प्राप्त गर्न पैरवी र अभियान गर्नेछन्।

**सत्र सञ्चालन विधिः** सामूहिक छलफल, मस्तिष्क मन्थन, प्रस्तुति।

**आवश्यक सामग्रीहरूः** चार्ट पेपर, मार्कर पेन, ल्यापटप, प्वार प्वाइन्ट, हाते माइक आदि।

**क्रियाकलापहरूः**

प्रत्येक सहभागीहरूलाई ३ वटा महिलाले प्राप्त गरेका अधिकारहरूको बारेमा कपीमा लेख्न लगाउने। दुई दुई जनाको समूह बनाएर छलफल गर्न लगाउने। दुवै जनाको मिलेको विषयवस्तु एक ठाउँमा र नमिलेको विषय अर्को ठाउँमा लेख्न लगाउने। पुनः चार चार जनाको समुह बनाई समुहमा छलफल गर्न लगाउने र महिला अधिकारको सूची तयार गर्न

लगाउने। प्रत्येक समूहलाई महिला अधिकारको सूची भन्न लगाउने र सहजकर्ताले बोर्डमा टिप्ने। बोर्डमा टिपेको महिला अधिकारको सूची देखाउँदै सहजकर्ताले विश्लेषण गर्ने।

**व्याख्यात्मक क्रियाकलापः**

**नेपालले गरेका अन्तराष्ट्रिय प्रतिवद्धताहरूः**

***स्रोतः नेपालमा महिलाको प्रगति (सन् १९९५—२०१५), पेज नः ४९, युएन विमेन, नेपाल।***

- दासत्वविरुद्धको महासन्धि १९२६, ७ जनवरी १९६३ अनुमोदन।
- दासत्व, दासव्यापार तथा दासता जस्तै व्यवहारहरू सम्बन्धी, १९५३, ७ जनवरी १९६३ अनुमोदन।
- बालअधिकार महासन्धि, १४ सेप्टेम्बर १९८९।
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि, १८ डिसेम्बर १९७९ र इच्छाधीन आलेख १९९९ ।
- न्युनतम उमेरसम्बन्धी महासन्धि, ३ मे १९९७।
- निकृष्ट प्रकारको वालश्रम उन्मुलन सम्बन्धी महासन्धि, २००१।
- वेश्यावृत्तिको लागि हुने महिला तथा बालबालिका बेचविखन नियन्त्रण र सोविरुद्ध सङ्घर्ष गर्ने, सम्बन्धी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि,२००२।
- आदिवासी तथा जनजाति सम्बन्धी महासन्धि, १९८९
- समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्ने सम्बन्धी, महासन्धि १९५१, नेपालले ६ अक्टोबर १९७६ मा अनुमोदन।
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ (नेपालले अनुमोदन गरेको मिति ७ मे २०१०)
- सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९६५।
- सहस्राब्दी विकास लक्ष्य।
- दिगो विकास लक्ष्य।

**बेइजिङ घोषणा पत्र र कार्य योजना**

सन् १९९५ को सेप्टेम्बर ४ देखि १५ सम्म चीनको राजधानी वेइजिङ्गमा संयुक्त राष्ट्र संघको सक्रियतामा चौथो महिला सम्मेलन भएको थियो। उक्त सम्मेलनमा नेपालको पनि सहभागिता रहेको थियो। बेइजिङ कार्य मञ्चले, १९९५ मा पहिचान गरेको लैङ्गिक **समानता सम्बन्धी १२ वटा सरोकारका क्षेत्रहरूः**

- महिला र गरिबी
- महिला शिक्षा तथा तालिम

- महिला र स्वास्थ्य
- महिलाविरुद्ध हिंसा
- महिला र सशस्त्र सङ्घर्ष
- महिला र अर्थतन्त्र
- शक्ति एवं निर्णय प्रक्रियामा महिला
- महिला विकासका लागि संस्थागत संयन्त्र
- महिलाको मानव अधिकार
- महिला र सञ्चार
- महिला र वातावरण
- बालिका

**नेपालको संविधान, २०७२**

- धारा १८ मा समानताको हकः अनुसार उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था,अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत लगायतका सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न।
- समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन।
- पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हकको व्यवस्था गरिएको छ।

**३८. महिलाको हकः**

(१) प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुनेछ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ।

(३) महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ।

**४२. सामाजिक न्यायको हकः**

- आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ।
- आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ।
- आमाको नाममा नागरिकता बनाउने संवैधानिक व्यवस्था छ।
- निजामती सेवामा ३३ प्रतिशत आरक्षणको व्यवस्था।
- राज्यको हरेक निकायमा ३३ प्रतिशत महिला प्रतिनिधित्वको व्यवस्था।
- बालविवाह सम्बन्धी ऐन छ र नेपाल सरकारले २०३० सम्म उन्मूलन गर्ने घोषणा पनि गरेको छ।
- जातीय छुवाछुतविरुद्धको ऐन छ।
- छाउपडी बोक्सी प्रथासम्बन्धी ऐन छ।
- लैङ्गिक उत्तरदायी बजेटको व्यवस्था छ।
- यौन हिंसा तथा कार्यस्थलमा हुने हिंसाविरुद्धको ऐन छ।

**ऐन, कानुन**

- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी देवानी संहिता, २०७४
- मानव बेचविखन तथा ओसार पसार ऐन, २०६४
- धरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- ७७ जिल्लामा एकद्धार सङ्कट व्यवस्थापन केन्द्र छ।
- महिला आयोग, मधेसी आयोग, दलित आयोग आदि छ।
- महिला मन्त्रालय छ।
- स्थानीय तहमा न्यायिक समिति छ।
- औषधी उपचार २ हजार, कानूनी सहायता ५ हजार, व्यवसाय संचालन गर्न २० हजार, पुनस्र्थापनाको लागि ५ हजार दिने व्यवस्था छ।
- सामुदायिक विद्यालयहरूमा छात्रालाई निःशुल्क शिक्षा प्रदान गर्ने एवम् संस्थागत विद्यालयहरूमा १० प्रतिशत नघट्ने गरी निःशुल्क छात्रवृत्ति दिइने व्यवस्था छ।

- आधारभूत तहमा निरन्तर रुपमा अध्ययनरत रहने सबै छात्राहरूलाई वार्षिक रु ४०० सयका दरले छात्रवृत्रिको व्यवस्था छ।
- महिलाहरूको सशक्तिकरण, रोजगारीमूलक र आयमूलक कार्यमा प्रत्यक्ष लाभ पुग्ने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम १० प्रतिशत खर्च छुट्याउने व्यवस्था छ।
- महिला जेष्ठ नागरिक र एकल महिला समेतलाई सामाजिक सुरक्षा भत्ताको व्यवस्था छ।
- आमा सुरक्षा कार्यक्रममा स्वास्थ्य संस्थामा गई सुत्केरी गराउने महिलालाई यातायात खर्च स्वरुप हिमाली क्षेत्रमा पन्ध्र सय, पहाडी क्षेत्रमा एक हजार र तराई क्षेत्रमा पाँच सय दिने व्यवस्था छ।
- हिंसा पीडित महिलाहरूको लागि ७७ जिल्लाका अस्पतालहरूमा एकद्धार सङ्कट व्यवस्थापन केन्द्रको स्थापना भएको छ, जसले पीडित महिलालाई कानूनी सहायता, सुरक्षा, मनोपरामर्श लगायतका सेवा दिने गर्दछ

**सत्रः १६ स्थानीय तहमा लैंगिक समानता तथा समाजिक समावेशीकरण प्रवर्द्धनका लागि नीति, रणनीति र परीक्षण सम्बन्धमा स्पष्टता विषेशतः लैंगिक समानता नीति तथा रणनीति र लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण अर्थात जेसी अडिटमा स्पष्टता Strategic Intervention tools**

**समयः १ घण्टा ३० मिनेट**

**उद्देश्यहरुः**

सहभागीहरुलाई स्थानीय तहले निर्माण गर्ने लैंगिक समानता नीति तथा रणनीतिको बारेमा स्पष्टता गराउँदै यि नीतिहरुका प्रमुख तत्त्वहरूको बारेमा जानकार बनाउँने। साथै लैंगिक परीक्षण अवधारणा, प्रक्रिया र उपयोगिताका बारेमा स्पष्टता गराउँदै उनिहरुको स्थानीय तहमा लैंगिक समानता सुनिश्चित गर्नका लागि पहल गरेन सक्ने बनाउँने यस सत्रको प्रमुख उद्देश्य रहेको छ।

**क्रियाकलापः**

सैद्धान्तिक विषय भएको ले यस सत्रमा प्रस्तुतिकरण विधिको प्रयोग गर्नु उपयुक्त हुन्छ। जसमा सहभागीहरुलाई तल उल्लेख गरिएका बुदाँहरुमा जानकारी दिने र छलफल गराउँने :

- लैंगिक समानता नीति के हो ? लैंगिक समानता प्रवर्द्धनका लागि स्थानीय तहमा के के नीति लागु छन ? लैंगिक नीति तथा रणनीति निर्माण प्रक्रिया
- लैंगिक परीक्षण के हो यो किन आवश्यक छ र लैंगिक परिक्षण विधि तथा प्रक्रिया

अथवा सहभागीहरुलाई स्थानीय तहले गरेको कुनै सफल र उपयुक्त लैंगिक समानताका कार्यक्रमहरूको सम्झना गर्न लगाउँने र आफ्नो अनुभव सुनाउने दिने र सो अनुभव तथा सफल अभ्यासमा भएका प्रयास वा पहलको टिपोट गर्ने र

सत्रको अन्त्यमा सहभागीहरूको थप केहि जिज्ञासा वा प्रश्न छ भने भन्न लगाउँने र उठाएका जिज्ञासको सम्बोधन गर्न विषयवस्तुको पुनरावलोकन गराउँदै स्पष्ट बनाउँने ।

**सन्दर्भ सामाग्री**

नेपाल सरकारले लैंगिकताका सवालहरु सम्बोधनका लागि **राष्ट्रिय लैंगिक समानता नीति, २०७७** कार्यान्वयनमा ल्याएको छ । यस नीतिले सबै महिला, किशोरी र बालिकाहरुको सामाजिक तथा आर्थिक विकासको लागि नीतिगत र संरचनागत व्यवस्था, समाजमा रहेका लैंगिक हिंसा र शोषणको अन्त्य गर्दै समतामूलक समाज, लैंगिक उत्तरदायी शासन पद्दति, महिलाहरुको सामाजिक तथा आर्थिक समृद्धि र सशक्तीकरण प्रवर्द्धन गर्ने रणनीतिक पहलको लागि मार्ग निर्देश गरेको छ । त्यसैगरि प्रदेश तथा स्थानीय तहहरुलाई लैंगिक उत्तरदायी तुल्याउने अभिप्रायले प्रदेश तथा स्थानीय तहका लागि लैंगिक उत्तरदायी बजेट नमूना निर्देशिका २०७७, स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन,२०७८ कार्यान्वयमा रहेका छन् ।

यसरी सरकारले विभिन्न समय जारी गरेका ऐन, नीति नियम, निर्देशिका तथा दिगदर्शनहरुलाई स्थानीयकरण गर्दै कार्यान्वयन गर्नको लागि स्थानीय तहहरुले आफ्ना वार्षिक तथा आवधिक योजना, नीति रणनीति तथा कार्यनीतिहरु निर्माण गरी कार्यान्वयनमा ल्याउँनु आवश्यक पर्दछ । जस अनुरुप सबै स्थानीय तहहरुले आफ्नो स्थानीय तहमा रहेका लैंगिकताका सवाल र समस्याहरु सम्बोधनका लागि लैंगिक नीति तथा रणनीती नै बनाएर काम गर्नु पर्दछ । आफ्नो स्थानीय तहमा महिला तथा अन्य पछाडी पारिएका समुदायलाई सशक्तीकरण गर्दै विकासको मूल प्रवाहमा ल्याउँनु र उनीहरुको क्षमता विकासमा अपेक्षाकृत नतिजा प्राप्त गर्न लैंगिक नीति तथा रणनीतिहरु निर्माण गर्नु पर्दछ साथै वार्षिक रुपमै लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण गर्नु पर्दछ ।

यतिमात्र भनएर लैंगिक समानता प्रवर्द्धनका लागि नेपालले विभिन्न समय अन्तर्राष्ट्रिय दस्तावेजहरुमा समेत प्रतिवद्धता जनाएको छ जस्तैः मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, बेईजिङ घोषणापत्र १९९६, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि आदि । त्यसैले सरकारले गरेका अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरुप स्थानीय तहहरु समेत नीतिगत रुपमा नै यसको अभ्यासलाई निरन्तरता दिनुपर्ने अपरिहार्यता रहन्छ । यसै सन्दर्भमा स्थानीय तहहरुले लैङ्गिक समानता कायम गर्नका लागि आवश्यक पहल गर्ने साथै आफ्नो छुट्टै नीति, रणनीति, कानुन, कार्यविधि तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्नु अपरिहार्य हुन्छ । त्यसैले लैंगिक विभेद तथा असमानता हटाउँन स्थानीय तहहरुले लैंगिक नीति तथा रणनीति निर्माण तथा यसको प्रभावकारी साथै लैंगिक समानता र सामाजिक समावेशीकरण परीक्षण गर्नु पर्दछ ।

**लैंगिक नीति तथा रणनीति निर्माण साथै लैंगिक सनता र सामाजिक समावेशीकरण परीक्षण गर्दा स्थानीय तहमा हाल रहेका अन्य नीति, रणनीति, निर्देशिक, कानुन, ऐन, कार्यविधि जस्ता दस्तावेजहरुको पुर्नरावलोकन गर्नु पर्दछ। साथै तल उल्लेख गरिएक दस्तावेजहरुको समेत पुर्नरावलोकन गर्नु पर्दछ। जस्तैः**

- स्थानीय तहको वार्षिक नीति योजना कार्यक्रम तथा बजेट
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा निर्माण भएक दस्तावेजहरु
- लैंगिक परिक्षण प्रतिवेदन, स्थानीय निकाय स्वमुल्याङ्कन अर्थात लिजा प्रतिवेदन, न्याय सम्पादन कार्यविधि
- वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण ऐन, विपद व्यवस्थापन कार्यविधि, शिक्षा नियमावली , कृषि विकास सेवा सम्बन्धि कार्यक्रम संचालन कार्यविधि, आर्थिक ऐन, विनियोजन ऐन क्षमता विकास योजना आदी।

**स्थानीय तहको लैंगिक नीत तथा रणनीति निर्माण गर्दा तल उल्लेखित विषयगत शिर्षहरुमा लैंगिक दृष्टिकोणले विश्लेषण गर्नु आवश्यक हुन्छः**

- नीति कानुन र योजना
- संस्थागत ब्यवस्था
- मानव संसाधन तथा क्षमता विकास
- सेवा प्रवाह
- सुशासन तथा उत्तरदायित्व

लैंगिक दृष्टिकोणले विश्लेषण गर्दा स्थानीय तहको योजना निर्णय तथा कार्यन्वयन प्रक्रियामा महिला, पुरुष, तथा अन्य सिमान्तकृत समुदाय जस्तैः फरक यौनिक तथा लैंगिक पहिचान भएका व्यक्तिहरूको भिन्न भिन्न आवश्यकताहरू, अनुभवहरू, अवसरहरू र चुनौतीहरूलाई केन्द्र बिन्दुमा राख्नु सहज हुने छ।

- लैंगिक नीति तथा रणनीतिले महिला, पुरुष तथा फरक यौनिक तथा लैंगिक पहिचान भएका व्यक्तिहरूको कस्तो असर पार्छ भन्ने मूल्याङ्कन गर्न सहज हुने छ।
- सामाजिक, आर्थिक, र सांस्कृतिक सन्दर्भमा वञ्चितिकरणमा परेका समुहको पहिचान हुने छ।
- सबै लैंगिक पहिचान भएका व्यक्तिहरूको समान सहभागिता सुनिश्चित गर्नु सहज हुने छ।

- नीति निर्माण प्रक्रियामा महिलाहरू तथा वञ्चितिकरणमा परेका समुदायहरूको आवाज समावेश भएको हुने छ।
- महिलाहरू, पुरुषहरू तथा फरक यौंनिक तथा लैंगिक पहिचान भएका समुदायलाई समान अवसर प्रदान गर्ने संरचना निर्माण हुने छ।
- लैंगिक समानताका सूचकहरू सहितको नीति तथा रणनीति निर्माण हुने भएले प्रभावकारी र सफलत कार्यक्रमहरुको मूल्याङ्कन गर्न सूचकको प्रयोग गर्न सकिन्छ।

यसरी लैंगिक दृष्टिकोण प्रयोग नगरी बनाइएका नीतिहरूले समाजका पछाडि पारिएका वा वञ्चितकरणमा परेका समुहहरुलाई मुख्यधारामा ल्याएर लैंगिकमैत्रि दिगो, न्यायसंगत र समावेशी विकास सम्भव हुन्छ।

## सत्र १७ महिलावादी अवधारण र सिद्धान्त Feminism and Collective Leadership

**समयः १ घण्टा ३० मिनेट**

**उद्देश्यहरुः महिलावादको अवधारणबारे ज्ञान प्रदान गर्नुका साथै सहभागिहरूमा महिलावादी नेतृत्व विकास सम्बन्धमा स्पष्टता गराउँनु यस सत्रको मुख्य उद्देश्य रहेको छ।**

**क्रियाकलापः**

- नेपालको महिलावादी अभियान्ताको जीवन कथाबाट सत्रलाई अगाडी बढ्उँने। यसको लागि सहजकर्ताले नेपालका केहि महिलावादी अभियान्ताहरुको जीवन कथा संकलन गर्ने र यो कथा सहभागिलाई छलफल गराउँन सकिन्छ।
- अथवा महिलावादी अभियान्ताहरुलाई तालिम सत्रमा आमन्त्रित गर्ने र वहाँको जीवन अनुभव भन्न लगाउँने र सहभागीहरुलाई स्पष्ट गराउँने।

### सन्दर्भ सामाग्री

### महिलावाद के हो ?

मिहलावाद शब्दले लैंगिक समानतालाई केन्द्रमा राख्दै महिला तथा यौंनिक तथा लैंगिक अल्पसंख्यकहरूमाथि हुने सामाजिक विभेद, असमानत तथा विभेदकारी सामाजिक संरचना विशेषतः पितृसत्तालाई चुनौती दिने र लैंगिक समानता स्थापित गर्ने अवधारणा र सिद्धान्त हो।

महिलावादीले विषेशतः जैविक लिङ्ग, लैंगिकता, विभेद, उत्पीडन र शक्ति सम्बन्ध जस्ता कुराले सृजना गरेका समस्याहरुलाई महिलावादी सिद्धान्तका आधारमा समस्याहरूलाई बुझ्ने र समाधान गर्ने तरिका हो ।

अर्थात महिलावाद एक सामाजिक, राजनीतिक र वैचारिक आन्दोलन हो, जसले महिला र पुरुषबीचको समानता स्थापित गर्ने उद्देश्य राखेको हुन्छ । यसले महिलामाथि हुने लैंगिक विभेद, पितृसत्तात्मक सोच र विभेदकारी संरचनाहरूको विरोध गर्दै समातनाको लागि आवाज उठाउँदछ । महिलावादले केवल महिलाको पक्षमा मात्र होइन यसले लैंगिक न्याय र समाजमा हुने र भई रहेका असमानता तथा विभेदहरु हटाउँदै सबैका लागि समान अवसर सुनिश्चित गर्न पैरवि गर्छ । महिलावाद सबै लिङ्गका व्यक्तिहरूलाई समान अधिकार र अवसर सुनिश्चित गर्ने एक सोच हो । महिलावादले विविध महिलाहरूका अनुभव, पहिचान, ज्ञान र क्षमतालाई सम्मान गर्छ र सबै महिलाहरूलाई उनीहरूको अधिकार प्राप्त गर्न सशक्त बनाउने प्रयास गर्छ ।

**के जो कोही महिलावादी हुन सक्छ त ?**

महिलावादी हुनुको अर्थ हो सबै लैंगिक पहिचान भएका सबै व्यक्तिहरूका लागि समानतापूर्ण व्यवहार गर्नु हो र यो पुरुषहरूलाई कमजोर वा विभेद गर्ने अवधारणा होइन । महिलावादले महिलाहरू पुरुषहरूभन्दा ठुलो हो भन्दैन र यो नारीत्व लाई त्याग्ने पर्छ पनि भन्दैन त्यसैले यस्तो कुरामा विश्वास गर्दै सोही अनुसारको विचार धारण र व्यवहार गरेने व्यक्ति महिलावादी हुन सक्छ ।

महिलावादको अर्थ कुनै व्यक्तिको अनुभव अरूको भन्दा बढी महत्त्वपूर्ण छ भन्ने होइन र को कति दुःखी वा पीडित छ भन्ने तुलना पनि गर्ने अवधारणा पनि होइन, यो त समाजमा महिला र पुरुष दुबैलाई असमानताले कसरी असर पारिरहेको छ भन्ने बुझ्ने र सिक्ने एक प्रक्रिया हो । नारीवाले समानताले कसैलाई पछाडि पार्दैन भन्ने कुरामा विश्वास राख्छ । समामजमा रहेका विभिन्न प्रकारका विभेदहरूः जस्तै जात, वर्ग, धर्म, क्षमता, लैंगिकता आदिको आधारमा गरिने विभेदहरू हटाउँन र महिला अधिकारलाई संस्थागत गर्दै सबै महिलाहरूले बीना कुनै भेदभाव स्रोत साधनको लाभ लिन सकुन भन्ने सुनिश्चित गर्ने एक उपाय हो ।

**महिलावादले उठाउँने प्रमुख सवालहरूः**

- लैंगिक भेदभाव विरुद्ध र लैंगिक समानताका सवालहरू
- घरेलु हिंसा लगायत महिला तथा यौनिक तथा लैंगिक अल्पसंख्यक भएका कारण हुने हिंसा, यौनिकता र शरीरीक स्वायत्तताको अधिकारका सवालहरू
- असमान शक्ति सम्बन्धका र पितृसत्ता सवालहरू
- स्रोत साधनमाथिको समान पहुँच, वितरण र लाभको समानता सवालहरू
- कामको मूल्य र श्रम विभाजनमा रहेका असमानताका सवालहरू

- पहिचान र विविधताका सवालहरू आदि

## सत्र १८ महिलावादी नेतृत्व अवधारणा र दृष्टिकोणबाट सामूहिक नेतृत्व Feminism and Collective Leadership

**समयः १ घण्टा ३०**

**उद्देश्यहरुः**

सहभागीहरुलाई महिलावादी नेतृत्वको अवधारणा बुझाउँदै यसको मूल्य मान्यता, सिद्धान्त के कस्तो हुन्छ भन्ने बारे जानकार बनाउँने । स्वचेतना र आत्मजागरण विकास गराउँन सहभागीहरूलाई आफ्नो व्यक्तिगत अनुभव र आन्तरिक शक्ति पहिचान गर्न उत्प्रेरित गर्ने । समावेशी, सामुहिक र सशक्त नेतृत्व विकास कसरी गर्ने भन्ने व्यवहारिक सीपहरू प्रदान गर्दै सहभागीहरूलाई आफ्नो समुदायमा परिवर्तनको संवाहक बन्न प्रेरित गराउँनु नै यस सत्रको मुख्य उद्देश्य रहेको छ ।

**क्रियाकलापः**

- नेपालमा महिलावादी दृष्टीकोण नेतृत्व गरिरहेका वा महिलावादी अभियानमा लामो समय अनुभव भएका व्यक्तिलाई बोलाई अनुभव आदानप्रदान गर्न लगाउँने ।
- अथवा कुनै जीवन्त उदाहरणहरू प्रस्तुत गरि छलफल गराउँन सकिन्छ ।
- अथवा सहभागीहरु स्तर हेरी उनिहरुलाई आत्म-मूल्यांकन गर्ने अभ्यास गराउँने र आफ्नो शक्ति, सुधार गर्नु पर्ने पक्ष, पूर्वाग्रह र अनुभवहरूबारे लेख्ने वा बोल्ने अभ्यास गराउँन पनि सकिन्छ । यसको लागि केहि प्रश्नहरुः
    - तपाई आफुलाई कस्तो देख्नु हुन्छ जस्तैः तपाईको क्षमता शिप उपलब्धि आदि
    - तपाईले के राम्रो गर्नु भएको छ
    - कस्तो चुनौतीहरुको सामना कसरी गर्नु भएको छ
    - तपाईको सबै भन्दा सवल पक्ष केहो र यसलाई कामयमै राख्न आफैले के गर्नु पर्छ
    - भविष्यको बारेमा के सोच राख्नु भएको छ आदि ।

यो अभ्यास गराउँदा उनिहरुलाई अभियान्ता भएर सोच्न लगाउँनु पर्दछ ।

- अथवा विभिन्न सिनेमा आदि देखाएर सहभागीहरुलाई यस विषयमा स्पष्टता गराउँन सकिन्छ । तर यसको लागि सहकर्ताले पुर्व तयारी गरि कस्तो सिनेमा त्यसको संकलन गर्नु पर्दछ ।

**सन्दर्भ सामाग्री**

### महिलावादी नेतृत्व के हो

परम्परागत नेतृत्व अर्थान पितृसत्तात्मक नेतृत्वशैलीले कुनै पनि ठाउँमा आफ्नो प्रभुत्व जमाउँने,अरुलाई अधीनमा राख्ने र आफुलाई सधै शक्तिशाली स्थानमा राख्ने गर्दछ अर्थात यस्तो नेतृत्वले आफुले केही पाएको छ भने आरुको भाग कम हुनु पर्छ भन्ने मान्यता राख्छ।

तर महिलवादी नेतृत्वले खुम्चीएर रहेको सम्बन्धलाई रूपान्तरण गर्न खोज्छ र हामी अरूलाई सशक्त, सक्षम र सम्मानित बनाउँदै आफू पनि शक्तिशाली हुन्छौं भन्ने शैलीको अपनाउँछ। महिलावादी नेतृत्वले अरूमाथि शक्ति जमाउने होइन, बरु अरूसँग मिलेर शक्ति प्रयोग गर्ने गर्दछ जसले घरपरिवारदेखि संसारलाई परिवर्तन गर्न सहयोग मिल्छ। महिलावादी नेतृत्व एउटा रूपान्तरणाकारी नेतृत्व हो, जसले यो विश्वास लिन्छ कि महिलाहरूले गर्ने नेतृत्वशैली फरक हुन्छ जसले विशेषत आर्थिक, सामाजिक र राजनीतिक सत्ता प्रणालीमा रहेका विभेदलाई हटाउँने प्रयास गर्छ।

## महिलावादी नेतृत्व किन

महिलावादी नेतृत्व केवल सिद्धान्त वा विचार होइन, यो व्यवहारमा उतार्ने शैली हो त्यसैले लैंगिक समानता तथा सामाजिक न्यायका लागि यो महत्वपूर्ण छ। महिलावादी नेतृत्वले अंगाल्ने कार्यशैलीहरु यस्ता हुन्छन :

- महिलावादी नेतृत्व नारीवादी मूल्य र सिद्धान्तहरूसँग मेल खान्छ यसले जसरी हामी भन्छौं, त्यसैगरी गर्छौं भन्ने प्रतिवद्धता लिन्छ।
- लैंगिक समानता र सामाजिक न्याय प्राप्तिको जे जस्तो काम गर्दा सृजनात्मक, ऊर्जाशिल, समर्पित र सामूहिक प्रयास पर्छ। महिलावादी नेतृमा शक्तिको बाडफाड हुन्छ र अरुलाई सशक्त बनाउँने र सामुहिक शक्तिमा विश्वास राख्छ।
- महिलावादी नेतृहरूले सबैको विचार, क्षमता र अनुभवको कदर गर्छन अरूलाई नियन्त्रण नगरि यसले सबैलाई आत्मविश्वासका साथ योगदान दिन प्रेरित गर्छ।
- यस्ता नेतृहरूले जस्तोसुकै चुनौतीको बेला नआत्तिन आफ्ना सहकर्मिहरुलाई प्रेरित गर्छ र सबैलाई विना कुनै संकोच, डर, लाज वा भेदभाव बिना आफ्ना भावना, आवश्यकता, विचार साथै गल्ति कमजोरी राख्न प्रेरित गर्छ।
- महिलावादी नेतृत्वले सामूहिक शक्तिमा विश्वास राख्छ।

महिलावादी नेतृत्व समानता, सम्मान, सहयोग र परिवर्तनको आधार हो त्यसैले यो शैली हो र यसले हामीलाई न्यायपूर्ण र समावेशी समाज निर्माण गर्न सहयोग मिल्छ।

## महिलावादी दृष्टिकोणबाट सामूहिक नेतृत्व

सामूहिक नेतृत्व महिलावादी मूल्यहरूसंग स्वाभावले नै मेल खान्छ जहाँ निर्णय लिने अधिकार एउटै व्यक्तिमा मात्र केन्द्रित नभइ, यसले सबैको योगदानलाई सम्मान गर्द छ। यसका प्रमुख विशेषताहरू हुन्:

- परिणामहरूको साझा जिम्मेवारी
- विकेन्द्रित शक्ति संरचना
- जीवनका अनुभवप्रति सम्मान
- भूमिकाहरू घुमाइरहने पद्धति
- पारदर्शी संवाद प्रणाली

यस मोडेलले विशेष गरी महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका महिला र अन्य सिमान्तकृत समुदाय जसका आवाजहरु सशक्त बनाउँछ, परम्परागत शक्ति संरचनालाई तोड्न सहयोग गर्छ।

**३. महिलावादका चुनौतीहरू**

यद्यपि महिलावादी सामूहिक नेतृत्व दृष्टिगत रूपमा प्रेरणादायी र रूपान्तरणकारी छ तर यसमा पनि केही चुनौतीहरू रहेको पाईन्छ। **जस्तै:**

- सहमतिको आवश्यकता भएकाले निर्णय प्रक्रियामा ढिलाइ हुन सक्छ।
- कामको असमान बाँडफाँटले एक जनालाई मात्र बढी शारिरीक तथा मानसिक बोझ पर्न सक्छ।
- यस्ता मोडेलहरूलाई समर्थन नगर्ने संस्थागत संरचनाबाट प्रतिरोध आउन सक्छ आदि।

**सत्र १९ नेपालको महिलावादी आन्दोलन र विविध अधिकारका आन्दोलनहरुको अन्तर सम्बन्ध र सुधारका पक्षहरु विश्लेषण**

**समयः १ घण्टा ३०**

**उद्देश्यहरुः**

- महिलावादी आन्दोलनको इतिहासबारे जानकार हुनेछन्।
- महिलावादी आन्दोलनको उपलब्धीबारे बुझ्ने छन्।
- महिलावादी आन्दोलनको चुनौतिहरूको विश्लेषण गर्नेछन्।
- महिलावादी आन्दोलनलाई सशक्त बनाउन पहल गर्नेछन्।

**विधिः** सामूहिक छलफल, प्रस्तुति।

**आवश्यक सामग्रीहरूः** चार्ट पेपर, मार्कर पेन, पावर प्वाइन्ट, हाते माइक, ह्वाइट बोर्ड आदि।

**सन्दर्भ सामाग्री**

**विश्व महिला आन्दोलनः**

- सन् १८३० मा सर्वप्रथम अमेरिकी महिलाहरू दासताका विरुद्ध सङ्गठित भएर आवाज उठाएको पाइन्छ।
- सर्वप्रथम न्युजिल्याण्डले सन् १८९३ मा महिलाहरूलाई मताधिकार दियो।
- सन् १९५० सम्म युरोपियन, अमेरिकन तथा अन्य राष्ट्रमा महिलालाई मताधिकार दिइयो।
- सन् १९५० को दशकमा महिला आन्दोलन बढी सङ्गठित र लक्ष्य निर्धारणमा साथ अघि बढेको पाइन्छ।
- सन् १९६० को दशकमा महिला आन्दोलन बढी सङ्गठित भएको पाइन्छ।
- सन् १९६३ मा विटी फ्राइडनद्धारा प्रकाशित 'द फेमिनिन मिस्टिक' पुस्तकमार्फत महिला विभेद तथा तिनको अवस्थाको बारेमा प्रकाश पारेको छ।
- सन् १९७० को दशकमा महिला आन्दोलनमा स्वायत्तताको लागि संघर्ष अगाडी बढाइयो।
- सन् १९७५ लाई संयुक्त राष्ट्र सङ्घले महिला वर्षका रुपमा मनाइसकेपछि विश्वव्यापी रुपमा महिलासँग सम्बन्धित विभिन्न मुद्दाहरू उठाइए।
- सन् १९७९ मा महिलाविरुद्धका सबै किसिमका भेदभाव हटाउने महासन्धि घोषणा गर्यो।
- सन् १९९० को दशकमा महिला आन्दोलन मानव अधिकारको पक्षसँग पनि जोडिन पुग्यो।
- सन् १९९५ को सेप्टेम्बरमा चीनको राजधानी बेइजिङमा चौथो अन्तराष्ट्रिय महिला सम्मेलन सम्पन्न भयो

**नेपालमा महिला आन्दोलनः**

- वि.स. १९७४ मा योगमाया न्यौपानेले बालविवाह, बहुविवाह लगायतका सामाजिक कुरीतिविरुद्ध आवाज उठाउँदै सहादत दिएकी थिइन्। वि.स.१९७४ मा दिव्यादेवी कोइराला, दुर्गादेवी दिक्षित, मेलवादेवी, तुलजादेवी र योगमाया कोइरालाको संयोजकत्वमा नेपालको इतिहासमा पहिलो महिला समिति गठन भयो।
- वि.स.२००२ मा चन्द्रकान्ता मल्लले नारी जागरण केन्द्रको स्थापना गरी त्यसबाट महिला विभेदका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरेको थियो।
- वि.स.२००४ मा मंङ्गलादेवी सिंहको अध्यक्षतामा महिला संङ्घको स्थापना भएको थियो। यसले महिलाहरूको राजनैतिक अधिकारका लागि राणा विरोधी आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेको थियो।
- सन् १९५० मा पुण्य प्रभादेवीको अध्यक्षतामा अखिल नेपाल महिला संङ्घको गठन भएको थियो।

- वि.स.२००७ सालमा प्रजातान्त्रिक व्यवस्थाको शुरुवात भइसकेपछि महिला आन्दोलन अरु बढी सशक्त हुन पुगेको थियो ।
- वि.स.२००८ सालमा राजा त्रिभुवनले बनाएको ३५ सदस्यीय सल्लाहकार सभामा महिला प्रतिनिधित्व नगराइएकोले त्यसको महिला संङ्गठनहरूले विरोध गरे ।
- वि.स.२०११ सालमा पुनर्गठित सल्लाहकार सभाका ४ जना महिलाहरुलाई प्रतिनिधित्व गराइएको थियो ।
- वि.स.२०१५ सालमा भएको प्रतिनिधि सभाको चुनावमा द्धारिकादेवी ठकुरानी विजय भई तत्कालीन मन्त्रिमण्डलमा उनको सहभागिता रहेको थियो ।
- उनी नेपालको पहिलो महिला मन्त्री बनिन् ।
- वि.स.२०१७ सालमा पञ्चायती व्यवस्था लागू गरियो ।
- त्यसपछि महिला आन्दोलन शिथिल हुन पुग्यो
- सन् १९८७ मा श्रम तथा समाज कल्याण मन्त्रालयअन्तर्गत महिला विभागको गठन गरियो ।
- वि.स.२०४६ सालको जनआन्दोलनमा महिला सङ्गठनहरूको निकै महत्वपूर्ण तथा नेतृत्वदायी भूमिका रह्यो ।
- वि.स.२०४७ सालमा बनेको नेपाल अधिराज्यको संविधानले लिङ्गका आधारमा महिला र पुरुषलाई कुनै भेदभाव नगर्ने कानूनी मान्यताको प्रतिस्थापन गर्यो ।
- सन् १९९५ मा महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना भयो ।
- स्थानीय राजनीतिमा २० प्रतिशत महिलालाई आरक्षण दिईयो ।
- वि.स. २०५१ सालदेखि १० वर्षे माओवादी जनयुद्धको सुरुवात भएको थियो ।
- वि.स. २०४७ सालपश्चात् खुलेका महिलावादी संस्थाहरू जसले सम्पत्तिमा समान अधिकार, नागरिकतामा समान अधिकार, घरेलु हिंसाविरुद्ध अभियान, वादी आन्दोलन, कमलरी आन्दोलन तथा निरन्तरको अभियान, पैरवी गरे ।

  **जस्तैः**

- टेवाको महिलाकोष, महिला सुरक्षा दबाब समूह
- महिला रक्षक सञ्जाल, अस्मिता महिला प्रकाशन गृह
- बियोन्ड बेइजिङ्ग कमिटि नेपाल, संकल्प, साथी, दलित महिला संघ,
- अन्तरपार्टी महिला संजाल, महिला एनजियो फेड्रेसन

- अन्तरपुस्ता महिलावादी मञ्च, मितिनी नेपालदलित महिला केन्द्र नेपाल आदि







जनमत संग्रहको समयमा चितवनमा भएको आमसभालाई संबोधन गर्दै ।



**महिला आन्दोलनको उपलब्धिहरू:**

- नागरिकतामा लैङ्गिक समानता ।
- राजनीतिमा महिला प्रतिनिधित्वको ग्यारेन्टी ।
- निजामती सेवामा महिलालाई ३३ प्रतिशत आरक्षणको व्यवस्था ।
- महिलालाई अंश र वंशमा समान अधिकार ।
- प्रजनन स्वास्थ्यको अधिकार ।
- विभेदकारी कानूनहरूको खारेजी ।
- लैङ्गिक उत्तरदायी बजेट विनियोजनको व्यवस्था ।
- सीमान्तकृत महिला (दलित, अपाङ्गता लगायतका लागि शिक्षा र स्वास्थ्यमा विशेष व्यवस्था)



**महिला आन्दोलनको चुनौतीहरू:**

- महिला आन्दोलन केन्द्रिकृत भयो।
- महिला आन्दोलन केही खास समुदाय र वर्गमा सीमित हुन पुग्यो।
- महिला आन्दोलनले सीमान्तकृत महिलाको फरक मुद्दालाई समेट्न सकेन।
- महिला आन्दोलनमा राजनीतिकरण भयो।
- महिला आन्दोलन एनजिओकरण र परियोजनामुखी भयो।
- महिला आन्दोलन पुस्तान्तरण भएन।
- महिला आन्दोलनले ग्रामीणभेगको महिलासम्म पुग्न सकेन।
- महिला आन्दोलन अङ्ग्रेजी बोल्ने सभ्रान्त वर्गमा सीमित हुन पुग्यो।
- महिला आन्दोलनले महिलाको पारिश्रमिक बिनाको कार्य, पितृसत्ता लगायतका विषयहरूमा बहस छलफल ल्याउन सकेन।

**अबको बाटो:**

- महिला आन्दोलनले महिलाको साझा र फरक मुद्दालाई समग्ररुपले उठान गर्नुपर्छ।
- महिला आन्दोलन बटम टु टप अपरोचमा जानुपर्छ।
- महिला आन्दोलन हस्तान्तरण हुनुपर्छ।
- महिला आन्दोलन पुस्तान्तरण हुनुपर्छ।
- महिला आन्दोलन परियोजनामुखी नभएर मुद्दामा केन्द्रित हुनुपर्छ।
- महिला आन्दोलनले सबै वर्ग, जात र क्षेत्रको महिलालाई समेट्नुपर्छ।
- महिला आन्दोलन राजनीतिक दबाब र प्रभावबाट मुक्त हुनुपर्छ।
- महिलाका मुद्दामा सबै महिला तथा सीमान्तकृत महिला एकजुट हुनुपर्छ।

**Reflection and Roadmap**

**सत्र २० विषयः पैरवी अवधारण,आवश्कता, प्रक्रिया र चरण साथै पैरवी योजना बनाउने प्रक्रिया**
**समयः१ घण्टा ३० मिनेट**

**उद्देश्यः** सहभागीहरूले पैरवी अवधारणा प्रति समझ बुझाईको विकास गर्ने र पैरवीका उपकरणहरू प्रयोग गर्न सक्ने बनाउनु यस सत्रको मुख्य उद्देश्य रहेको छ । साथै यस सत्रबाट सहभागीहरूलाई पैरवी कसरी गर्ने सम्बन्धमा आवश्यक सीपहरु जस्तैः पैरवीको मुद्दा/सवालको प्राथमिकरण, समन्वय, नीतिगत विश्लेषण, पैरवी योजना आदि बारे स्पष्टता गराउँने उद्देश्य रहेको छ।

**क्रियाकलापः** सहजकर्ताले यो सत्र संचालन गर्दा पैरवीको परिभाषाबाट गर्दा उपयुक्त हुन्छ । यसको लागि सहभागीको स्तर अनुसार स्पष्ट बुझ्ने गरि परिभाषा तयार गर्नु पर्छ ।

अथवा सहजकर्ताल् पैरवीसंग सम्बन्धित शब्दहरु तयार गरेर सहभागीहरुलाई त्यो शब्दमा वहाँहरुको बुझाइ के छ भनि

छलफल गराउँन पनि सकिन्छ ।

अथवा कुनै पत्र पत्रिका आएका पैरवी सम्बन्धिका समाचार काटेर त्यसलाई एउँटा पैवीमा उपयुक्त हुने पोस्टर बनाउनु लगाउँन पनि सकिन्छ ।

**सन्दर्भ सामाग्री**

**पैरवीको अवधारणा**

पैरवी भन्नाले नीतिगत, सामाजिक वा कानुनी परिवर्तन ल्याउनका लागि सरकार, नीति निर्माता, संघ संस्थालाई प्रभाव पार्ने एक प्रक्रिया हो । खास गरि समुदायमा पछाडी पारिएका वर्ग तथा समुदायहरूको हक अधिकार सुनिश्चित गर्नका लागि पैरवी गरिन्छ । पैरवी एउँटा रणनीति हो जसले नीतिहरूमा प्रभाव पार्दछ र यो मुख्य रूपमा नीति निर्णयकर्ताहरूलाई प्रभाव पार्ने विषयमा केन्द्रित हुन्छ ।

अर्थात पैरवी भन्नाले नागरिकहरूद्वारा सार्वजनिक नीतिहरू र कार्यक्रमहरूको निर्माण र कार्यान्वयनमा प्रभाव पार्नका लागि राज्यका निकायहरू, अन्तर्राष्ट्रिय संस्थाहरू र अन्य शक्तिशाली निकायहरूलाई मनाउने र दबाब दिने संगठीत प्रयासहरू हो । पैरवीमा कुनै विशेष समूह वा समाजका लागि महत्वपूर्ण विषयहरूमा निर्णयकर्तासम्म पहुँच प्राप्त गर्न र तिनमा प्रभाव पार्न गरिने विविध क्रियाकलापहरूलाई समेटिन्छन । साथै पैरवी भन्नले को साधारण विभिन्न संघसंस्थाहरुले नीति निर्माताहरुलाई समाजको आवश्यकता अनुसारका नीति नियमहरु बनाउन, भएका तर आवश्यकता अनुसार छैन भने संशोधन गर्न र भएका नीति नियमहरुको प्रभावकारी कार्यान्वयन गर्न तर्फ सचेत र उन्मुख गराउँनका लागि सामूहिक रुपमा प्रयोग गर्ने एउटा रणनीति हो ।

**नागरिक सहभागिताको उपकरणको रूपमा पैरवी**

वकालत नागरिकहरूले सरकार तथा अन्य शक्तिशाली निकायहरूको निर्णय प्रक्रियामा वास्तविक सहभागिता जनाउन प्रयोग गर्ने एउटा उपकरण हो। यो निर्वाचन, खुला मञ्च, विशेष आयोगहरू जस्ता निकायहरुसँगै नागरिक समाजका विभिन्न क्षेत्रहरूले आफ्ना एजेन्डाहरू अगाडि सार्न र सार्वजनिक नीतिहरूमा प्रभाव पार्न प्रयोग गर्ने तरिका हो, जसले उनीहरूको जीवनमा असर पार्ने विषयहरूमा लोकतान्त्रिक र प्रणालीगत तरिकाले निर्णय प्रक्रियामा भाग लिन सक्ने बनाउँछ। जस्तैः


**नागरिक सहभागिता हुनका लागि आवश्यक कुरा:**

- आन्तरिक लोकतन्त्र, मानवीय तथा आर्थिक स्रोतहरू
- चेतना, सर्घष र इच्छाशक्ति, विश्वास र योग्यता
- विभिन्न क्षेत्र, सामाजिक-आर्थिक वर्ग, जाति/समुदायहरूलाई एकसाथ ल्याउने क्षमता
- ठूलो संख्यामा समुदायिक परिचालित गर्ने क्षमता, सक्षम नेतृत्व
- राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूसँग सम्बन्ध विस्तार
- आम नागरिकको सहयोग प्राप्त आदि।

**पैरवीको किन**

- वञ्चितकरणमा परेका समुदायको आवाज नीति निर्माता समक्ष पुऱ्याउन साथै नीतिगत सुधार ल्याउन
- सामाजिक न्याय सुनिश्चित गर्न र कानुनी/प्रशासनिक क्षेत्रमा कुनै अवरोध भए त्यो हटाउँन दबाव दिन
- स्रोत साधन तथा सेवा र अवसरमा पहुँच सुनिश्चित गर्न आदि।

**तलको चित्रबाट पैरवीबारेमा अझ स्पष्ट हुन सकिन्छः**



**पैरवीका चक्र**

१ समस्याको पहिचान

२ सवाल प्रतिको जानकारी संकलन, अनुसन्धान तथा तथ्य र प्रमाण संकलन

३ लक्ष्य निर्धारण अर्थात हामीले गर्ने पैरवीबाट के परिवर्तन हुन्छ

४ नीतिनिर्माणकर्ता र सरोकारवालाको पहिचान अर्थात निर्णयकर्ता को को हुन र हामीले कसलाई प्रभावित पर्नु पर्छ

५ पैरवी सन्देश तयार गर्ने जुन स्पष्ट, सशक्त र प्रमाणमा आधारित हुनु पर्छ

६ कुन माध्यमबाट पैरवी गर्ने (जस्तै: छलफल तथा बैठक , संचार माध्यम, अभियान आदि)


७ संचार रणनीति तयार गर्ने जुन लक्ष्य समूहले सहजै बुझने र उनिहरुको पहुँच पुग्ने

८ कार्यान्वयन तालिका तय गरिएको योजना अनुसार क्रियाकलाप सञ्चालन

९ परिणामको मूल्यांकन गरि र आवश्कयता अनुसार सुधार गर्ने

*थप स्पष्टताको लागिः यदि कुनै समुदायमा बालबालिकाले विद्यालय जान नपाएको समस्या छ भने र हाम्रो पैरवीले यो मुद्दामा के प्ररिणामा ल्याउँछ भन्ने पहिल नै तय भएको हुनु पर्दछ।*

१० उद्देश्य निर्धारण गर्ने अर्थात हामीले के परिवर्तन चाहेको हो भनि स्पष्ट हुने यसको लागि SMART लक्ष्यहरू राख्नु पर्दछ अर्थान Specific, Measurable, Achievable, Relevant, Time-bound हुनु पर्दछ। उदाहरणको लागिः हामीले गरेको पैरवीले अर्को ६ महिनाभित्र १०० जना बालबालिकालाई विद्यालय जान प्रेरित गर्ने।




**लक्षित समूहको पहिचान**

- नीति निर्माता र स्थानीय समुदाय, विद्यालय र मिडिया आदि हुन सक्छन ।

**सरोकारवाल वा सहयोगी साझेदारहरू को को हुन**

- उठाएको सवालको पक्षमा रहेका वा त्यसको समर्थन गर्ने व्यक्ति वा संस्थाको पहिचान पहिल नै हुनु पर्दछ र यी मध्य कसको समर्थन हाम्रो लागि अति आवश्यक छ भन्ने विश्लेषण भएको हुनु पर्दछ ।

**सन्देश के र कस्तो र कसरी दिने**


- दिन खोजेको मुख्य सन्देश के हो र यस्ता सन्देशहरु प्रभावकारी र सबैको लागि सहयोग मिल्ने हुनु पर्दछ साथै हामीले तथ्यगत र स्पष्ट सन्देश बनाउनु पर्दछ ।
- कुन माध्यम प्रयोग गर्ने पहिल नै स्पष्ट हुनु पर्दछ । जस्तैः
    - सामाजिक संजाल तथा संचार मध्यमद्धारा अभियानमुलक विधि अपनाउँने हो कि
    - सामुदायिक बैठक गर्ने हो कि
    - अन्तरक्रियात्मक कार्यक्रमहरू आदिको माध्यमबाट गर्ने हो कि । यस्तो कुरामा पहिले नै स्पष्ट हुन पर्दछ ।

**समय तालिका तयारी:** कुन गतिविधि कहिले गर्ने र यसको लागि प्राथमिकता के हो

**स्रोत र बजेट:** आवश्यक स्रोतहरू के-के हुन् (जनशक्ति, आर्थिक, सामग्री) र बजेटको व्यवस्थापन कसरी गर्ने कहाँ कहाँबाट जुटाउँने।

**मूल्यांकन र अनुगमन:** प्रगति अर्थात उपलब्धिहरु कसरी मापन गर्ने, सफलताको सूचक के-के हुने, प्रतिक्रिया कसरी लिने र सुधार गर्ने आदि सबै कुरा पहिले नै पैरवी योजनाको बेला तय भएको हुनु पर्दछ।

अर्थात पैरवी समस्या केन्द्रत होइन सवाल केन्द्रित हुनु पर्दछ किनकी समस्या केन्द्रित पैरवीले अवस्थामा मात्रै परिर्वतन ल्याउँछ भने सवाल केन्द्रित पैरवीले हैसियतमा परिर्वतन ल्याउँछ। जस्तै:




**पैरवी योजना नमुना**

| |
|---|
| पैरवीको सवाल |
| लक्ष्य |
| उदेश्य |
| के गर्ने |
| के सन्देश दिन |
| कहिले गर्ने |
| प्रगती र उपलब्धिको सूचक के हो |
| सम्भावित जोखिम के हुन सक्छ |
| अनुगमन तथा मुल्याङ्नको जिम्मेवारी |

**सत्रः २१ पैरवी र महिलावादी आवाजको सुदृढीकरण**
**समयः१ घण्टा ३० मिनेट**
उद्देश्यहरूः

- पैरवी र महिलावादी आवाज सुदृढीकरण गर्ने तरिकाबारे थाहा पाउनेछन् ।
- महिलाका आवाजहरूलाई सार्वजनिक सुनवाई, मागपत्र, अभियान, बहस छलफल आदि माध्यमबारे जानकार भइ सरोकारवालासँग पुर्याउन पहल गर्नेछन् ।
- महिलावादी अभिलेखीकरण तथा मागपत्र बनाउन जान्नेछन्

**सत्र सञ्चालन विधिः** व्यक्तिगत अनुभव साटासाट, छलफल, नाटक, पेपर प्रस्तुति आदि ।
**आवश्यक सामग्रीहरूः** प्रोजेक्टर, ल्यापटप, हवाइट बोर्ड, मार्कर पेन, चार्ट पेपर, हाते माइक, पावर पोइन्ट आदि ।

**क्रियाकलापः**

- सामूहिक कार्यको लागि हरेक समूहमा चारदेखि पाँच जना सहभागीहरू राखि पाँच वटा समूहमा विभाजन गर्ने
- सबै समूहमा सहभागीहरूको आपसी सहमतिले एउटा सहजकर्ता छनोट गर्ने
- छलफलको लागि महिलावादी संवाद, पैरवीमञ्च सिर्जना, सार्वजनिक सुनवाई, मिडिया र सामाजिक सञ्जाल विषय छनौट गर्न दिने,
- सबै समूहलाई आफ्नो आफ्नो विषयवस्तुमा तयारी गर्ने समय दिने ।
- सबै समूहले आफूले पाएको विषयवस्तुमा नाटक गरेर देखाउने । जस्तै संवाद समूहले संवादको नाटक गर्ने, सार्वजनिक सुनवाईको समूहले सार्वजनिक सुनवाईको नाटक गरेर देखाउने ।
- सहजकर्ता सबै समूहलाई नाटक गर्न सहजीकरण गर्ने ।

**सार्वजनिक सुनवाई गर्दै गरेको तस्वीर**




व्याख्यात्मक क्रियाकलापः
पैरवी वा महिलावादी आवाज सुदृढीकरणः

- कुनै पनि समुदाय वा समूहका आवश्यकता वा माग पुरा गराउनका निम्ति गरिने योजनाबद्ध क्रियाकलाप नै पैरवी हो।
- पैरवीको माध्यमबाट नीति निमार्ण र कानून कार्यान्वयन गर्न पहल गर्न सकिन्छ।
- राज्यबाट उपलब्ध स्रोत साधन र अवसरमा पहुँच बढाउन दबाब दिन सकिन्छ।
- सरोकारवाला तथा नीति निमार्ताहरुलाई महिलावादी योजना बनाउन तथा कार्यान्वनको लागि माग गर्न सकिन्छ।
- यो एक लोकतान्त्रिक पद्धति हो साथै यो नागरिक केन्द्रित हुने गर्दछ।

**पैरवी तथा महिलावादी आवाज सुदृढीकरणका माध्यमहरू:**

**महिलावादी संवादहरू:**
विभिन्न सरोकारवालाहरूलाई एकै मञ्चमा ल्याएर महिलावादी विषयमा छलफल र बहस गराउन महिलावादी मञ्च तयार गर्ने। महिलावादी संवाद गर्नुपूर्व महिलावादीहरूले महिलाका आवश्यकता र विषयवस्तुबारे पूर्व तयारी गर्नुपर्दछ जस्तैः स्थानीय तहको बजेट निर्माणमा लैङ्गिक उत्तरदायी बजेटको छलफल छ भने त्यसबारे जानकार हुने। यसरी हुने संवादले महिलाका आवश्यकताबारे सरोकारवालाहरूमा पनि सजगता आउँछ र महिलावादीहरुले पनि आफ्ना आवाज सशक्त बनाउँछ।

**पैरवीमञ्च सिर्जना गर्ने:**

महिलाहरूको साझा मागपत्रको निमार्ण गर्ने । मागपत्र तयार गर्न महिलाभित्रको विविधतालाई प्रतिनिधित्व हुने गरी समाहित गर्ने । महिलाहरूको विषयलाई हरेक सरकारले समाहित गरेर अगाडि बढोस् र कोही पनि पछि नपरुन् भन्ने उद्देश्यका साथ पैरवी गर्ने । सीमान्तकृत समुदायका मागहरूलाई विशेष पहलको प्राथमिकतामा राख्ने । साझा मागपत्रलाई तीनै तहका सरकारसमक्ष प्रस्तुत गर्ने । साझा मागपत्रलाई सरोकारवालाहरूले पालना गरेको छ कि छैन, त्यसलाई हेर्नको लागि अनुगमन र मुल्यांकन गर्ने । यदि छैन भने, यसलाई कार्यान्वयन गर्नको लागि फेरी पनि दबाब सिर्जना गर्ने ।

**सार्वजनिक सुनवाईः**

सेवाग्राही र सेवाप्रदायक दुवैलाई एकै मञ्चमा राखेर छलफल गराइन्छ । जस्तैः स्थानीय तहका महिलाहरूको कृषिमा के कस्तो समस्या छ, त्यसबारे उनीहरूले स्थानीय जनप्रतिनिधिसमक्ष पालो पालो आफ्नो बिचार राख्ने गर्दछन् । उनीहरूको समस्या सुनेपछि स्थानीय तहका जनप्रतिनिधिहरूले त्यसलाई सम्बोधन गर्ने बाचा गर्दै, के कस्तो सेवा सुविधाहरू उपलब्ध छन र कसरी प्राप्त गर्न सकिन्छ त्यसबारे जानकारी दिइन्छ । यसरी एकै ठाउँमा हुने दोहोरो संवादले सेवाप्रदायकलाई जिम्मेवार बनाउँछ भने सेवाग्राहीलाई सचेत बनाउँछ । सार्वजनिक सुनवाई कार्यक्रममा प्रतिवद्धता जनाएको विषय पुरा भए नभएको अनुगमन र मुल्यांकन गरी पुरा गर्न फेरी पहल गर्नुपर्दछ ।

**सार्वजनिक सुनवाईको महत्वः**

- सार्वजनिक सुनवाईले सेवा प्रदायक र सेवाग्राहीलाई एकै ठाउँमा ल्याउन मद्दत गर्दछ, जसले सेवाग्राहीको समस्या र आवश्यकता सेवा प्रदायकले प्रत्यक्षरूपमा थाहा पाउँछन् ।
- सेवाग्राहीको आवश्यकताबारे थाहा पाएर नीति तथा योजनामा महिलाका लागि योजना बनाउने छन् ।
- योजना बनाउँदा महिलाका आवश्यकताका साथै महिलाभित्रका सीमान्तकृत महिलाका आवश्यकतालाई विशेष तरिकाले योजनामा संलग्न गर्न मद्दत मिल्दछ ।
- सार्वजनिक सुनवाईले सेवा प्रदायकले महिलाका सरोकारको विषयमा गरेको प्रतिबद्धताले उनीहरूलाई जिम्मेवार बनाउँछन् ।
- सार्वजनिक सुनवाईमा प्रतिबद्धता पुरा गरे नगरेको बारे अनुगमन र मुल्यांकन गरी पुरा गर्नको लागि दबाव सिर्जना गर्न मद्दत मिल्दछ ।

**सञ्चार र सामाजिक सञ्जालः**

महिलावादी आवाज सुदृढीकरण गर्ने सशक्त माध्यम, सञ्चार र सामाजिक सञ्जाल पनि हो । जस्तैः महिलाका मुद्दा र आवश्यकताकाबारेमा पत्रपत्रिका, टेलिभिजन, रेडियोमार्फत सूचना र प्रचारप्रसार गर्ने । त्यस्तै फेसबुक, युट्युब आदि माध्यमबाट महिलावादी आवाज बुलन्द गर्ने ।

**महिला संस्थाका भूमिका तथा जिम्मेवारी:**

- महिलावादी आवाज सुदृढ गर्न महिलाका आवश्यकता र सेवा सुविधाका विषयमा समय समयमा महिलावादी संवाद आयोजना गरेर सेवा प्रदायकलाई जिम्मेवार बनाउन पहल गर्ने ।
- लैङ्गिक उत्तरदायि बजेट, कार्यक्रम, ऐन कानून निमार्ण गर्नको लागि महिलावादी मागपत्र निमार्ण गरेर दिने र कार्यन्वयनको लागि दवाब सिर्जना गर्ने ।
- महिलावादी पैरवी मञ्च तयार गरी महिलालगायत सीमान्तकृत समुदायका महिलाहरूलाई सेवा सुविधामा पहुँच बढाउन पैरवी गर्ने ।
- महिला सशक्तिकरणका लागि सेवा प्रदायकसँग समन्वय र सहकार्य गर्ने ।
- महिलाका आवश्यकता र समस्याकाबारे सञ्चार माध्यम तथा सामाजिक सञ्जालमार्फत पनि आवाज बुलन्द गर्ने ।

## अनुसूचि १

## पूर्व र पश्चात प्रशिक्षण प्रश्नावलीहरू (Pre and Post-Test)

१) सामुदायिक सुरक्षाजालोलाई कसरी बुझ्नु हुन्छ ?

क) समाजमा रहेका संस्थाहरूको समूह

ख) समाजमा कुनै पनि आपत् विपत् परेको वेला एक अर्कालाई सहयोग गर्ने

ग) राज्यले समाजमा दिएको सुरक्षा व्यवस्था

घ) प्रहरीहरूको संगठन

२) लैङ्गिक समानता प्राप्त गर्न के के गर्नुपर्छ ?

क) राजनीतिमा महिला सहभागिता बढाउनुपर्छ ।

ख) पैतृक सम्पत्तिमा समान अधिकार दिनुपर्छ ।

ग) महिलाविरुद्धको हिंसा अन्त्य गर्नुपर्छ ।

घ) माथि उल्लेख गरिएको सबै ।

३) पितृसत्तात्मक सोच र व्यवहार कसले गर्छ ?

क) पुरुषले मात्र गर्छ ।

ख) महिलाले मात्र गर्छ ।

ग) महिला र पुरुष दुवैले गर्न सक्छ ।

घ) महिला पुरुष कसैले पनि गर्दैन ।

४) लैङ्गिक उत्तरदायी बजेट कसका लागि हुन् ?

क) महिलाका लागि मात्र हुन् ।

ख) महिला पुरुष दुवैका लागि हुन् ।

ग) यो बनाउने जिम्मेवारी केवल सरकारका हो ।

घ) माथिका कुनै पनि होइन ।

५) महिलावादी आवाज कसरी सुदृढ गर्न सकिन्छ ?

क) महिलाका विषयमा क्षमता विकास गरेर ।

ख) सबै महिलाहरू सङ्गठित भएर ।

ग) महिलावादी पैरवी मञ्च निर्माण गरेर ।

घ) माथिका सबै ।

## अनुसूची २

## पूर्व र पश्चात प्रशिक्षण प्रश्नावलीहरू (Pre and Post-Test)

## महिलावादी अवधारणागत तालिम

१) महिलावाद भन्नाले के बुझ्नु हुन्छ ?

२) तपाईंको विचारम समानता र न्याय एउँटै हो वा फरक छ ? फरक हो भने के फरक छ लेख्नु होस ।

३) सामूहिक नेतृत्व (Collective Leadership) व्यक्तिगतको साटो कस्तो नेतृत्वलाई जोड दिन्छ ?

४) सामूहिक नेतृत्वका प्रमुख विशेषताहरू के हुन ?

५) नेतृत्व सधैं पुरुषले गर्नुपर्ने हो भन्ने सोच कति सहमत हुनुहुन्छ?

- पूर्ण रूपमा सहमत
- केही सहमत
- असहमत
- बिल्कुलै असहमत

**६) नेपालमा महिलावादी आन्दोलन कहिले सुरु भयो ?**

- २००७ सालको प्रजातन्त्र प्राप्तिपछि
- १९९० सालमा
- २०६३ सालमा
- २०१५ सालमा

७) महिलावादको मुख्य सिद्धान्त र मान्यताहरू के-के हुन ?

**८) महिला सशक्तीकरण भित्र तलका मध्य कुन कुरा पर्दैन ?**

- शिक्षा
- आर्थिक स्वतन्त्रता
- हिंसा सहनु
- राजनीतिक सहभागिता
- सबै पर्छ

**९) महिलावादको मुख्य उद्देश्य के हो?**

- पुरुषहरूलाई कमजोर बनाउने
- महिलालाई सधैं घर भित्रको कामामा सीमित राख्ने
- महिला र पुरुषबीच समानता स्थापना गर्ने
- केवल महिला र महिला सम्बन्धलाई मात्र प्रोत्साहन गर्ने

**१०) महिलावादी दृष्टिकोणबाट लैंगिक विभेद भन्नाले के बुझिन्छ ?**

- केवल पुरुषमाथि हुने भेदभाव
- लैंगिक समानता
- लिङ्गका आधारमा हुने असमान व्यवहार
- धर्मका आधारमा हुने विभेद

**११) महिलामाथि हुने घरेलु हिंसा कस्तो प्रकारको मुद्दा हो ?**

- केवल पारिवारिक
- व्यक्तिगत

- लैंगिक समानताको मुद्दा
- शैक्षिक समस्या

**१२) पितृसत्तात्मक समाज भन्नाले के बुझिन्छ ?**

- महिलाको अधिपत्य भएको समाज
- पुरुषको अधिपत्य भएको समाज
- प्रजातान्त्रिक समाज
- वर्गविहीन समाज

**१३) महिलावादले कसको अधिकारको वकालत गर्छ ?**

- केवल बालबालिकाको
- केवल वृद्धहरूको
- महिलाको बराबरी अधिकार
- सैन्य अधिकार

## अनुसूची ३
## पूर्व र पश्चात प्रशिक्षण प्रश्नावलीहरू (Pre and Post-Test)
## लैगिक मान्यता र हेरचाह कार्य Social norms and Care Work

**१ यौनिक पहिचान भनेको के हो ?**

- पुरुष महिला र पुरुषप्रति यौनिक व्यवहारका लागि आकर्षित हुने
- पुरुष महिलाप्रति यौनिक व्यवहारका लागि आकर्षित हुने
- महिला महिलाप्रति यौनिक व्यवहारका लागि आकर्षित हुने
- माथिका सबै

**२ यौनिक तथा लैंगिक अल्पसंख्यक भनेको के हो**

- यो एउटा रोग हो
- यी सबै मानिसहरू हिंसक वा असामाजिक हुन्छन्
- यौनिक झुकाव जन्मजात हो, निर्णयको कुरा होइन
- माथिका सबै

**३ लैंगिक भूमिका भनेको के हो**

- घरधन्दा र सरसफाइको काम महिला वा केटीको हो
- केटाहरुले बाहिर काम गर्नु र कमाएर ल्याउनु हो
- महिलाहरू घर बाहिरका हरेक कामकाज गर्न सक्छन र उनिहरुले देशको अर्थतन्त्रमा योगदान पुर्याउँन सक्छन
- माथिका कुनै पनि होईन

**४ तपाईंको विचारमा हेरचाहमुलक कार्य अर्थान 'केयर वर्क' भनेको के हो ?**

- बच्चा स्याहार गर्ने काम
- बृद्धबृद्धा वा बिरामीको हेरचाह गर्ने काम
- घरधन्दा तथा घरभित्रका जिम्मेवारीहरू
- माथिका सबै

**५ के केयर वर्क सबैको साझा जिम्मेवारी हो ?**

- हो
- होइन
- थाहा छैन

**६ तपाईंको विचारमा सामाजिक मान्यताले (social norms) केयर वर्कमा कस्तो भूमिका खेल्दछ ?**

- विभेदकारी
- समान अवसर दिने
- दुवै
- थाहा छैन

**७ तपाईंको विचारमा केयर वर्कलाई तलब वा आर्थिक मूल्य दिनुपर्छ ?**

- हो
- होइन
- थाहा छैन

**अनुसूची ४**

**पूर्व र पश्चात प्रशिक्षण प्रश्नावलीहरू (Pre and Post-Test)**

**नीति निर्माण Policy and Practice**

**१) नीति निर्माण प्रक्रियाको पहिलो चरण कुन हो ?**

- मूल्याङ्कन
- कार्यान्वयन
- समस्याको पहिचान
- बजेट निर्माण

**२) कुनै नीति लागू गर्दा सबैभन्दा बढी चुनौती के हुन्छ ?**

- विज्ञ जनशक्ति अभाव
- प्राविधिक उपकरण
- सहभागीको अभाव
- मौसमको चुनौती

**३) तलमध्ये कुन उपाय नीतिगत अभ्यासका चुनौती कम गर्न सहसहयोगी हुन्छ ?**

- कर्मचारीलाई तालिम दिनु

- नीतिहरु गोप्य राख्नु
- नेतृत्व परिवर्तन
- बिनायोजना बजेट खर्च गर्नु

**४) नीतिहरु प्रभावकारी बनाउन कुन कुन तत्व अनिवार्य हुन्छ ?**

- अनुगमन र मूल्याङ्कन
- प्रेस विज्ञप्ति
- विरोध प्रदर्शन
- अनौपचारिक छलफल

**५) लैंगिक समानता प्रवर्द्धनमा स्थानीय को भूमिका के के हो ?**

- बजेट रोक्नु
- महिला सहभागिता कम गर्नु
- महिला र पुरुषबीच असमानता बढाउनु
- नीति, कार्यक्रम र बजेटमा लैंगिक दृष्टिकोण समावेश गर्नु

## अनुसूची ५
## पूर्व र पश्चात प्रशिक्षण प्रश्नावलीहरू (Pre and Post-Test)
## लैंगिक मान्यता र हेरचाह कार्य Social norms and Care Work

**१ यौनिक पहिचान भनेको के हो ?**

- पुरुष महिला र पुरुषप्रति यौनिक व्यवहारका लागि आकर्षित हुने
- पुरुष महिलाप्रति यौनिक व्यवहारका लागि आकर्षित हुने
- महिला महिलाप्रति यौनिक व्यवहारका लागि आकर्षित हुने
- माथिका सबै

**२ यौनिक तथा लैंगिक अल्पसंख्यक भनेको के हो**

- यो एउटा रोग हो
- यी सबै मानिसहरू हिंसक वा असामाजिक हुन्छन्
- यौनिक झुकाव जन्मजात हो, निर्णयको कुरा होइन
- माथिका सबै

**३ लैंगिक भूमिका भनेको के हो**

- घरधन्दा र सरसफाइको काम महिला वा केटीको हो
- केटाहरुले बाहिर काम गर्नु र कमाएर ल्याउनु हो
- महिलाहरू घर बाहिरका हरेक कामकाज गर्न सक्छन र उनिहरुले देशको अर्थतन्त्रमा योगदान पुर्याउँन सक्छन
- माथिका कुनै पनि होईन

**४ तपाईंको विचारमा हेरचाहमुलक कार्य अर्थान 'केयर वर्क' भनेको के हो ?**

- बच्चा स्याहार गर्ने काम
- बृद्धबृद्धा वा बिरामीको हेरचाह गर्ने काम
- घरधन्दा तथा घरभित्रका जिम्मेवारीहरू
- माथिका सबै

**५ के केयर वर्क सबैको साझा जिम्मेवारी हो ?**

- हो
- होइन
- थाहा छैन

**८ तपाईंको विचारमा सामाजिक मान्यताले (social norms) केयर वर्कमा कस्तो भूमिका खेल्दछ ?**

- विभेदकारी
- समान अवसर दिने
- दुवै
- थाहा छैन

**९ तपाईंको विचारमा केयर वर्कलाई तलब वा आर्थिक मूल्य दिनुपर्छ ?**

- हो
- होइन
- थाहा छैन

८ हाम्रो **समाजमा केयर वर्क प्रति कस्तो दृष्टिकोण रहेको पाईन्छ ?**

- सम्मानजनक काम मानिन्छ
- महिलाले गर्नुपर्ने सामान्य काम मानिन्छ
- श्रमको रुपमा गनिँदैन
- थाहा छैन

**अनुसूची ६**

**पूर्व र पश्चात प्रशिक्षण प्रश्नावलीहरू (Pre and Post-Test)**

रणनीतिक हस्तक्षेप **Strategic Intervention**

**१ रणनीतिक हस्तक्षेप भनेको के तलको मध्य के हो**

- दूरदृष्टियुक्त योजना
- उपलब्ध स्रोतहरूलाई अधिकतम उपयोग
- छोटो समयका लागि मात्र प्रभाव पार्ने
- सर्वेक्षण वा मूल्याङ्कन वा अनुगमन बिना नै गरिने काम

**२ समुदायस्तरमा भएका योजनाहरू कसरी तय गरिन्छन**

- जनप्रतिनिधीहरु छलफल गरि
- नीतिगत स्पष्टता बिना बजेट खर्च
- महिला, दलित, वृद्ध, युवा, अपांगता भएका व्यक्ति आदि संग छलफल र सहभागी गराएर
- समस्याहरू प्राथमिकिकरण गरेर तत्काल समाधान गर्नुपर्ने योजना बनाएर

३ स्थानीय तहहरुमा लैंगिक हिंसा निवारण कोषको व्यवस्था गरिएको हुन्छ भन्ने कुरा तपाईलाई थाहा छ ? यदि थाहा छ भने यो कोषबाट कस्ता व्यक्तिहरुले सेवा लिन पाउँछन?

- थाहा छ
- थाहा छैन
- यस कोषबाट पछाडी पारिएको वर्गले सेवा पाउँदछ
- हिंसा पिडितले सेवा पाउँदछ
- गरिबले सेवा पाउँदछ

**४ राज्यले हिंसा प्रभावित व्यक्तिकालागि के कस्तो व्यवस्था गरेको छ**

- निशुल्क कानुनी उपचार
- उनिहरो गोपनीयताको सुनिश्चितता
- अस्पतालमा आधारित एकद्धार संकट व्यवस्थापन केन्द्र
- माथिका कुनै पनि होइनन

**५ लैंगिक हिंसा प्रभावितहरुका लागि सेवा प्रदायक निकायहरू तलका मध्य कुन कुन हुन**

- वडा कार्यालय
- प्रहरी कार्यालय साथै महिला सेल
- नगरपालिका
- नेपाली सेना